# विप्रेषणले जीविकोपार्जनमापारेको सामाजिकप्रभाव

## (उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७ को एक समाजशास्त्रीयअध्ययन)

त्रिभुवनविश्वविद्यालयअर्न्तगत समाजशास्त्रविषयको स्नातकोत्तर तहको उपाधिप्राप्तिको
आंशिकआवश्यकता परिपूर्तिका लागि प्रस्तुतशोधपत्र


प्रस्तुतकर्ता

लालकुमारी राई

परिक्षा रोल नं : २८३१९७

रजिष्ट्रेसननं : ६-२-२२४-८७-२०१३



त्रिभुवनविश्वविद्यालय

समाजशास्त्र केन्द्रीयविभाग

कीर्तिपुर, काठमाडौं



२०७९



विप्रेषणले जीविकोपार्जनमापारेको सामाजिकप्रभाव(उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७ को एक समाजशास्त्रीयअध्ययन) लालकुमारी राई २०७९

# घोषणा

प्रस्तुत**विप्रेषणले जीविकोपार्जनमापारेको सामाजिकप्रभाव**(**उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७ को एक समाजशास्त्रीयअध्ययन**)विषयको शोधपत्रअन्यकुनै उपाधिवाप्रयोजनकालागि प्रस्तुतगरिएको छैन । यो शोधपत्र मेरो आफ्नै मौलिक अनुसन्धानहो । यसमा प्रस्तुतगरिएकाविषयवस्तु विगतमा पूरा भई बुझाइएका अनुसन्धानप्रतिवेदनभन्दा फरक छन् । अन्य स्रोतबाट लिइएका र सारसंक्षेपीकरण गरिएका सामग्रीहरु सन्दर्भसूचीमाउल्लेख गरिएको छ ।

मिति :

.......................................

**लालकुमारी राई**

**त्रिभुवनविश्वविद्यालय**

**मानविकीतथा समाजशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रियविभाग**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिस - पत्र

त्रिभुवनविश्वविद्यालय,मानविकीतथा समाजशास्त्र संकायको समाजशास्त्र केन्द्रियविभागअर्न्तगत समाजशास्त्रबिषयको स्नातकोत्तर तह पुरा गर्ने प्रयोजनकालागि मेरो निर्देशन र परिक्षणमा लालकुमारी राईले **विप्रेषणले जीविकोपार्जनमापारेको सामाजिकप्रभाव** ( **उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७ को एक समाजशास्त्रीयअध्ययन**)विषयकशोधपत्रतयार गर्नु भएको हो । त्यसैले म उहाँको कार्यप्रति सन्तुष्ट छु र आवश्यकमुल्याङ्कनकालागिसिफारिस गर्दछु ।

मिति :    /   /

................................

केशवसिलवाल

(शोधनिर्देशक)

समाजशास्त्र केन्द्रियविभाग

त्रिभुवनविश्वविद्यालय

कीर्तिपुर, काठमाण्डौं ।

**त्रिभुवनविश्वविद्यालय**

**मानविकीतथा समाजशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रियविभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति - पत्र

समाजशास्त्रविषयको स्नातकोत्तर तह पुरा गर्नको लागि छात्रा लालकुमारी राईले **विप्रेषणले जीविकोपार्जनमापारेको सामाजिकप्रभाव** (**उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७ को एक समाजशास्त्रीयअध्ययन**)विषयमाशोधपत्र मेरो निर्देशन र सुपरिवेक्षकमा सम्पन्नपार्नु भएकोमा यो शोधपत्रलाई स्वीकृत गरिएको छ ।

**शोधपत्रमूल्याङ्कन समिति**

_______________

विभागीयप्रमुख

सह-प्रा. डा. युवराज लुइटेल

_______________

शोधनिर्देशक

केशवसिलवाल

_______________

बाह्य निरीक्षक

उप प्रा. सुदिप सिंह नकर्मी

मिति : ........................

# कृतज्ञता ज्ञापन

प्रस्तुतशोधपत्रत्रिभुवनविश्वविद्यालय, समाजशास्त्र संकाय/केन्द्रीयविभागकीर्तिपुर अन्तर्गत समाजशास्त्रविभागको स्नातकोत्तर तहको आंशिकआवश्यकता पुरा गर्नको लागितयार पारिएको हो ।

सर्वप्रथमत्रिभुवनविश्वविद्यालयमानविकीतथा समाजशास्त्र संकायअन्तर्गत स्नातकोत्तर तहको उपाधिप्राप्त गर्नको लागि**विप्रेषणले जीविकोपार्जनमापारेको सामाजिकप्रभाव(उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७ को एक समाजशास्त्रीयअध्ययन)**शिर्षकमातयार पारिएको प्रस्तुतशोधपत्रकालागिअमूल्य समय प्रदान गरी उचितनिर्देशन, सल्लाह, सुझावएंवप्रतिकृया दिई यस शोधकार्यलाई उचितमार्ग निर्देशन गर्नुहुने शोध निर्देशक आदणीय गुरुवर केशवसिलवाल, प्रति कृतज्ञता ज्ञापन गर्दछु । र म उहाँको यो सहयोग प्रति सदैव ऋणी छु ।

मेरो शोधकार्यमाआवश्यक सल्लाह र सुझावप्रदान गर्नु हुने यस समाजशास्त्र केन्द्रीयविभागकाविभागियप्रमुख, आदणीय गुरु प्रा.डा. युवराज लुइटेल ज्यू, तथा समाजशास्त्र केन्द्रीयविभागका सम्पूर्ण आदरणीय गुरुजनहरु प्रतिहार्दिक कृतज्ञता प्रकट गर्दछु ।

यस अध्ययन संग सम्बन्धितप्रश्नावलीमाआफ्नो अमूल्य समय दिई पतिक्रियादिनुहुने कटारी नगरपालिका वडा नं. ७ का धर्मभकारी गाउँबासीकाउत्तरदाताहरुलाई हार्दिक धन्यवाददिन चाहन्छु ।

यसरी नै व्यवहारिक समस्यासंग संघर्ष गर्दै आफ्नो अमूल्यश्रम र पसिनाखर्चेर मेरो अध्ययनलाई उच्चशिक्षामापाइला टेकाई हौसला र प्रेरणाका साथविश्वविद्यालयशिक्षासम्म पुऱ्याउन सफलहुनुहुने पुजनीयबुबा महेन्द्र बहादुर राई, आमा स्व. कमला राई, दाई केन्द्र कुमार राई र भाई चेतन राई प्रति हृदयदेखि नै खुसीव्यक्तगर्दछु । त्यसै गरि मेरो सम्पूर्ण कार्यमाविभिन्नतवरबाट हौसलाप्रदान गर्नुहुने श्रीमान् त्रिदेब राई लाई हृदयदेखि नै धन्यवाददिन चाहान्छु ।

अन्त्यमाविभिन्न पक्षबाट सहयोग पुऱ्याउनु हुने मेरा सम्पुर्ण परिवारका सदस्यहरु, ईष्टमित्र, नातेदारहरु र मेरा शुभचिन्तकहरुलाई हार्दिक आभार प्रकट गर्दै मेरा सहपाठी साथीभाई प्रतिधन्यवाद ज्ञापन गर्दछु । त्यसै गरि ... त्रलाई शुद्धताका साथ सुरु देखि अन्त्य

सम्म शुद्धताको चेकजाँचगरि प्रीन्ट गरिदिनु हुने कम्प्युटरको दाई विशालमहर्जनलाई विशेष धन्यवाद प्रकट गर्न चाहान्छु ।

लालकुमारी राई

२०७९

# विषय सूची


| | |
|---|---|
| | **पृष्ठ सं.** |
| **घोषणा** | **क** |
| **सिफारिस - पत्र** | **ख** |
| **स्वीकृति - पत्र** | **ग** |
| **कृतज्ञता ज्ञापन** | **घ** |
| **विषय सूची** | **च** |
| **तालिका सूची** | **झ** |
| **अध्याय एक : परिचय** | **१–७** |
| १.१ अध्ययनको पृष्ठभूमी | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ५ |
| १.४ अध्ययनको औचित्य | ५ |
| १.५ अध्ययनको संगठनात्मक स्वरुप | ६ |
| **अध्याय दुई : पूर्व साहित्यको अध्ययन** | **८–२०** |
| २.१ वैदेशिक रोजगार र विप्रेषणको अवधारणात्मक समिक्षा | ८ |
| २.२ सैद्धान्तिक समिक्षा | १६ |
| २.२.१ वैदेशिक रोजगारको सिद्धान्त | १६ |
| २.२.२ जीविकोपार्जनसंगको सिद्धान्त | १७ |
| २.३ निष्कर्ष | २० |
| **अध्याय तीन : अध्ययन विधि** | **२१–२५** |
| ३.१ अनुसन्धानको ढाँचा | २१ |
| ३.२ अध्ययन क्षेत्रको छनौट र औचित्य | २१ |
| ३.३ तथ्याङ्कको प्रकृति तथा स्रोतहरु | २२ |
| ३.४ समग्रता र नमुना छनौट | २२ |
| ३.५ तथ्याङ्क सङ्कलन विधि | २३ |
| ३.५.१ अन्तरवार्ता | २३ |
| ३.५.२ अवलोकन | २४ |

३.५.३ वैयक्तिक अध्ययन २५
३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण २५
३.७ अध्ययनको सिमा २५
**अध्याय चार : अध्ययन क्षेत्रको भौगोलिक तथा सामाजिक परिचय २६–३७**
४.१ भौगोलिक परिचय २६
४.२ सामाजिक परिचय २७
४.३ पारिवारिक विवरण २७
४.४ सहभागीहरुको उमेरगत बनावट २७
४.५ पारिवारिक संरचना २९
४.६ जमीनको अबस्था ३१
४.७ सहभागीहरुको पेशा विवरण ३२
४.८ सहभागीहरुको शैक्षिक विवरण ३३
४.९ वैदेशिक रोजगारमा संलग्नता ३४
४.१०वैदेशिक रोजगारमा जानु पर्ने कारण ३५
४.११ आम्दानी ३६
**अध्याय पाँच : विप्रेषणले जीविकोपार्जनमा पारेको सामाजिक प्रभाव ३८–५८**
५.१ विप्रेषणले जीविकोपार्जनमा पारेको प्रभाव ३८
५.१.१ पेशामा आएको परिवर्तन ३८
५.१.२ स्वास्थ्यमा आएको परिवर्तन ३९
५.१.३ खानामा आएको परिवर्तन ४२
५.१.४ पोशाक ४४
५.१.५ परम्परामा आएको परिवर्तन ४५
५.१.६ चाडपर्वमा आएको परिवर्तन ४७
५.२ सीप ४९
५.३ विप्रेषणलाई समाजले हेर्ने दृष्ट्रिकोण ५०
५.४ वैयक्तिक अध्ययन ५२
५.५ विश्लेषण ५८

**अध्याय छ : अध्ययनको सारांशतथा निष्कर्ष** **५९–६२**
६.१ सारांश ५९
६.२ निष्कर्ष ६२
**सन्दर्भसूची**
**प्रश्नावली**

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं. १ : | वैदेशिक रोजगारमा संलग्न घरपरिवार मुलीहरुको उमेर/लिङ्गगत जनसंख्याको विवरण | २८ |
| तालिका नं.२ : | वैदेशिक रोजगारमा संलग्न भई फर्किसकेकाहरुको उमेरगत विवरण | २९ |
| तालिका नं ३ : | वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको पारिवारिक संरचनाको विवरण | ३० |
| तालिका नं. ४ : | वैदेशिक रोजगारमा संलग्न घरपरिवारको जमिनको विवरण | ३१ |
| तालिका नं. ५ : | वैदेशिक रोजगारमा संलग्न परिवारको पेशागत पारिवारिक विवरण | ३३ |
| तालिका नं. ६ : | वैदेशिक रोजगारमा संलग्न भएका व्यक्तिहरुको शैक्षिक विवरण | ३४ |
| तालिका नं ७ : | वैदेशिक रोजगारमा संलग्न लैङ्गिक विवरण | ३५ |
| तालिका नं. ८ : | वैदेशिक रोजगारमा जाने कारणहरुको विवरण | ३५ |
| तालिका नं. ९ : | वैदेशिक रोजगारमा संलग्न भए पछि घरपरिवारलाई पठाउने मासिक रकम (विप्रेषण) को विवरण | ३७ |
| तालिका नं. ९ : | विप्रेषणले पेशामा पारेको परिवर्तन सम्बन्धी विवरण | ३९ |
| तालिका नं. १० : | वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको कारण स्वास्थ्यमा आएको परिवर्तनको विवरण | ४० |
| तालिका नं. ११ : | वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको कारण खानपानमा आएकोपरिवर्तनको विवरण | ४१ |
| तालिका नं. १२ : | वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको कारणले पोशाक( लुगा,गरगहना)मा आएको परिवर्तनको विवरण | ४३ |
| तालिका नं. १३ : | वैदेशिक रोजागरबाट प्राप्त विप्रेषणको कारण सामाजिक परम्परा कार्य/चाडबाड मनाउने चलनमा आएको परिवर्तनको विवरण | ४५ |
| तालिका नं. १४ : | वैदेशिक रोजगारमा संलग्न भए पछि विप्रेषणको कारण चाडपर्वमाआएको परिवर्तनको विवरण | ४६ |
| तालिका नं. १५ : | आर्जित (कमाएको) रकम (विप्रेषण) उपयोगको विवरण | ४७ |
| तालिका नं. १६ : | वैदेशिक रोजगारमा गए पछि सीप सीकेर फर्कीनेहरुको विवरण | ४९ |

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

समान्यतयाकुनै स्थानबाट कुनै पनिप्रयोजनको लागिअर्को स्थान सम्म पैसा पठाउने कार्यलाई विप्रेषण भनिन्छ । विप्रेषण अथवा (रेमिटेन्स) बाह्य देशमाकार्यरत नागरिक द्धारा आफ्नो देशमाप्रवाहहुने पूँजी, नगदवावित्तहो । जब आप्रवासीहरुले आफ्नो कमाइको हिस्सा घरमानगदवा सामानको रुपमा परिवारलाई पठाउछन् भनेत्यसलाई विप्रेषण भनेर चिनिन्छ ( पौडेल,२०७६)।

जीवननिर्वाहकालागिआफ्नो देशको सिमाबाहिर गएर गरिने पेशाव्यवसायवाकाम नै वैदेशिक रोजगार हो । वैदेशिक रोजागारमाजानमानिसहरु आफु बसीरहेको स्थानमाविभिन्न सेवा सुविधाहरुको अभाबभएमातथाजीविकोपार्जनकालागिन्युनतम स्रोत साधनहरु उपलब्धहुननसकेको अवस्थामानागरिकहरु सोही स्थानमा बस्न रुचाउदैनन् । शिक्षा, स्वास्थ्य, सञ्चार, पूर्वाधार लगायतकाआधारभूतआवश्यकताहरु नभएका स्थानमामानिसहरु प्रवासनमाजानवा त्यहाँबाट बसाइसराई गर्न बाध्य हुन्छन् । जीवनयापन गर्नका लागिअवसर, बातावरण र स्रोतसाधनउपलब्धभएका स्थानमामानिसहरु आन्तरिक वाबाह्य रुपमाप्रवासीत हुन्छन् । तसर्थ प्रवासनको प्रत्यक्ष सम्बन्धजनजीविका संग जोडिएको हुन्छ । आर्थिक, सामाजिक र व्यवसायिक रुपबाट जीवनस्तर माथिउकास्नकालागि नै व्यक्तिले बसीआएको ठाँउ छोडी आन्तरिक वाबाह्य, अस्थायी वा स्थायीबसोबास गर्न प्रवासनमाजाने भएकाले प्रवासन र जीविकोपार्जन बिच अत्यन्तै निकट सम्बन्ध हुन्छ (पौडेल,२०७५) ।

लिम्बु,(२०७१) वैदेशिक रोजगारले नेपाली समाजमापारेको प्रभाव सम्बन्धितविषयमा सोधपत्रमाविप्रेषण र जीविकोपार्जन सम्बन्धी लेख्नु भएको छ । जसमावर्तमान समयमाजीविकोपार्जनकालागिमानिसहरु प्रवासनमाजाने प्रवृत्ति बढ्दो छ । आपतकालिनमानवीय सेवाकाअतिरिक्तआन्तरिक पारिवारीक गरीबीको न्यूनीकरण जस्ता समस्याका सन्दर्भमा वैदेशिक रोजगारबाट पठाईएको विप्रेषणस (रेमिटेनस) ले ठुलो राहत पुऱ्याएको छ ।

गरुङ्ग,(२०७२) ग्रामीण महिलाको जीविकोपार्जन सुधार लागि लेख्दै भन्नुहुन्छ, जीवनधान्नवागुजारा गर्नका लागिगरिने आर्जन वाकमाई नै जीविकोपार्जन हो । त्यसो त, संसारका सबै मानिसले कुनै न कुनै तरिकाले जीवनधानेकै हुन्छन् । तर जीवनधान्नु भनेको "अहिले खाए भरे के खाऊँ"भन्ने हिसाबले बाँच्नु मात्रहोइन । घर, खाना, लत्ताकपडा, शिक्षा, औषधीउपचार, मनोरञ्जन जस्ता मानिसलाई सम्मान र आरामपूर्वक बाच्नचाहिने आधारभूत कुराहरुको व्यवस्थापन गर्नुलाई जीविकोपार्जन भनिन्छ । मानिसहरु अनेकौं तरिका अपनाएर जीविकोपार्जन गर्दछन् । जीविकोपार्जनकालागि कोहीव्यापार गर्दछन्, कसैले खेतिकिसानी, पशुपालनगर्दछन्, कोही रोजगारी अर्थात नोकरी गर्दछन् भने कसैले उद्यमवाव्यवसायगर्दछन् । उद्यमगर्नेले अरुलाई रोजगारी दिन्छ रआफ्नो जीविकोपार्जन पनिगर्दछ ।

नेपालको सन्दर्भमा हेर्ने हो भने जीविकोपार्जन गर्नका लागि नेपालबाट धेरै मानिसहरु श्रम गर्नको लागिश्रमीक रोजगारमा संलग्नभएका छन् । नेपालमा कृषीले मात्रजीवननधान्ने भएकोले धेरै युवायुवतिहरु विदेशिएका छन् । जसले गर्दाजीविकोपार्जनले क्षमता, पूँजी (भौतिक र सामाजिक) र क्रियाकलापहरुको परिचालन बुझाउँछ । जसबाट आयआर्जनभई जीवनयापन गर्ने आधार प्राप्त हुन्छ । जीविकोपार्जन तब मात्रदिगो हुन सक्छ तब मानवकावर्तमानतथाभविष्यकाआवश्यकताहरु पुरा गर्न प्राकृतिक स्रोतलाई अध्ययन गरी व्यवस्थीततरिकाले उपयोग गर्न सकिन्छ । जीविकोपार्जन तब मात्रदिगो हुन सक्दछ जब हाम्रो क्षमताको अभिवृद्धि गर्नको लागिविविध साधन स्रोतहरुको जस्तो उर्जा, प्रवीधि, प्राकृतिक र आर्थिक स्रोतलाई हामीले उचित रुपामा परिचालनतथाव्यवस्थापन गर्न सक्छौ । बचत र खर्च सम्बन्धी सीपहरु द्धारा जीविकोपार्जन सुधार गर्न सकेको अवस्थामामात्रआर्थिक रुपमामानिसहरुको सशक्तिकरण हुन्छ (पौडेल, २०७५) ।

विशेष गरि यस अध्ययनको मूख्य उद्देश्य भनेको आज नेपालबाट वैदेशिक रोजगारमा हरेक देशकोकुनाकुनामापुग्ने गरेको छ । नेपालमा परिश्रम गर्दा पनिजीवनधान्नधौं-धौं परि वैदेशिक रोजगारीमागई जीवनयापन गर्ने र जीविकोपार्जनको सामाजिक परिवर्तनहरुको विषयमा केन्द्रीतभई अध्ययन गरेको छु ।

## १.२समस्याको कथन

जीविकोपार्जन सन्दर्भमा हेर्दा मानवियविभिन्नआधारभुतआवश्यकताहरु पुरा गर्न वैदेशिक रोजगारमागएकोपाईन्छ । वैदेशिक रोजागारमाजानमानिसहरु आफु बसीरहेको स्थानमा बेरोजगार हुनुपरेमावाविभिन्न सेवा सुविधाहरुको अभावभएमा साथै जीविकोपार्जनकालागिन्युनतम स्रोत साधनहरु उपलब्धहुननसकेको अवस्थामानागरिकहरु सोही स्थानमा बस्न रुचाउदैनन् । त्यसैले त्यहाँबाट बसाइसराई गर्न बाध्य हुन्छन् । जीवनयापन गर्नका लागिअवसर, बातावरण र स्रोतसाधनहरुको आवश्यकहुने भएकाले मानिसहरु आन्तरिक वाबाह्य रुपमाप्रवासीत हुन्छन् । आर्थिक, सामाजिक र व्यवसायिक रुपबाट जीवनस्तर माथिउकास्नकालागि नै व्यक्तिले बसीआएको ठाँउ छोडी आन्तरीक वाबाह्य, अस्थायी वा स्थायीबसोबास गर्न प्रवासनमाजाने भएकाले प्रवासन र जीविकोपार्जन बिच अत्यन्तै निकट सम्बन्ध हुन्छ ।

जीविकोपार्जनकै सिलसिलामाबसाइसाराईको प्रवृतिबाट नेपालकै पूर्वी प्रदेश नं. १ उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७ का युवायुवतीहरुविदेशीएको पाइन्छ । यस ठाउँमा वैदेशिक रोजगार भन्दापहिलाको अवस्थालाई हेर्ने हो भने आम्दानीको स्रोतमा खेतीपातिबाहेक अन्य स्रोत थिएन । जग्गा धेरै हुनेहरुले त वर्षभर खान पुराउथे तर खानबाहेक अन्यआवश्यकहुदा पैसा नहुने, विरामीपर्दा उपचार गर्न नसक्ने, साह्रो गाह्रो पर्दा सरसापट नपाउने, चाडपर्व आउदा, विहेकार्जे हुदाभव्य र सव्य तरिकाले गर्न नसक्ने हुन्थ्यो । अझ खेतीपाति नै नहुनेहरुको लागि त वर्ष भरी खान नै धौँ-धौँ पर्ने गर्दथ्यो । अरुको बटीया गर्नु पर्ने, बटिया गर्दा पनिखाननपुग्ने समस्याथियो । पैसाको साह्रै दुःखहुने गर्दथ्यौ । छोराछोरी पढाउन लेखाउनलाई समस्याहुने, नुन तेल खान सम्म पैसा नहुने, नुनतेलको जोहो गर्नको लागि पैसा बनाउनयहाँकाबासिन्दाहरु आउन र जानहप्तादिनलगाएर छिमेकीजिल्लाओखलढुंङ्गामा चिउरा ढाकरमाबोकेर लगि बेची पैसा बनाउने चलनथियो । दशैतिहार जस्तो महान चाडपर्व आउदाआफ्नो छोराछोरीलाई भने जस्तो लत्ताकपडाहरु लगाइदिन सक्ने स्थीतिथिएन । चाहेर पनिकतिपयले पढाई छाडी कमाउनतिर लाग्दथे ।

हरेक समस्याहरु संग लढ्दा लढ्दै पछि विस्तारै विदेश जाने प्रचलन यस गाउँमा पनि भित्रीयो । विस्तारै युवाहरु आफ्नो पढाईहरुलाई पूर्णविरामदिदै साउदी, कतार, मलेशिया, दुबई तिर लाग्नथाले । जसको कारण दुईचार पैसा कमाउनथाले । विदेशमाहाम्रो युवायुवतिले

गरेको कडा परिश्रमको पारिश्रम आफ्नो आफन्तलाई पठाउन थाले । केहीजीवनगुँजारा गर्नमा सहजताहुदै गयो । एक पछि अर्कोगर्दै विदेश जाने युवाहरुको लर्को लाग्नथाले, पहिलापहिला छोरोमान्छेहरु मात्रविदेश जानुपर्छ भन्ने चलनथियो । तर पछिपछि छोरीमान्छेहरु पनि सहजै विदेश जानथाले । विवाहित र अविबाहितदुवै पक्षकामानिसहरु वैदेशिक रोजगारमाजानथाले ।

विप्रेषणले मानिसहरुकोजीवनशैलीमाप्रभावपारेको छ । यस वैदेशिक रोजगारबाट प्राप्तविप्रेषणका कारण विभिन्नआर्थिक, सामाजिक, राजनैतिक, सांस्कृति,धार्मीक, जातजाति,जीविकोपार्जन आदीजस्ता विषयहरुको खोज अनुसन्धाननभएको भन्ने हैन तर मैले खास गरि विप्रेषणले जीविकोपार्जनमापारेको विशेषगरी सकरात्मक परिवर्तनहरुलाई विशेष जोड दिदै वैदेशिक रोजगारको अबस्था र विप्रेषणको उपयोग जस्ता विषयलाई हेर्नेप्रयत्न गरेकी छु । खास विप्रेषण वैदेशिक रोजगारका कारण नकरात्मक असरहरु नपारेको वानभएको भन्ने हैन तर पनिआज यो गाउँमाजतिपनिमानवीयजीवनजीउन सहज र सरह बनेको छ त्यो  विशेषगरी वैदेशिक रोजगार पछिको विप्रेषणलाई नै मान्न सकिन्छ ।

यसरी विदेशनजाने हो भने यो भन्दा अगाडी १०-१५ वर्ष पहिला कै समय अहिले के खाने भरे के खाने समस्या मै अल्झी रहेको हुने थियो । अरु आधारभुतआवश्यकताहरुको पुरा हुने त झनै सपना नै रहने थियो होला । त्यसैले हिजोको दिनमापनि वैदेशिक रोजगारको आवश्यकताथियो र अहिले पनि छ । जुनदिनानुदिनवैदेशिक रोजगारको प्रवृति बढ्दो छ ।वैदेशिक रोजगारको सम्बन्धआर्थिक पक्षसितहुने भएकोले आर्थिक पक्ष संगै त्यस ठाउँको मानिसहरुकोजीवनजीउने शैलीमा परिवर्तन आएको मैले पाएको कारण **"विप्रेषणले जीविकोपार्जनमापारेको सामाजिकप्रभाव"** यस शिर्षकको बारेमाजीवनयापनमाकस्तो प्रभावपारिरहेको छ ? कस्तो परिवर्तनहरु आइरहेको छ ?विप्रेषण के कस्तो शिर्षकमाखर्च तथालगानीहुने भनीरहेछआदीप्रश्नहरु उत्तर हेर्ने सवाल सहित यो शोध निर्देशितगरिएको छ ।

**जसमा यस अनुसन्धानात्मक प्रश्नबाट निर्देशित छन् ।**

१.उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७मा वैदेशिक रोजगारको अवस्था कस्तो छ?

२.उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७मावैदेशिक रोजगारबाट प्राप्तविप्रेषण कसरी खर्च भइरहेको छ?

३. उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७मा वैदेशिक रोजगारबाट प्राप्तविप्रेषणले मानिसको  जीविकोपार्जनमा के कस्तो असर गरेको छ ?

## १.३अध्ययनको उद्देश्य

कुनै पनिकार्यलाई पूर्णतादिनको लागीअथवा सफल रुपमा सम्पन्न गर्नको लागी उद्देश्यले सहयोग गर्दछ । यस अनुसन्धानात्मकमुलकअध्ययनको उद्देश्य भनेको उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७माबसोबास गर्ने मानिसहरुको जीवनयापनमा वैदेशीक रोजगारबाट भित्रिएको विप्रेषणले जीविकोपार्जनमा कस्तो परिवर्तन ल्याएको छ र त्यस परिवर्तनले समाजमापारेको प्रभावबारेमाजानकारी राख्ने उद्देश्यले यो अध्ययनगरिएको हुनाले यस अध्ययनको उद्देश्यहरु निम्नानुसार छन् ।

- उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७मावैदेशिक रोजगारमाजाने प्रवृति घट्दो छ की बढ्दो छ भनिबुझ्नु ।
- उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७माविप्रेषणआउने र खर्च हुने अवस्था कस्तो छ भनिबुझ्नु ।
- उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७माविप्रेषणले जीविकोपार्जन गर्ने तौरतरिकामाल्याएको परिवर्तन बुझ्नु ।

## १.४अध्ययनको औचित्य

कुनै पनिविषयबस्तु अध्ययन गर्नु पछाडी त्यस विषयको आफैमा एउटा महत्वपूर्ण स्थानहुने हुनाले अध्ययनविश्लेषणको आधारमानै कुनै पनिविषयको बास्तविक रुप,स्वभाव,आकार-प्रकार आएको हुन्छ । यस अध्ययन क्षेत्र अन्तर्गत अध्ययनको उद्देश्य अनुसार राखिएकाप्रश्नहरुलाई आधार बनाएर तथ्याङ्क संकलनविधिहरु जस्तै : अवलोकन, अन्तर्वाता, वैयक्तिगतअध्ययनआदिको प्रयोग गर्दै अध्ययन क्षेत्र उदयपुर जिल्लाको कटारी नगरपालिका वडा नं. ७ का वैदेशिक रोजगारमा संलग्नतथाउनीहरुको पारिवारिक जीवनस्तरमाविप्रेषणले

जीविकोपार्जन गर्ने तौरतरिकामाआएको परिवर्तन र पहिले देखि अहिले सम्मको प्रभावको साथै वैदेशिक रोजगार प्रतिको आकर्षणका विषयमाविविधप्रकारका सूचनालाई आधार बनाएर अध्ययननिष्कर्षको अन्तिम रुप प्रस्तुतगरिने आशा राखेको छु। यस विषयमा स्थानीय स्तरमापर्याप्त अध्ययन अनुसन्धाननभएको र यो अध्ययनपश्चातअध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ता तथा संघ संस्थालाई यो द्धितिय स्रोत हुनसक्छ । यस अध्ययनले भविष्यमाअध्ययन गर्न चाहने अनुसन्धानकर्तालाई मार्ग दर्शनको काम गर्न सहयोग गर्दछ । यतिमात्रनभएर समाजशास्त्रीयहिसाबले वैदेशिक रोजगारीलाई बुझ्ने र अध्ययन गर्न चाहने भावी अनुसन्धानकर्तालाई जीविकोपार्जनमाआएको परिवर्तनहरुको के कस्तो छ भनीयो एउटानयाँजानकारी प्राप्त गर्ने सहयोगीहुन सक्छ ।

### १.५अध्ययनको संगठनात्मक स्वरुप

प्रस्तुतशोधलाई जम्मा ६ अध्यायमाविभाजनगरिएको छ, जस अन्तर्गत अध्यायएकमाशोध पत्रको विषयबस्तुको अध्ययनकालागिविषयवस्तुको सान्दर्भिकतालाई पुष्टी दिने खालको परिचयदिने किसिमको परिचयात्मक पृष्ठभुमीबाट सुरु गरिएको छ । यसका साथै वैदेशिक रोजगार, विप्रेषण र जीविकोपार्जन संग जोडिएको परिचय, समस्याको कथन,अध्ययनको उद्देश्य, अध्ययनको औचित्यआदिको बारेमाउल्लेख गरिएको छ ।

यसैगरि अध्यायदुईमापूर्व साहित्यको अध्ययन गर्ने क्रममा वैदेशिक रोजगार संग सम्बन्धितविप्रेषणका बारेमापाइएको लेख, रचना, पुस्तक, पत्रपत्रिकाका साथै सम्बन्धतविषयमा समाजशास्त्रीय, मानवशास्त्रीयलगायतअन्यव्यक्तिहरुले वैदेशिक रोजगारबाट प्राप्तविप्रेषण सम्बन्धी गर्नु भएको अध्ययनलाई पनिउल्लेख गरिएको छ।

अध्यायतीनमा अनुसन्धान पद्धति अन्तर्गत अध्ययनको लागि कटारी नगरपालिका वडा नं. ७अन्तर्गत वैदेशिक रोजगारमा संलग्नभई विप्रेषण प्राप्त गर्ने व्यक्तिहरुलाई समावेश गराइएको छ। यसका साथै यस अर्न्तगतअध्ययन क्षेत्रको छनौट, अनुसन्धानको ढाँचा, समग्र र नमुना छनौट, तथ्याङ्क संकलनविधिअन्तर्गत अन्रवार्ता, अवलोकन,वैयक्तिकअध्ययन, तथ्याङ्क संकलन र प्रस्तुतिकरण रअध्ययन सीमाकाबारेमाउल्लेख गरिएको छ।

अध्याय चारमाभौगोलिकतथा सामाजिक परिचयअर्न्तगत क्षेत्रको परिचयलगायत यस क्षेत्रमा वैदेशिक रोजगारमा संलग्नभई विप्रेषण प्राप्त गर्नेहरुको सामाजिकविवरण, उमेर, लिङ्गगतविवरण, जमीन, वैदेशिक रोजगारमाजानुपर्ने कारण, आदीको बारेमाउल्लेख गरिएको छ ।

अध्यायपाँचमा वैदेशिक रोजगारबाट आर्जित विप्रेषणको उपभोगले समाजको जीविकोपार्जनमाल्याएको परिवर्तन र प्रभावअन्तर्गत सामाजिक परिवर्तन, जीवननिर्वाहको तौरतरिकाको परिवर्तन, पोशाक, स्वास्थ्य, शिक्षा, खानपान,सामाजिक परम्परा चाडपर्व आदिमाल्याएको परिवर्तनको बारेमाउल्लेख गरिएको छ ।

साथ साथै अध्याय छ मा यस शोधपत्रको लागिजतिपनिअध्ययनतथा अनुसन्धानगरिएको हो त्यसको सिलसिलाबद्ध रुपमा सारांश र निष्कर्षको बारेमाउल्लेख गरिएको छ

# अध्यायदुई

# पूर्व साहित्यको अध्ययन

सम्बन्धित साहित्यको पूर्व समिक्षा यस्तो समीक्षाहो जसले शोधकर्ता गर्नका लागिभित्री ज्ञान तथातरिकाहरु खोजी गर्न अनुसन्धानकर्तालाई सिकाउछ । यहाँशिर्षक संग सम्बन्धित यस भन्दा अगाडीका अध्ययनबाट प्राप्तविषयबस्तुको अध्ययनगरिएको छ । मैले यस विप्रेषण र जीविकोपार्जन विषय संग सम्बन्धित लेख, रचना,समाचार, यस भन्दा अगाडी अनुसन्धानकर्ताहरुले पत्तालगाएका केहीतथ्यबिचार, सिद्धान्त, प्रतिवेदनको पूनरावोलनक गर्ने प्रयास गरेकी छु ।

## २.१वैदेशिक रोजगार र विप्रेषणको अवधारणात्मक समिक्षा

कुनै श्रमिकवाकामदारले विदेशमागएर प्राप्त गर्ने रोजगारीलाई वैदेशिक रोजगारी भनिन्छ । वैदेशिक रोजगारमागएकाव्यक्तिवाकामदारले कमाएर आफ्नो देशमा पठाएको रकमलाई विप्रेषण (रेमिटेन्स) भनिन्छ । विश्वमाकाम गर्नको लागि देशबाहिर जाने प्रचलन ऐतिहासिककालदेखि चलिआएको भएतापनि वैदेशिक रोजगारमाजाने प्रचलननिकै बढेकोसन्दर्भमा नेपालमा वैदेशिक रोजगारी अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ (बस्नेत, २०७५) ।

सीमित रोजगारीकाअवसरहरुले मात्रै धान्न सक्ने अवस्थानहुदा रोजगारीको महत्वलाई आत्मसात गरी आठैं योजना २०४९/०५४ देखि रोजगारीकालागिगन्तव्यमुलुकहरुको खोजी गर्ने प्रक्रियालाई अगाडी बढाइयो । वैदेशिक रोजगारको एक प्रत्यक्षप्रतिफलभनेको विप्रेषण आयहो । जसको प्रभाव स्वरुप नेपालमा सन् १९९५/०९६ मा ४२ प्रतिशतगरिबी रहेको अवस्थामाहाल सन् २०१८/०१९ सम्म आइपुग्दाउक्तगरिबीको रेखामुनी रहेको जनसंख्या घटेर १८.७प्रतिशतमाआउनुको पछाडी वैदेशिक रोजगारीबाट प्राप्तविप्रेषणको महत्वपुर्ण योगदान रहेको छ (पोखरेल २०७७) ।

"नेपालमा वैदेशिक रोजगार" नामकअध्ययनमाविकासोन्मुख मुलुकहरुबाट विकसीतमुलुकहरुमा वैदेशिक रोजगारमाजाने कार्यले विदेशीमुद्राको आर्जन, प्रविधि हस्तान्तरण र बेरोजगारी हलहुने हुँदाविश्व अर्थव्यवस्थामा वैदेशिक रोजगारीको महत्वपूर्ण

स्थान रहने कुरा उल्लेख गरेका छन् । उनकाअध्ययनमा दक्षिण एशियालीएवं सार्कका मुलुकहरुमापनि वैदेशिक रोजगार सेवाको महत्वपूर्ण स्थान रहेको कुरा स्पष्ट पारिएको छ । सार्कका मुलुकहरु मध्ये शाखको योगदान सबभन्दा धेरै पाकिस्तान र त्यस पछि क्रमश:बङ्गलादेश, श्रीलंका र नेपाल पर्दछन् भनीउक्तअध्ययनमाउल्लेख गरिएको छ । उक्तअध्ययनमा वैदेशिक रोजगार व्यवसाय नेपालमा वैकल्पीक र अल्पकालीन रोजगारको माध्यमको रुपमाअबलम्वनगरिनुको साथै यसबाट नेपालीकामदारहरुले रोजगारी पाउने विदेशिमुद्राआर्जन हुने, प्रविधिआदानप्रदानहुनु जीवन स्तरमा सुधार आउने व्यवस्थापनक्षमताको विकास हुने कुरा स्पष्ट पारिएको छ (पण्डित,२०५७) ।

कुमारी,(२०७२) वैदेशिक रोजगार र यसको समाजिक-आर्थिक प्रभावको बारेमाशोधमाभनेकी छिन् । नेपालीहरु विदेशमागएर काम गर्ने प्रचलन सुरुका दिनहरुमा बेलायत, भारत, वर्मा, भुटान, तिब्बत, जस्ता देशहरुमागई सेनामाभर्ति हुने तथाव्यापार गर्न जाने गरेको पाइन्छ । वैदेशिक रोजगारको इतिहास जति नै पुराने भएपनिवि.स. २०४२ सालमा वैदेशिक रोजगार ऐन बने पश्चातकानुनी संयन्त्रनिर्माण गरी वैदेशिक रोजगारीलाई व्यवस्थितबनाउनथालियो । बढ्दो बेरोजगारीको कारणआफ्ना सन्ततीहरुलाई राम्रातथानिजीविद्यालयमा पढाउने चलन वृद्धि भईरहेको छ । तुलनात्मक रुपमा सरकारी विद्यायलमाभन्दानिजीविद्यालयमा पढाई राम्रो हुन्छ भन्ने मान्यताले गर्दा अविभावकहरु निजीविद्यालयतर्फ आकर्षण बढी रहेको देखिन्छ । तसर्थ ती रोजगार वर्गलाई पनिआफ्नो घरायसीआवश्यकता परिपूर्ति गर्न धौं-धौं परिरहेको छ र विदेशमागई धेरै कमाई हुन्छ भनेर भविष्यमाधन सम्पति धेरै जोड्न सकिन्छ भनेर आफ्नो पारिवारीक जीवन सुख पार्न सकिन्छ भनि वैदेशिक रोजगारमाभएका छन् । त्यस्तै अर्धरोजगारी वर्गमापनिआफ्नाआधारभूतआवश्यकता परिपूर्तिमा समस्या परिरहेको छ । तीआधारभूतआवश्यकता परिपूर्ति सहज र सरल हुनुका साथै केहि कमाई बचत गर्न सकिन्छ कीभनि वैदेशिक रोजगारमा संलग्नभएका छन् । अर्का थरी बेरोजगार वर्गमादक्षतथाअदक्षदुवै खालकाजनशक्ति पर्दछन् । यीजनशक्तिमापनि स्वदेशमाआफ्नो योग्यता, क्षमताअनुसारको रोजगार नपाएर, पढाई विचैमा छाडेका, आर्थिक अवस्थाकमजोर भएका, साथीभाई विदेशिएको देखेर, घरपरिवारको सल्लाहआदीको कारण पनि वैदेशिक रोजगारमाजानबाध्य देख्न सकिन्छ ।

वैदेशिक रोजगारी भन्ने शब्दवास्तवमा समाजशास्त्रीयशब्दनभएपनिहालआएर समाजमाव्यापकतापाउदै गईरहेको प्रत्यक्ष अर्थतन्त्रको असरको विस्तारमा ठुलो भूमिका खेल्ने शब्दहो । हाल बढ्दै गइरहेको विश्वव्यापारीकरण, खुल्लाआर्थिक व्यवस्थामाश्रमको आदानप्रदान र सर्बसुलभ सस्तो श्रमको आयाततथानिर्यातबाट उब्जीएको यो शब्दकुनै देशको परिधि नाघेर अर्को देशमाजानु र श्रमको मूल्यलिनु नै वैदेशिक रोजगार हो ( लिम्बु,२०७१) ।

नेपालको पश्चिमी क्षेत्र बाग्लुङको काँडेबासमाTikaram,(2008)ले अध्ययन गर्नु भएको छ । गौतमकाअनुसार नेपालको सन्दर्भमा हेर्ने हो भने जीविकोपार्जन गर्नका लागि नेपालबाट धेरै भन्दा धेरै मानिसहरु श्रमीकको रुपमा वैदेशिक रोजगारमा संलग्नभएका छन् । नेपालमा कृषिले मात्रजीवननधान्ने भएकाले विदेशिएका छन् । जसले गर्दा गौतमकाअध्ययन स्थानबाग्लुङको काँडेबासमायुवायुवतीहरु वैदेशिक रोजगारमाविदेश गएका र बाकी केटाकेटीहरुको गुणस्तरिय शिक्षाको खोजीमा सहर तिर पसे जसको कारण यस ठाँउमा युवापुस्ताहरुको कमीआई घरमा वृद्धवृद्धाहरु मात्रभएको देखिन्छ ।

गौतमकाअनुसार वैदेशिक रोजगारले जीवनधान्नवाजीवनबचाउनको लागि वैदेशिक रोजगारले सहजबनाएको बताउनु हुन्छ । तर पनि वृद्धवृद्धाको लागिभने संघर्षमय जीवन बनेको देखिन्छ । आफ्नो छोराछोरी परर्देशिए पछि एक्लो महशुस गर्ने गरेको, के होलाभन्ने डर त्रास बढेको, गाउँ रित्तिदै गएकोले आफुहरु पनि सहर जाने रहर देखाउछन् भने कोहीआफ्नो जन्मभूमी नछोड्ने बताउछन् । वैदेशिक रोजगारमानजाने हो भने फेरी घरको खेतिले मात्रजीवनगुँजारा गर्न धौं-धौं पर्ने विदेश जादाएक्लो महशुस हुने देखिन्छ ।

Sedden, Gurung and Adhikari (1988) का अनुसार नेपालमाहालभइरहेको श्रम पलायन कृषि अर्थतन्त्रविप्रेषणको आकार र नेपालमाविप्रेषणले पुऱ्याएको आर्थिक विकासका सन्दर्भमाविश्लेषण प्रस्तुतगरिएको छ । नेपालको अर्थतन्त्रको मूख्य क्षेत्र कृषीहो । नेपालकाविकास योजनाहरुमा कृषीबारे विशेष प्राथमिकतामा राखिन्छ । नेपालजीवनस्तर सर्वेक्षण (१९९६) का अनुसार करीब ७८% नेपालीहरु कृषि क्षेत्रमा सक्रिय रहेका छन् । नेपालमा गैरकृषिआयको रुपमाविप्रेषणले घरधुरी र राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । पछिल्ला वर्षहरुमा नेपालबाट वैदेशिकश्रम प्रवासनहुने र विप्रेषणको मूल्यपनि

बढ्छ । त्यसै गरी पहाडी क्षेत्र र पश्चिमी क्षेत्रका घरधुरीमाविप्रेषणले क्रमश ३०% र ३३% आम्दानीको अंशओगेटेको छ ।

नेपालीहरुले गर्ने प्रवासनलाई छोटो समयको लागि, मौसम अनुसारको लागि, लामो समय सम्मको लागिर आफ्नो देश भन्दाबाहिर गरि अध्ययनगरिएको छ । र बेरोजगारीहरु जाने जो थोरै पैसामाकाम गर्ने गर्दछ । विप्रेषण आजभोलि ग्रामीण अर्थतन्त्रको लागिअझै महत्वपूर्ण बनेको छ । प्रवासनबाट ठुलो मात्रामादिनानुदिनविप्रेषण भित्रिएको छ । तर त्यो विप्रेषण सम्बन्धीकानुनी रुपमा राम्रो कानुनभन्ने बन्ननसकेको कुरा गरिएको छ । नेपालीहरु श्रम रोजगारको लागिविशेषगरी जाने गरेको देशहरु अमेरीका,जापान, कोरिया, मलेशिया, साउदी, कतार, दुवई आदी रहेको छ । र विशेषगरि मौसम अनुसारको सहज र सरल तरिका ले मानिसहरु भारत गई कमाएको पैसाको पनि कुरा गरिएको छ ।

वैदेशिक रोजगारले आर्थिक तथा शैक्षिक क्षेत्रमापारेको प्रभावको अध्ययनमा नेपालीकामदारहरु पारिवारीक आर्थिक कमजोरी र स्वदेशमा रोजगारी नपाएको कारण विदेशिएको पाइन्छ । खाडी राष्ट्रमा कमआम्दानीभएतापनिउनीहरुले आफ्नो पारिवारीक, आर्थिक, शैक्षिक, आवश्यकताहरु आम्दानीअनुसार परिपुर्ति गरेको पाइन्छ । वैदेशिक रोजगारले नेपालीकामदारहरुलाई नकारात्मकप्रभावभन्दाअध्ययन क्षेत्रका ८१.४८ प्रतिशतले आर्थिक अवस्थामा सुधार ल्याएको कुरा उल्लेख गरेका छन् ( रेग्मी,२०६५) ।

विदेशमा नेपालीहरुको रोजगारी सेनामाहुने भर्तीबाट सुरु भएपनिअहिले यो अत्यन्तव्यापक र बहुआयामीकबन्दै गइरहेको छ । वैदेशिक रोजगार ऐन २०४२ जारी भएपछि औपचारीक ढंगले नै वैदेशिक रोजगारीको ढोका खुलागरिएको छ । यसलाई थप मर्यादितबनाउन वैदेशिक रोजगार सम्बन्धी ऐन २०६४ मातयार भई कार्यान्वयनमाआएको छ भने २०३८ माश्रम विभाग र वि.स. २०६५ मा स्थापनामाभएको वैदेशिक रोजगार विभागले पनिउत्तिकै महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ (घिमिरे,२०६१) ।

वैदेशिक रोजगार भनेको नेपालीनागरीकले विदेशमापाउने रोजगार वाश्रोत सृजना र त्यसको परिचालनकालागिबजार विकास गर्नु हो । नेपालमा वैदेशिक रोजगारको शुरुवात १६ औं शताब्दीमा रामशाहको पालाबाट भुटानका राजाको गुम्बानिर्माण गर्न सिकर्मी, कर्मी, धातुकर्मीका रुपमाकामदार आपूर्ती र चीनमा अरनिकोलाई मूर्ति बनाउन लगे पश्चात शुरु

भएको भएतापनिमूलतःभारत्त संयुक्तअधिराज्य, ब्रुनाई, मलायमाकाम गर्ने लाहुरेबाट प्रथम विश्वयुद्धताका यसको विकास भएको पाइन्छ । यसरी एक देशको श्रमीकअर्को देशमा रोजगारको लागिजाने परिपाटीबाट नै वैदेशिक रोजगारको शुरुवातभएको हो (कुमारी,२०७३) ।

नेपालीहरु विदेशमागएर काम गर्ने प्रचलन सुरुका दिनहरुमा बेलायत, भारत, बर्मा, भुटान, तिब्बत जस्ता देशहरुमागई सेनामाभर्ति हुने तथाव्यापार गर्न जाने गरेको पाइन्छ । वैदेशीक रोजगारीको इतिहास जति नै पुरानो भएपनिवि.स. २०४२ सालमा वैदेशिक रोजगार ऐन बने पश्चातकानुनी संयन्त्रनिर्माण गरी वैदेशीक  रोजगारीलाई व्यवस्थीतबनाउनथालियो । बढ्दो बेरोजगारीको कारणसीमित रोजगारीकाअवसरहरुले मात्रै धान्न सक्ने अवस्थानहुदा रोजगारीको महत्वलाई आत्मसात गरी आठौं योजना २०४९/०५४ देखी रोजगारीकालागिगन्तव्यमुलुकहरुको खोजी गर्ने प्रक्रियालाई अगाडी बढाइयो । वैदेशीक रोजगारीको एक प्रत्यक्षप्रतिफलभनेको विप्रेषण आय नै हो । जसको प्रभाव स्वरुप नेपालमा सन् १९९५/९६ मा ४२ प्रतिशतगरिबी रहेको अवस्थामाहाल सन् २०१८/०१९ सम्म आईपुग्दाउक्तगरिबीको रेखामुनी रहेको जनसङ्ख्या घटेर १८.७प्रतिशतमाआउनुको पछाडी वैदेशीक रोजगारीबाट विप्रेषणको महत्वपूर्ण योगदान रहेको छ  (बस्नेत,२०७५) ।

"रेमिटेन्सको यथार्थता", वीनेपाली,बेलायतबाट सञ्चालित नेपालीअनलाइनपत्रिकाअनुसार :विप्रेषण (रेमिटेन्स) भनेको कुनै नौलो कुरा होइन । धेरै युरोपीयन देशहरु जस्तै स्पेन, इटाली, आयरल्याण्ड आदीउन्नाइसौं तथाविसौं शताब्दीमाआफ्नाआप्रवासीहरुले पठाएको विप्रेषणमा धेरै निर्भर हुन्थे । सन् १९४६ मा स्पेनको २१ प्रतिशतआम्दानीरेमिटेन्स थियो । यी देशहरुले रेमिटेन्स सम्बन्धीनीतिहरुको लागि संसारमापहिलो नियम सन् १९०१ बनाउने देश इटाली हो भने सन् १९६० माअर्जेन्टीना संग रेमिटेन्स पाउने खर्च कमगरि सन्धी गर्ने देश स्पेन हो । सन् २००० देखि संसारभर रेमिटेन्स धेरै बढेको छ । सन् २०१२ मा ५२९ अरब अमेरीकी डलर विप्रेषणको भएकोमा १३० अरब अमेरीकी डलर चीनतथाभारतमामात्रै पठाइएको तथ्याङ्क छ ।सेप्टेम्बर २००८ माविश्वबैंकले पहिलो अन्तराष्ट्रिय रेमिटेन्स मूल्यको तथ्याङ्क राख्नु शुरु गरेको हो । यसले संसारका दुइसयभन्दा बढी मुलुकमा पठाउने रलिइने रेमिटेन्सको आकँडा राख्छ (आचार्य,२०७३) ।

आर्थिक वर्ष २०६५/०६६ मा रु २०९ अर्व विप्रेषण रहेकोमा सोमाउल्लेखीय वृद्धि भई आर्थिक वर्ष २०७५/०७६ सम्म आईपुग्दा रु ८७२ अर्ब पुग्नगएको छ । विगतकावर्षहरुमाविप्रेषणको आप्रवाहउल्लेखीय वृद्धि भएको हालकावर्षहरुमा सो बृद्धिमा कमीआएको छ । आर्थिक वर्ष २०७०/०७१ म सर्वाधिक २५ प्रतिशत वृद्धि भएको विप्रेषण त्यस पछिका वर्षहरुमाक्रमश:आर्थिक वर्ष २०७१/०७२ मा १३.६ प्रतिशत, २०७२/०७३ मा७.७प्रतिशत, आर्थिक वर्ष २०७३/०७४ मा ४.७प्रतिशत, आर्थिक वर्ष २०७४/७५ मा ८.६ प्रतिशतले न्युन वृद्धि भएको माआर्थिक वर्ष २०७५/७६ माभने सुधारभई १६.३ प्रतिशतले बढ्न गएको देख्न सकिन्छ । सन् २०१९ को डिसेम्बर देखीचीनको बुहान प्राप्तबाट सुरु भएको कोरोना भाइरसको विश्वव्यापीप्रभाव नेपालमाआर्थिक वर्ष २०७६/०७७ को मध्य बाटै देखीनथाल्यो । फलस्वरुपआर्थिक वर्ष २०७६/०७७ को फाल्गुणसम्म १.८ प्रतिशतमात्रै वृद्धि भई रु ५ खर्ब ९२ अर्ब ४२ करोड मात्रै प्रवाहभएको देखिन्छ । गतआपर्थक वर्ष २०७५/०७६ को सोहीअवधीमा ५ खर्व ८२ अर्व १९ करोड विप्रेषण प्राप्तभएको थियो । विश्वव्यापीमहामारीको प्रभावले गर्दा नेपालभित्रिने विप्रेषणमा गीरावट आएको देख्न सकिन्छ (पोखरेल,२०७७) ।

वैदेशिक रोजगार भन्ने शब्दहालआएर समाजमाव्यापकतापाउदै गएको प्रत्यक्ष अर्थतन्त्रको असरको विस्तारमा ठुलो भूमिका खेल्ने शब्दहो । हाल बढ्दै गइरहेको विश्वव्यापरीकरण, खुल्लाआर्थिक व्यवस्थामाश्रमको आदानप्रदान र सर्वसुलभ सस्तो श्रमको आयाततथानिर्यातबाट उब्जीएको त्यो शब्दकुनै देशको परिधी नाघेर अर्को देशमाजानु र श्रमको मूल्यलिनु नै वैदेशिक रोजगार हो । यसरी वैदेशिक रोजगारमागई पठाएको पैसाको तत्थ्याङ्क नेपालजीवनस्तर सर्वेक्षणको अनुसार सन् १९९६ मा २३ प्रतिशत, सन् २००४ मा ३२ प्रतिशत, सन् २०११ मा ५६ प्रतिशत घरपरिवारले विप्रषण (रेमिटेन्स) प्राप्त गर्ने गरेको देखिन्छ । आर्थिक वर्ष २०७३/७४ कुलग्रार्हस्थ उत्पादनको करिब २६ प्रतिशतको अनुपालमा नेपालमाभित्रिएको रेमीटेन्स नेपालीहरको आयातभुक्तानीको स्रोत समेत बनेको छ ( बल्लभ,२०७५) ।

यसरी कयै युवाहरु वैदेशीक रोजगारमाजादाउनीहरुले अर्काको देशमा  गरेको कडा मेहनतले विप्रेषण आर्थिक पक्षमाभने फाइदाआएको छ तर यो वैदेशिक रोजगार आफैमाचुनौति पूर्ण कामहो । एक फाइदाबाट हजारौ बेफाइदाहरु भोग्नु परेको छ । सर्वप्रथमहाम्रो नेपालआफैले

आफ्नो जनताको लागि रोजगारको सिर्जना गराउनु पर्ने हो गर रोजगारमुलकबनाउननसक्दा कयैं युवाहरु विदेशीएका छन् । गाउँबस्तीयुवाविहिन छन् । एक घरमा बृद्धबृद्धा र बालबालिकाहरु मात्रउल्लेखनिय रुपमा भेटीने गर्दछ । यसले गर्दा सिर्जनसिल,चेतनसिलयुवाहरु विदेशीदामुलुकविकासमा पछिल्तीर ढकेलीदै गएको छ । विकास र प्रगतिमा पिछडीदै आएको छ ।

नेपालको मुख्य समस्याभनेको बेरोजगारी नै हो । अधिकांशनेपालीयुवा रोजगारीको खोजीमा देश छोडेर अन्यत्रजाने गरेका छन् । खास गरी वैदेशिक रोजगार नेपालीयुवाकालागि रहर र बाध्यतादुवै भएको छ । नेपालीयुवाको बैदेशिक रोजगारको सहजअनि सरल गन्तब्ययति बेला खाडी मुलुकसँगै छिमेकीमुलुकभारत बनेको छ । विश्वमा जनसंख्या वृद्धि र औद्योगीकविकास सँगसँगै भएको शहरीकरण एवम् भूमण्डलीकरणबाट देशहरु बीचको खुलापनविस्तार भएपछि राम्रो कामको खोजीमाविदेश जाने क्रमपनितिव्ररुपमा वृद्धि हुदै गएको छ । यसरी रोजगारी वाजीविकोपार्जनकालागिअर्को देशमागई बस्ने प्रक्रियाविश्वव्यीभएको छ (लोकतान्त्रपोष्ट,२०७३) ।

विप्रेषणले उपभोग प्रवृतिमा वृद्धि ल्याउछ । परिणामतः आयातमा वृद्धिहुन जान्छ । यसले राजस्व संकलनमा समेत सकारात्मक असर पार्दछ । वैदेशिकश्रम बजारमाउपलब्ध रोजगारीको अवसरले गर्दा मुलुकको गरिबी घटाउन समेत ठुलो सहयोग पुग्दछ । नेपालमालामो समयसम्म सशस्त्रद्वन्द्वतथा राजनीतिक अस्थीरता भएको अवस्थामापनिगरिबीको मात्राकमहुदै जानुमाविप्रेषणको भूमीका महत्वपूर्ण छ । विभिन्नअध्ययनहरुले देखाएअनुसार सन् १९९५ देखि २००४ सम्ममा नेपालको गरिबी घटाउनमा विप्रेषणको योगदान २० प्रतिशत रहेको अनुमानथियो । वैदेशिक रोजगारीमागएकाकामदारहरुले पठाउने विप्रेषण आयमाक्रमीक वृद्धि भई हालविप्रेषण रकम नेपाली परिवारको आम्दानीको एक प्रमुख स्रोतको रुपमा स्थापीतभएको छ । नेपाल जस्तै विश्वकाअन्य देशहरुमापनि वैदेशिक रोजगारी तथाविप्रेषणबाट गरिबी घटाउनमा सहयोग पुगेको पाइन्छ । ल्याटिन अमेरिका, अफ्रीका, एशियालगायत सबै विकासशिलमहादेशहरुमा वैदेशिक रोजगारी तथाविप्रेषणले सकारात्मकप्रभावपारेको पाइन्छ ।बालश्रममाकमी, शिक्षातथा स्वास्थ्य क्षेत्रमागरिने खर्चमा वृद्धि, जीवनस्तरमाभएको सुधार आदिलाई वैदेशिक रोजगारी तथाविप्रेषणको सकरात्मक योगदानको रुपमालिन सकिन्छ (दाहाल, २०७५) ।

**विप्रेषण सम्बन्धी केहीतथ्याङ्क एवं जानकारीहरुः**

- नेपालले वैदेशिक रोजगारीकालागि संस्थागत रुपमा ११० मुलुकखुल्ला गरेको छ । ( हाल इराक, लिविया र अफगानिस्तानमाभने अनुमति रोक्कागरिएको छ ) व्यक्तिगत रुपमाभने १६७भन्दा बढी देशहरु खुल्लागरिएको छ ।
- हालऔपचारिक एवं अनौपचारिक माध्यमबाट गरी ४५ लाखभन्दा बढी नेपालीकामदार वैदेशिक रोजगारीको सिलसिलामाविभिन्नमुलुकहरुमागएका छन् ।
- वैदेशिक रोजगारीको लागि ११० मुलुक संस्थागत रुपमै खुल्लागरिए पनिहालसम्मकतार, संयुक्त अरब इमिरेट्स, बहराइन, जापान, इजरायल, दक्षिण कोरिया, जोड्न र मलेसिया सँग मात्रश्रम सम्झौताहुन सकेको छ ।
- आ.व. २०७४/७५ माप्राप्तभएको विप्रेषण आप्रवाह७५५.०६ अर्ब रुपैया रहेको छ । ( अघिल्लो आ.व. ६९५.४५ अर्ब रहेकोमा सोभन्दा ८.६ प्रतिशतले बढेको देखिन्छ) । स्मरण रहोसस आ.व.२०५७/५८ मा ४७.५६ अर्ब रुपैयाँमात्रविप्रेषण प्राप्तभएकोमात्यसमा निरन्तर वृद्धि हुदै यो अवस्थासम्मआइपुगेको हो ।
- आ.व. २०७४/७५ माप्राप्तभएको विप्रेषणको कूलग्राहस्थउत्पादन (जिडिपी) सँगको अनुपात २५.१ प्रतिशत रहेको छ । (अघिल्लो आ.व.मा २६.८ प्रतिशत रहेको थियो ।
- विश्व बैंकको सन् २०१७ को एक प्रतिवेदनअनुसार विश्वमा सबभन्दा बढी विप्रेषण भित्रीने क्रमशःभारत(६९ विलियन अमेरीकी डलर), चीन (६४ विलियन अमेरीकी डलर) र फिलिपीन्स (३३ विलियन अमेरीकी डलर) हुन् । यसै गरी सबै भन्दा बढी विप्रेषण पठाउने देशहरुमा संयुक्त राज्य अमेरिका (४८ विलियन अमेरीकी डलर), साउदी अरब (२६ विलियन अमेरीकी डलर) । स्वीजरल्याण्ड (२० विलियन अमेरीकी डलर) हुन् ।
- आ.व. २०७४/७५ मा वैदेशिक रोजगारीको लागिनयाँश्रम स्वीकृतिलिएकाकामदार संख्यातीनलाख ५८ हजार ८ सय १५ र पुनश्रम स्वकृतिलिएकाकामदार संख्या २ लाख ५८ हजार ६ सय दुइ गरी कुल ६ लाख १७हजार ४ सय १७ रहेको छ । ( बस्नेत, २०७५) ।

## २.२सैद्धान्तिक समिक्षा

समाजको एउटा महत्वपूर्ण चरित्रको रुपमाअत्यन्तचल बस्तु भनेको श्रम हो । परम्परा देखि अहिले सम्म श्रमलाई विभिन्न दृष्टिकोणबाट परिभाषीत र निर्देशित गर्ने गरिएको छ। समय अनुकुल परिमार्जीत हुदै जाने समाजमाश्रमको बस्तु स्थिती र परिपाटिले एउटा सैद्धान्तिक दृष्टिकोण ल्याउने गर्दछ । यसलाई विभिन्नदार्शनिक, समाजशास्त्री र अन्य विद्धान वर्गले विभिन्न दृष्टिकोणबाट समाजमा स्थापीतगर्दै पूर्ण मान्यतादिई पुष्टी गरेका छन् । यीविभिन्नमान्यताहरु मध्ये समाजशास्त्रीय दृष्टिकोण यहाँ प्रस्तुतगरिएको छ ।

### २.२.१ वैदेशिक रोजगारको सिद्धान्त

यस विप्रेषण संग जोडिएर रहेको वैदेशिक रोजगारलाई वालस्टाइन (१९७४) कोविश्वव्यवस्था सिद्धान्तमा आधारीत रहेर अन्तराष्ट्रिय प्रवासनका उद्गमहरुलाई विश्वव्यवस्था संग जोडीविश्लेषण गरेको छु । यस आधारमा हेर्दा गैरपुँजीबादी समाज द्धारा जनसङ्ख्यागतिशिलताभई प्रवासन सीर्जना हुन्छ भन्ने मान्यतविश्वव्यवस्था सिद्धान्तको रहेको छ । आधुनीकीकरण सिद्धान्तले देखाएको समाजिकसंस्थाप्रतिको व्यवस्थाको स्थिती आधुनीकबन्नलाई पश्चिमीआर्थिक सामाजिक शैलाी को नक्कल गर्नु पर्ने अवस्थातथाविभिन्न पेशाहरु मध्यविकासकाअवास्तवीक सम्बन्धहरुको सृजनाको बारेमाविश्लेषण गर्दै तेस्रौ विश्ववागरिब राष्ट्रहरु किन र कसरी शोषणमा परेका छन भन्ने देखाउनविश्वव्यवस्था सिद्धान्तको विकास गरिएको हो । यसलाई नवमाक्सबादीवा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ । खास गरेर विश्वव्यवस्था सिद्धान्त सुरुमाभौगोलिकविस्तार भएर त्यस पछिको पृष्ठभूमीबाट विश्वव्यापी रुपमाश्रम विभाजनभयो । यसै गरि १६ औँ शताब्दीमाआईपुग्दापुँजीबाद नै शक्तिशालीबन्नपुग्यो ।

यस विश्वव्यवस्था सिद्धान्त(१९७४)अन्तर्गत यसका विभिन्नभागहरु (केन्द्र, अर्धपृष्ठ र पृष्ठक्षेत्र) लाईमहत्वदिदै गए । यसबाट एक प्रकारको औपनिवेशीकताविकसीतहुन पुग्दछ । यस विश्वव्यवस्था सिद्धान्तका अनुसार प्रवासनपूँजीवादविकास प्रक्रियामाहुने विचलन र अनेपेक्षीत परिणामहरु मार्फत उत्पन्नहुने प्राकृतिकबाध्यगमनहो । जब पृष्ठ क्षेत्रहरु अन्तर्गत भूमी, श्रम, कच्चापदार्थहरु श्रम बजारको प्रभावएवम् नियन्त्रणमा आउदछ तब अनेपेक्षीत रुपमाप्रवासनप्रवाहहरु सृजना हुन्छ । जस्तै : अफ्रिकाले दासको उत्पादन, पश्चिम र

युरोपले किसानको उत्पादन र पश्चिम युरोपमाज्यालादार कामदार शासन गर्ने वर्ग र सिपयुक्तप्रशासकहरु रहनपुगे ।

यसै गरी वालस्टाइन (१९७४) का अनुसार केन्द्र क्षेत्रमा स्वतन्त्रमजदुर अर्धपृष्ठ क्षेत्रमाकिसानहरु र पृष्ठक्षेत्रमाबाध्यात्मकवाबाधामजदुर रहनगए । यसरी केन्द्रमासिपमुलक र स्वतन्त्रमजदुरहरुको बाहुल्यताहुनपुग्यो । यसका साथै केन्द्र क्षेत्र संग भएकासिपहरु मजदुरलाई प्रयोग गरी विकसीत राष्ट्रले विश्वकाविभिन्न ठाउँहरुमा उद्योगधन्दा सञ्चालनगरि पुँजीवादलाई विस्तार गर्न थाले । यसरी तिउद्योगधन्दाहरु एशियाका अरवियनमुलुकहरुमापँजीवादी राष्ट्रले स्थापना गरे पछि उद्योग निर्माण तथाकार्य सञ्चालन र उत्पादन गर्नका लागिअदक्ष र अर्धदक्षकामदारहरुको आवश्यकताभएकाले रोजगारीकोलागिजानथाल्यो ।

यसरी विश्वपूँजीवादव्यवस्थाअन्तर्गत नेपाल एउटा अदक्षमजदुर उत्पादन गर्ने राष्ट्रका रुपमाविकसीतहुनपुग्यो । यसरी नेपालीहरुको भर्खरै बामेसर्न लागेको घरेलु उद्योगबाट उत्पादनले विदेशीउत्पादनसितप्रतिस्पर्धा गर्न नसकेर विदेशीउन्पादनभन्दामहंगो भएकाले यहाँको उद्योगहरु क्रमशधारासायीबन्दै गए । यसरी सम्पुर्ण उत्पादनविदेशी राष्ट्रमा भर पर्नाले आफ्नो देशको उत्पादनले स्थानीयबजार नपाएर पनिओझेलमा पर्न गयो । जसको परिणाम अन्य देशले सस्तो श्रमीक र कच्चापदार्थ सस्तो मुल्यमाखपत गर्ने मैका पाएको छ ।

### २.२.२ जीविकोपार्जनसंगको सिद्धान्त

मानिसहरु वैदेशिक रोजगारमाजानुको विभिन्न कारणहरु छन् ।वर्तमान समयमाजीविकोपार्जनकालागिमानिसहरु प्रवासनमाजाने प्रवृत्ति बढ्दो छ । आपतकालीनमानवीय सेवाकाअतिरिक्तआन्तरीक पारिवारीक गरीबीको न्यूनीकरण जस्ता पठाइएको विप्रेषणले ठुलो राहत पुऱ्याएको छ । विश्व वैङ्कले समेत प्रवासीहरुबाट पठाइएको विप्रेषणले अल्पविकसीत देशकानागरिकहरुको जीविकोपार्जनमानिकै सुधार ल्याइएकोले तथ्य स्वीकार गरिसकेको छ । दोस्रो विश्वयुद्धको समाप्ती पछि प्रवासनमाआएको तीव्रताद्धारा प्रवासनजीविकोपार्जन र सामाजिकप्रक्रियासंग अन्योन्याश्रित ढङ्गबाट जोडिदै गएको पाइन्छ ।

क्यानडाको सामाजिकविकास विभागकाकार्यक्रम संयोजकआर्जनडी हान(२०००) ले प्रवासन र जीविकोपार्जन बिचको सम्बन्धको बारेमा कुरा गर्न भएको छ । **हान (२०००)को अनुसार**प्रवासनलाई व्यक्ति घरधुरी समुदायले आफ्नो जीविकोपार्जन वाजीविकालाई माथिउकास्ने उद्देश्यले अबलम्बन गर्ने एउटा रणनीतिका रुपमाबुझाउनु भएको छ । इतिहास कालमाभएकाप्रवासनका घटनाहरुले पनिप्रवासनजीविकोपार्जनमा सुधार ल्याउने उद्देश्यले गरिने सामाजिक परिघटना हो भन्ने तथ्य प्रमाणीत गरेका छन् । अनुसन्धानहरुले सुझाएकाअनुसार सन् १९३० को दशकमाउत्तरी भियतनामकादुइतिहाई किसानहरु कामको खोजीमाअन्यत्रप्रवासीतभएकाथिए । त्यसैगरी विश्वकाविभिन्न क्षेत्रकानागरीकहरु कामको खोजी गर्न, बढी आयआर्जन गर्न र अधिकतम अबसरहरु हासील गरी जीविकोपार्जनमा सुधार ल्याउनआन्तरीक एवम् बाह्य रुपमाप्रवासीतभइरहन्छन् । प्रवासनजीविकोपार्जन संग घनिष्ठ रुपले सम्बन्धीत हुन्छ र असमान्ता, सक्षमताहरु, असुरक्षा र वातावरणका सन्दर्भमाप्रवासनले योगदान पुऱ्याई जीविकोपार्जनमा सुधारल्याई रहेको छ ।

हानकाअनुसार प्रवासनजीविकोपार्जनकाअतिरिक्त सामाजिकप्रक्रिया र सामाजिक सञ्जाल संग समेत अभिन्न ढङ्गबाट जोड्नुभएको प्रवासनमागएकाव्यक्तिहरुले गन्तव्य देशको सामाजिकभाषा, संस्कृति, परम्परा रगन्तव्य देशको सामाजिक संरचनाकोप्रवासीहरु घुलमील हुनुपर्दछ । जसले प्रवासन सामाजिक संरचनाको एउटा महत्वपूर्ण अङ्गको रुपमा रहेको हुन्छ । प्रवासनचलायमानता सामाजिकमूल्य र प्रावधानसंग एक सम्मानहुने गर्दछ । अर्को तर्फ प्रवासनले समाजका संरचना र मूल्यहरुलाई पनिप्रभावितगर्दछ । भने सामाजिक सञ्जाललाई बृहतगर्दछ ।

नेदरल्याण्डको अमर्स्टडम विश्वविद्यालयअन्तर्गतका समाजशास्त्रकाप्रध्यापकHein de Hass (2005)ले अन्तराष्ट्रिय प्रवासन र विप्रेषण संग बिकासलाई जोडेर हेर्नु भएको छ । उनले प्रवासनकासत्य तथ्य कुराहरु के हो भनिअध्ययन गर्नु भएको छ । प्रवासनकामुख्य कारण आर्थिक हुने तर्क गरेका छन् ।विप्रेषण आउने देशको आर्थिक सामाजिक क्षेत्रको विकासमा महत्वपूर्ण योगदानदिने गर्दछ । देशको विकास हुनुमाबसाईसराई हो भन्ने मान्यताको तथ्यहरुमाविप्रेषण नै हो ।

हासकाअनुसार प्रवासन र विप्रेषण सम्बन्धी गर्न भएको सात तथ्यहरु छन् जसमाबसाईसरी जानको लागिधनी देशबाट गरिव देशहरुमापनिजाने गरेको तथ्य गर्नुहुन्छ । बसाईसराई

गर्नको लागिधनप्राप्तको लागिमात्रनभएर गुणस्तरीय जीवन सुविधाहरु पनिखोजीगरिन्छ । मानिसहरु प्राय समाजिक रुपमा र आर्थिक रुपमाबिकास भएको देशहरुमाजाने गरेको पाईन्छ । प्रवासनले क्षमताविकासको पनि वृद्धि गर्ने गर्दछ । विप्रेषणले देखिने खालको विकास बाटोघाटो बनाउने, घर बनाउने मात्र हैन यसले शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमापनिलगानी गरेको छ ।

विप्रेषण भनेको अविकसीत देशहरुलाई विकासतिर उन्मुख गर्ने माध्यमको रुपमालिन सकिन्छ ।विप्रेषण लगानीद्वारा उद्गम देशका समाजमाविकास, समानता गरीबीन्युनीकरण गर्न सक्छ । विप्रेषणले नै जीविकोपार्जन र शिक्षामापनि परिवर्तन भएको एक किसीमको उत्तेजनाल्याएको छ । प्रवासन र विकासको आशावादी दृष्टिकोण नव-शास्त्रीयप्रवासन अर्थतन्त्र र विकासवादीआधुनिकीकरण सिद्धान्त बाट बढी मात्रामाप्रेरीत छ ।

Anthony Richmond (1993)ले प्रवासनलाई प्रतिक्रियात्मक र सक्रियतात्मकप्रवासनको अवधारणामा अगाडी सारेका छन् । उनकाअनुसार मानिसहरु स्वेच्छिक र अस्वेछिक वाबाध्यतामूलकप्रवासन गर्ने कुरा अगाडी सार्नु भएको छ । प्रवासनकर्ता स्वयम्ले आफ्नो इच्छा, चाहना र विवेकद्वारा एक ठाउँबाट अर्को ठाउँमा प्रवास गर्नुलाई सक्रियतात्मप्रवासन भनिन्छ । अर्को तर्फ आन्तरिक द्वन्द्व, राजनैतिकअस्थिरता, अवसरहरुको कमी, गुणस्तरीय जीवनयापनकालागिआवश्यकपूर्वाधारको अपर्याप्तता, आतङ्कवादआदी जस्ता कारणले बाध्यतामूलकप्रवासनहुनुलाई प्रतिक्रियात्मकप्रवासन भनिन्छ । उदाहरणका लागि शरणार्थीहरु को प्रवासनलाई प्रतिक्रियात्मकप्रवासनको रुपमा मानिन्छ । प्रवासनलाई विकर्षण र आकर्षण तत्वहरुको रुपामापनि मानिन्छ ।

उहाँको अनुसार मानिसहरु बसाईसराई गर्नलाई वा वैदेशिक रोजगारमाजानको लागिकतिपयमानिसहरु आफ्नो इच्छा, चाहनाअनुसार पनिजाने गरेको छ भने कतिमानिसहरु आफ्नो चाहानानहुदानहुदै पनिविविध कारणहरु जस्तो राजनैतिक, आर्थिक, सामाजिक,बातावरण आदीले गर्दाप्रवासन गर्न बाध्यहुने गर्दछन् । जस मध्ये एक जीविकोपार्जनलाई पनिमहत्वदिनुभएको छ । गुणस्तरीय जीवनयापनवापूर्वाधारको सहजताका साथउपभोग गर्नका लागिमानिसहरु नचाहेर पनिप्रवासन गर्नेगर्दछन् ।कतिपय कुराहरुले मानिसहरुलाई आकर्षीत गरेका हुन्छ र बसाईसरेर आउछन् भने कतिपय कुराहरुले मन परेको हुदैन विकर्षण गरेको हुन्छ भने बसाई सरी जाने गर्दछ । जहाँमानिसहरु आफ्नो

जीवनगुँजारा गर्न सहज छ । शिक्षा, स्वास्थ्य, सञ्चार,खानेपानि, यातायात, रोजगार, सुरक्षा जस्ता सेवा सुविधाभएको ठाउँ छ भने मानिसहरु त्यस ठाउँमा आकर्षीत भई प्रवासनगर्दछ । भने जुनयी सेवा सुविधा छैन र जीवनचलाउननिकै कष्ठ छ भने त्यस ठाउँ मानिसहरुको लागिविकर्षण बनिमानिसहरु जहाँजीविकोपार्जन गर्न सहज हुन्छ त्यस ठाँउहरु खाज्दै बसाई सर्दछन् ।

## २.३निष्कर्ष

यसरी विभिन्नपूर्व साहित्यहरुको अध्ययनबाट के निष्कर्ष निकाल्न सकियो भने मानिसहरु आफ्नो देशको परिधीबाहिर आफुले चाहे जस्तो जीवनयापन गर्न नसक्दा र चाहे जस्तो सेवा सुविधाप्राप्त गर्न नसक्दामानिसहरु चाहेर नचाहेर पनिमौसम अनुसारको छोटो समयको लागिहोस वालामो समयको लागि वैदेशिक रोजगारमाजाने गरेको पाइयो । विशेष गरी थोरै आम्दानीहुने देशबाट धेरै आम्दानीहुने देश तर्फ जाने गरेको पाईयो ।

समाज परिवर्तन सगै मानवियआवश्यकता सगै समाजपुँजीवादीबन्दै गयो । जसको लागिवैदेशिक रोजगारको सृजनाहुदै गयो । ठुला देशहरु कामदिन सक्ने भएउत्पादन गर्न सक्ने हुदै गयो । शक्तिशालीहुदै गयो भने नेपाल जस्तो देश श्रमीकको रुपमाश्रममात्रउत्पादन गर्न सक्ने भए ।जसको लागि वैदेशिक रोजगारमाजानको लागि सस्थागत रुपमा ११० मुलुकहरु खुल्लागरिएको छ । जसलाई विश्वव्यवस्थावा स्वतन्त्र एक देशबाट अर्को देशमाजान सक्ने प्रवृतिले यो बृहत रुपमा फैलीएको पाइयो ।श्रमीकवर्गहरु श्रमको र उचीतआम्दानीको खोजीमाकेन्द्रतिर लागेको पाईयो ।

वैदेशिक रोजगारबाट भित्रिएको विप्रेषण नेपालीहरुलाई वर्तमान समयकोलागिभने यसले जीवननिर्वाह गर्ने र आफ्नो आवश्यकताहरु पुरा गर्न सक्ने साधन बनेको छ । जीवनशैलीमा परिवर्तन ल्याएको देखाईएको छ । जसको फलस्वरुप वैदेशिक रोजगारमाजाने प्रचलन बढ्दो छ ।

# अध्यायतीन

# अध्ययनविधि

यस अध्ययनमा कटारी न.पा. वडा नं. ७ स्थित बसोवास गर्ने वैदेशिक रोजगारमा संलगन व्यक्तिहरुको पारिवारिक, समाजिक, आर्थिक, शैक्षिकआदीको अवस्थाको अध्ययनतथा अनुसन्धानतथ्याङ्क संकलनकाविधिहरुमाकुन-कुनविधिहरु अपनाइयो, अनुसन्धानलाई तथ्यपरक बनाउनको लागि कस्तो-कस्तो द्धितिय स्रोतहरु प्रयोगमाल्याइयो, प्राथमिकतहको जानकारीहरु कुन-कुन पद्धतिबाट लिइयो, प्राप्तजानकारी तथातथ्याङ्कहरुलाई कसरी व्याख्याविश्लेषण गर्ने आदि सवालहरुको यो खण्डमा संक्षिप्तव्याख्यागरिएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

यस अध्ययनमा गुणात्मक तथ्याङ्कलाई वर्णनात्मक रुपमा र सङ्ख्यात्मकतथ्याङ्ङ्कलाई विश्लेषणात्मक रुपमाव्याख्या गरी अर्थ्याइने हुदा यस अनुसन्धान वर्णात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग गरीने छ ।

## ३.२अध्ययनक्षेत्रको छनौट र औचित्य

यस अनुसन्धानप्रदेश नं.१ को उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७ धर्मभकारी टोलमागरिएको हो । यस ठाउँमा विविधजातजाति समुदायको बसोबास रहेको छ । यस क्षेत्रमाबसोबास गर्ने समुदायको जीवननिर्वाहकाप्रमुख स्रोत कृषि नै रहेको छ । रोजगारीका संभावना ग्रामीण क्षेत्रमाप्रशस्तनभएकाले जनशक्तिहरु वैदेशिकरोजगारमाजाने क्रम निरन्तर रुपमा वृद्धि भइरहेको छ । अत:मेरो अध्ययनको उद्देश्य वैदेशिक रोजगारबाट आएको विप्रेषणले उसको घरपरिवारमाजीविकोपार्जन गर्ने तौरतरिकामाल्याएको परिवर्तनको पहिचानगरि यस विषयले समाजमापारेको सामाजिकप्रभावविश्लेषण गरी विप्रेषणको अवस्थालाई बुझी वैदेशिक रोजगारको अवस्थापहिचानगर्न रहेको हुदा र यस विषयमाअहिले सम्म गहनअध्ययनहरु नभएको र स्वयम अनुसन्धानकर्ता यस अध्ययन क्षेत्र धर्मभकारीकाबासीन्दाहरु संग भावनात्मक सम्बन्धछ । किनकीम यसै गाउँमा मेरो जन्मभई यसै गाउँमाहुर्की यसै गाउँमा वैबाहिकजीवनपनिबिताई रहेकी छु । भन्नुको तात्पर्य यस ठाउँसँग म चिरपरिचीत छु । यहाँको सेरोफेरो सबै जान्दछु । र यस ठाउँको परिवर्तन र

प्रभावलाई म स्वयम्ले महशुस गरिकी छु । त्यसै कारणलेतथ्याङ्क संकलनमा सजिलो तथाविश्वसनीयहुने विश्वासका साथ यस क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको हो ।

## ३.३तथ्याङ्कको प्रकृतितथा स्रोतहरु

अध्ययनको उद्देश्यको आधारमातथ्याङ्क संकलनगर्दा प्राथमिक स्रोत तथाद्वितीय स्रोतबाट संकलनगरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अध्ययन क्षेत्रमाप्रत्यक्ष रुपमा सहभागीभई अन्तरवार्ता, अवलोकन, वैयक्तिकअध्ययनको माध्यमबाट तथ्याङ्क संकलनगरिएको छ । द्वितीय स्रोत अन्तर्गत कार्यतलयमाभएको अभिलेखहरु, सम्बन्धितकिताबहरु, प्रतिवेदनहरु, विद्यालयमाभएको तथ्याङ्कहरु सान्दर्भिक लेखहरु,पत्रपत्रिकाहरु जस्ता सामाग्रीहरुको प्रयोग गरिएको छ ।

## ३.४समग्रता र नमुना छनौट

अनुसन्धानको कार्य सदैव एउटा निश्चित परिधीभित्र रहेर गरिने कार्य भएको हुदा यस अध्ययनको लागिप्रदेश नं. १ को उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७ को धर्मभकारी टोलमा ८९घरधुरी बसोबास गर्ने विभिन्न सम्प्रदायका फरक-फरक वद्दर्ण, जात, धर्म, लिङ्ग, पेशाआदिको मानिसहरु बसोबास गर्दछन् ।जसमा वैदेशिक रोजगार संलग्न २१ जना घरपरिवारमा १२ जनाविदेशमा रहेको उनीहरुको अभिभावक संग र ९ जना वैदेशिक रोजगारबाट फर्की सकेकाहरु संग भलाकुसारी गरेको छु । र एक जना जो छुट्टीमा घर आउनु भएको संग भेट भई उहाँको वैयक्तकअध्ययनगरिएको छ । वैदेशिक रोजगार उनीहरुको जीविकोपार्जन गर्ने माध्यम बनेको छ । मैले २१ सीमित घरपरिवारलाई विशेषनमुना छनौट विधिको गैर सम्भावनाविधिको प्रयोग गरेकी छु । यस विधिमा सबै जनाको बराबरी अवसर हुदैन । छनौट गरिनेछ ।किनकीयस टोलका सम्पूर्ण वैदेशिक रोजगारमा संलग्नहुनेहरुलाई अध्ययन क्षेत्र बनाउदानमुना छनौटका लागिलिन कठिन हुन्छ । उपलब्ध स्रोत, साधन, समयले नभ्याउने भएकोले यसै टोलको सीमित परिवारलाईमात्रलिएको छु । जसमा फरक आर्थिक, साँस्कृतिक, पारिवारीक स्थीतिभएका र वैदेशिकरोजगारमा संलग्नभएका परिवारसंग उद्देश्यपूर्ण गैर सम्भावनानमुना विधिबाट अन्तरवार्ता लिईप्रत्यक्षअप्रत्यक्ष तरीकाले कुराको चुरो कुरा पत्तालगाउने कोशिश गरेको छु ।

मैले २१ घरलाई नै छान्नु पर्ने कारण भनेको यी परिवारमाविप्रेषणले जीविकोपार्जन गर्ने तौरतरिकामा परिवर्तन आएको छ ।जीवननिर्बाहकै लागि यस रोजगारमा सामेल भएको र जीवनजीउने शैलीमा परिवर्तन आई रहेको छ । बाकी परिवारमा परिवर्तन नआएको भन्ने त पक्कै पनिहैन आएको छ तर कतिपय घरपरिवारमाअध्ययनको सिलसीलामाठुला ठुला देश गएका छन भने कोही डीभी परिविदेश गएका छन् ।

## ३.५तथ्याङ्क सङ्कलनविधि

अनुसन्धानका उद्देश्यहरुलाई पुरा गर्न तथ्याङ्क संकलनकाविभिन्नविधिहरु प्रयोग गरेकोछु । जुन द्वितिय डाटाप्रकाशीतभएको विवरणहरुबाट डाटाहरु संकलनगरिएको छ । यस अध्ययनलाई पुरा गर्न आवश्यकताअनुसार निम्नलिखीतविधिहरुको प्रयोग गरीएको छ ।

### ३.५.१ अन्तरवार्ता

कुनै पनि अनुसन्धात्मक रिपोर्टको लागि डाटा संकलन गर्नको लागिआवश्यक पर्ने एक महत्वपूर्ण विधिअन्तरवार्ता लाई लिन सकिन्छ । अन्तरवार्ता भनेको खासगरी व्यक्तिको प्रस्तुतिअन्यव्यक्तिहरु सँग प्रस्तुतहुँदाको शैली र व्यक्तिमाभएको आत्मविश्वासीपनहेर्ने माध्यमहो । अनुसन्धानकर्ता र नमुनाश्रोत व्यक्तिबीचको कुराकानी नै अन्तरवार्ता हो । निश्चितविषयमाकेन्द्रित रहेको हुन्छ -आचार्य, २०७३) । अन्तरवार्ता विधिको माध्यमबाट सम्बन्धितव्यक्तिहरु संग प्रत्यक्ष र सम्बन्धितविषयमातयार पारीएको प्रश्नावलीकाआधारमाउत्तरदाता र शोधकर्ता विच दोहोरो कुराकानीका माध्यमबाटनिश्चित, सहि र धेरै सूचनाप्राप्त गर्न सकिन्छ । अन्तरवार्ता विधिले त्यस्ताप्रभावकारी क्षेत्रकाप्रभावितव्यक्तितथा परिवारहरु बिच प्रत्यक्ष भेटघाट गरी अन्तरवार्ता लिदा सत्य तथ्यतथ्याङ्क प्राप्तहुने गर्दछ । त्यसैले यस अनुसन्धात्मक रिपोर्टको लागिअन्तरवार्ता विधिको प्रयोग गरी अन्तरवार्त गर्नको लागि म स्वम् आफुले छनौट गरेको छेत्र उदयपुर जिल्लाको कटारी नगरपालिका वडा नं. ७मागई त्यस ठाउको मानिसहरु संग भलाकुसारी गर्दै खुल्ला र बन्दखालको प्रश्नावलीहरु बनाई लगी १२ घरधुरीमाअन्तरवार्ताका लागी वैदेशिक रोजगारमा संलग्न घरमूलीलाई समावेश गरिएको र ९ घरधुरी वैदेशिक रोजगारबाट फर्कीएको व्यक्तिहरुलाई समावेश गरि जम्मा २१जना संग कुराकानी गरेको छु । यसरी वैदेशिक रोजगारमाजानुभन्दा अगाडी र वैदेशिक रोजगारबाट फर्कीसके पछाडीको उनीहरुको

परिवारको जीवनशैलीमापारेको प्रभाव र परिवर्तन हेर्ने भएकोले दुवै परिवारलाई लिई आफुलाई चाहिने डाटाहरु जम्मागरेको छु ।

### ३.५.२ अवलोकन

यस अनुसन्धानमाप्रयोग गरिएको विधिहरु मध्ये अवलोकन पनि एउटा विधिहो ।कुनै विषयवस्तुको वास्तविकताथाहापाउनको लागिप्रत्यक्ष रुपमा सहभागीभएर सम्बन्धीत स्थानमापुगेर सम्बन्धीतविषयवस्तु हेर्नुलाई अवलोकन भनिन्छ(Nis,2022)। यो अध्ययनमा गैर सहभागितामुलकअवलोकन विधिप्रयोग गरिएको हो । अध्ययनकर्ताले आफुलाई चाहिने आवश्यकतथ्याङ्कहरु व्यक्ति स्वयं नै अध्ययन क्षेत्रमागई तथ्याङ्क संकलन गर्ने विधिलाई सहभागीअवलोकन भनिन्छ । यसै सहभागीअवलोकन विधिबाट उदयपुर जिल्ला कटारी न.पा. वडा नं. ७ स्थित यस गाउँमा वैदेशिक रोजगारमा संलग्नव्यक्तिहरुको पारिवारीकविवरणको प्रत्यक्षअवलोकन गरी त्यस्तामाइग्रेशनका कारण वढि जीविकोपार्जनमाप्रभावित परिवारको बास्तविकता, यथार्थता र वस्तुनिष्ठता बुझ्न अनुसन्धानकर्ता (आफै) प्रत्यक्ष रुपमा सरोकारवालाहरु सँग सहभागीभई, घुलमील गरि विश्वास दिलाई व्यावहारीक सूचना र तथ्याङ्कहरु सङ्कलनगरिएको छ । जसबाट विश्वासनीय र प्रमाणीक सूचनाहरु सङ्कलनगरिएको छ ।

यस अवलोकन गर्नको लागिम स्वम् उदयपुर जिल्लाको कटारी नगरपालिका वडा नं. ७माजानको लागि काठमान्डौं देखि २६५कि.मीको खुर्कोटको बाटो सुमो गाडीमा करिब ८/१० घण्टाको बाटोमागई त्यस ठाउँमा पुगेको छु । त्यस ठाउमा पुगीसके पछि म त्यहि ठाउँको भएकोले मलाई खानबस्नको कुनै समस्याभएन। म आफ्नै घरमाबस्ने छु । र त्यस ठाउँमा विप्रेषणले आएको परिवर्तन र प्रभावको राम्रो संग अवलोकन गरेको छु ।कीनकी म आफै स्वयंले पनित्यहाँआजभन्दा दश/एघार वर्ष अगाडीको गाउँको अवस्था र अहिलेको अवस्थामा धेरै नै फेरबदलभएकोले कुनतत्वले यसमाप्रभावपारेको छ भन्ने हेर्न वा बुझ्नको लागिसहभागितात्मकअवलोकन विधिको प्रयोग गरी यो अध्ययन अनुसन्धानगरिएको छ ।

### ३.५.३ वैयक्तिकअध्ययन

यस अध्ययनमातथ्य संकलन गर्नको लागि वैयक्तिक अनुसन्धानविधिपनिप्रयोग गरिएको छ। वैयक्तिकअध्ययनगुणात्मक विश्लेषणका एक विशेष स्वरुपहो । जसले कुनै व्यक्ति,परिस्थितीअथवा संस्थाकाअत्यधिक सावधानीपुर्वक पूर्ण अवलोकन गर्छ । कुनै एक सामाजिकएकाईको जीवनको खोजीअथवाविश्लेषणको पद्धति हो (Verma, 2076)। यो विधिलाई नै यस अध्ययनको लागि छनौट गर्नुको कारण वैयक्तिकअध्ययन विधिबाट उत्तरदाताबाट धेरै भन्दा धेरै संभाविततथ्यहरु संकलन गर्न सकिने भएकोले र यस विधिबाट एउटा उत्तरदाताको सम्पूर्ण जीवनमाभएको सकरात्मकवानकरात्मकदुवै पक्षको परिवर्तनहरु देख्नवाथाहापाउन यो एकदमै महत्वपूर्ण भएकोले यो विधिलाई यस अध्ययन छनोटमा पारिएको हो ।

### ३.६तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

विभिन्न स्रोत र विभिन्न साधनहरुबाट सङ्कलिततथ्याङ्कहरुलाइतथ्याङ्कको प्रकृतिअनुसार कम्प्युटरको प्रयोगमातथ्याङ्कशास्त्रकाविधिहरु उपयोग गरि तालिका, हरुमा राखिव्याख्याविश्लेषण र प्रस्तुतीकरण गरीएको छ । सङ्यात्मकतथ्याङ्कहरु सान्दर्भिक सामाग्री, प्रमाणिक सूचकहरु र स्थापीतमूल्य, मान्यतासंग तुलनात्मकविश्लेषण गरी अर्थ्याएर प्रस्तुतीकरण गरीको छ ।

### ३.७अध्ययनको सिमा

यस अनुसन्धानात्मकअध्ययनको लागिप्रदेश नं. १ को उदयपुरजिल्ला कटारी नगरपालिका वडा नं. ७ को धर्मभकारी टोललाई छनौट गरि वैदेशिक रोजगारबाट भित्रिएको विप्रेषणले यस ठाउको जनजीवनमा के कस्तो प्रभावपारेको छ र कस्तो परिवर्तन ल्याएको छ भनिअध्ययन गर्नको लागि म स्वयम् त्यस ठाउँमा गई स्थलगतअध्ययन गरेको छु । मेरो उद्देश्य पुरा गर्नको लागि यस ठाउ गई वैदेशिक रोजगारमाभएको घरमुली र वैदेशिक रोजगाबाट फर्की सकेकाहरु संग भलाकुसारी गरेको छु । र आफुलाई चाहिने तथ्याङ्क विवरणहरु भेला गरी फर्कीएकी छु ।

# अध्याय चार

# अध्ययनक्षेत्रको भौगोलिकतथा सामाजिक परिचय

## ४.१भौगोलिक परिचय

कटारी नगरपालिकानेपालको प्रदेश नं. १ को पश्चिम-दक्षिण हिस्सामाअवस्थीत छ । यस नगरपालिकाले महाभारत पर्वत श्रृङ्खला देखि चुरे पर्वतमाला सम्मको भू-भाग समेटेको छ । पूर्वी नेपालको उदयपुर उपत्यकाको उदयपुर जिल्लामा रहेको कटारी बजार रहेको ठाउँलाई केन्द्र बनाइएको छ । यो नगरपालिका२०६८ साउन १ देखि लागु हुने गरी बनाइएको हो तर कार्यन्वयनमा जेष्ठ ४,२०७१ देखि आएको हो । यसलाई नगरपालिका घोषणा गर्दा कटारी र त्रिवेणी गाउँविकास समितिहरु समावेश गरिएको थियो र २०७३ माआएर रिस्कू गाबिस, सिरिसे गाबिस,लिम्पाटार गाबिस,सोरुङ्गछबिसे गाबिस, हर्देनीगाबिस, मयखु गाबिस र लेखानीगाबिस पनि कटारी नगरपालिकामा समाबेश गरिएको छ ।

यस नगरपालिकालाई १४ वडामा विभाजनगरिएको छ भने यस नगरपालिकाको केन्द्र साविक कटारी नगरपालिकाको कार्यालय रहेको स्थान कटारी बजारमा रहेको छ । कटारी नगरपालिका ८६°२५' पूर्व देखि ८६°३३' देशान्तर र २६°३९' उत्तर देखि २६°५१' उत्तर अक्षांश बिच अवस्थित छ । यस नगरपालिकाको जम्माक्षेत्रफल ४२४.९ वर्ग किलोमिटर छ भने समुन्द्र सतहबाट करिब १११ मिटर देखि २१०४ मिटर सम्म उचाई रहेको छ । नगरपालिकाको जलवायु उष्ण समशितोष्ण र उष्ण शितोष्ण रहेको छ भने वार्षिक औसत तापक्रम २२.८° र वार्षिक औसत वर्षा करिब १६९१ मिलिमिटर छ । यस नगरपालिकामाजम्माजनसंख्या ५६१४६ (महिला २१४२० र पुरुष २६७२६) (राष्ट्रिय जनगणना २०६८) छन् । यो जिल्लामहाभारत श्रृङ्खलाअन्तर्गत धारिलो, बिकट, डाँडाहरु, छरिएका र पातलिएका बस्तीहरु छन् । महाभारत फेदिदेखि चुरे श्रृङ्खलाको बीचमादुईवटा ठुला-ठुला लाम्चो आकारको समथर फाँट भएको हुँदा यस जिल्लालाई भित्रीमधेसको रुपमा गणना गरिन्छ ।

## ४.२सामाजिक परिचय

यो कटारी नगरपालिकाको पूर्वमाउदयपुरगढी गाउँपालिकार ताप्लिगाउपालिका, पश्चिममासिन्धुलीकोदुधौलीनगरपालिका, उत्तरमामानेभन्ज्याङ गाउपालिका, हलेसीनगरपालिका र दक्षिणमा मिर्चैया नगरपालिका, गोलबजार नगरपालिका र कजेन्हानगरपालिका रहेको छ । यस क्षेत्रकामानिसहरुको मूख्य पेशा कृषिहो ।

यस नगरपालिकामाकुनै जातिविशेषको बसोबास नभई विभिन्नकिसिमकाजातजातीहरु मध्ये बढीमा राई, मगर, भुजेल, क्षेत्री, सार्की, कामी, कामतआदीजातजातीहरुको बसोबास रहेको छ । यस समुदायमाआ-आफ्नै चाडपर्व, रीतिरिवाज, संस्कार-संस्कृती, रहन सहनआदी मनाउछन् । विशेष गरी हिन्दु धर्म, किराँत धर्म, बौध धर्म कृश्चियन धर्म मान्ने गर्दछन् । तर यी सबै समुदायमा एक अर्काको संस्कृति, रहनसहनआदानप्रदानभएको पाइन्छ । यसरी समाजमामनाउने चाडपर्व, रीतिरिवाज,सँस्कार-संस्कृति, बिवाहवाअन्य सामाजिक सांस्कृतिकपक्षमाएकता रहेको देखिन्छ । र यस समुदायमाविशेष बोलिने भाषामा नेपाली, राई भाषा, मगरभाषा र मधेसी भाषाबोलीने गरेको पाइयो ।

## ४.३पारिवारिक विवरण

यस अन्तर्गत वैदेशिक रोजगारमा संलग्नभई आफ्नो परिवारको जीविकोपार्जन गर्ने व्यक्तिहरुको विवरवण प्रस्तुतिकरण गरिएको छ । जसमा सहभागीहरुको परिवारिक विवरण अन्तर्गत उमेर, लिङ्ग,पारिवारीक संरचना, जाति, पेशा, जमीन, आम्दानीआदीको बारेमातालिकाबनाई विश्लेषण गरिएको छ ।

## ४.४सहभागीहरुको उमेरगतबनावट

कुनै पनि स्थानमाविशेषमा रहेका जनसंख्यालाई त्यहाँ रहेको मानिसहरुको उमेर र लिङ्गले निर्धारण गर्ने गर्दछ । यसका साथै वैदेशिक रोजगारका सन्दर्भमा उमेर र लिङ्गको त्यति कै ठुलो महत्व रहेको हुन्छ । यसरी वैदेशिक रोजगारमा संलग्नहुनकानुनीमान्यताअनुसार १८ वर्ष भन्दाकम उमेर समुहकामानिसहरु वैदेशिक रोजगारमाजाननपाउने भएकोले यो भन्दाकम उमेरलाई शोधमा राखिएन । उमेरको बारेमाजानकारी लिनवाकुन उमेर

समुहकाकतिमात्रामा र अध्ययन क्षेत्रमा रहेका छन् भनिबुझ्न उमेरगतविवरणलाई तालिका १ र २माउल्लेखगरिएको छ ।

**तालिका नं.१ : वैदेशिक रोजगारमा संलग्नघरपरिवार मुलीहरुको उमेर/लिङ्गगतजनसंख्याको विवरण**

| देश | १८-३० | ३०-४० | ४० देखि माथि | जम्मा |
|---|---|---|---|---|
| साउदी | ४ | १ | १ | ६ |
| दुबई | १ | - | - | १ |
| कतार | १ | २ | - | ३ |
| मलेशिया | १ | १ | - | २ |
| जम्मा | ७ | ४ | १ | १२ |
| प्रतिशत | ५८ | ३३ | ९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

माथिको तालिका नं. १माविभिन्नक्रियाशील वैदेशिक रोजगारमा संलग्नभईरहेका श्रमीकहरु १२ जनालाई १८-३०,३०-४० र ४० भन्दामाथिको तीन उमेर समुहमा हेरीएको छ । किनकीयसबाट सबभन्दा बढी प्रभावितहुने उमेर समुहपत्तालगाउन सजिलो हुन्छ । माथिको प्रतिशतलाई हेर्दा १८ देखि ३० वर्ष समुहको उमेरमा ५८% श्रमीकहरु विदेश भएको पाइयो । ३० देखि ४० वर्ष उमेर समुहमा ३३% र ४० वर्ष भन्दामाथिको उमेर समुहमा ९% रहेको पाइयो ।

यस माथिका वैदेशिक रोजगारमा संलग्नभईरहेको श्रमीकहरुको उमेरगतहिसाबले हेर्दा युवाअवस्थाको मानिसहरु १८ देखि ३० सम्मको बढी सहभागी देखियो । यस उमेरका मानिसहरु बढी मानसिकतनाबमाबाहिर जाने,साथिभाई गएको देखेर जाने भने कोहि ढिलो जानु भन्दा सकेसम्म चाडै गई पैसा कमाउने गरेको देखियो । भने ३० देखि ४० वर्ष सम्मको अलिककम देखियो यस उमेर समुहकामानिसहरु पारिवारीक कारणले बढी गएको पाईयो भने ४० वर्ष भन्दामाथिको कम १ जनामात्रपाईयो । यो उमेर भन्दामाथिकामानिसहरु तेत्तिश्रम गर्न नसक्ने भएर फर्की सक्ने गरेको पाईयो ।

**तालिका नं.२ : वैदेशिक रोजगारमा संलग्नभई फर्किसकेकाहरुको उमेरगतविवरण**

| देश | १८-३० | ३०-४० | ४० देखि माथि | जम्मा |
|---|---|---|---|---|
| साउदी | १ | २ | - | ३ |
| दुबई | - | - | - | - |
| कतार | १ | २ | - | ३ |
| मलेशिया | २ | - | १ | ३ |
| जम्मा | ४ | ४ | १ | ९ |
| प्रतिशत | ४४.४४ | ४४.४४ | ११ | १०० |

स्रोत : स्थलगतअध्ययन, २०७८ ।

माथिको तालिका नं. २ मा वैदेशिक रोजगारमा संलग्नभईफर्की नेपालमै केहिन केहि पेशागरि बसी रहेकोहरुको उमेरगतविवरणलाई तिनभागमा देखाईएको छ। १८ देखि ३० वर्ष सम्मको वैदेशिक रोजगारमागई अब फेरी नजाने गरि बसेकाहरु ४४.४४% छन, ३० देखि ४० वर्षसम्मको ४४.४४ % र ४० वर्ष भन्दामाथिको ११% रहेका छन् ।

माथिको विवरणहेर्दा युवाअवस्थाकायुवाहरु विदेश गई फर्किआफ्नै देशमाविभिन्नव्यवसायमा संलग्नभईरहेको छन् । कोहि कृषी पेशा मै संलग्नभएको पाईयो । कोहि व्यापार व्यसायमा संलग्नभएको पाईयो भने कोही गाडी लगाई ड्राइभर भएको पाईयो ।

## ४.५पारिवारिक संरचना

परिवारप्रमुखआधारभुत सामाजिक संस्थाहो । परिवारबाट नै जैविक प्राणीको रुपमा रहेको मानिस सामाजिक रुपमा रुपान्तरीत हुने कार्यको थलानी हुन्छ । नेपालको सन्दर्भमापारिवारिक बनावटका आधारमाएकात्मक र संयुक्त परिवार रहेको देखिन्छ । एकात्मक परिवारले श्रीमान्, श्रीमती,तिनिहरुको अविवाहित छोराछोरीको संयुक्तबसोबासलाई बुझाउँछ भने संयुक्त परिवारमा एक दाम्पतीतीनभन्दा बढी वातीन पिढीका सदस्यहरु एकै साथ बस्ने गर्दछन् । यसै गरी परिवारको पालनपोषण वाजीवनस्तरलाई माथि उठाउने वा संचालन गर्नका लागि बेरोजागारका लागि वैदेशिक रोजगारमा संलग्नहुने वावैकल्पीक रुपमा

वैदेशिक रोजगार सदस्यहरु रोजगारका लागिसंरचनासँग जोडिएको हुन्छ । यसै सन्दर्भमाअध्ययन क्षेत्रको परिवारको विवरणलाईतालिका ३ मा देखाइएको छ ।

**तालिका नं ३ : वैदेशिक रोजगारमा संलग्नव्यक्तिहरुको पारिवारिक संरचनाको विवरण**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| संयुक्त | १४ | ६७ |
| एकात्मक | ७ | ३३ |
| जम्मा | २१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तलिका नं. ३ अनुसार अध्ययन क्षेत्रकाजम्मा घरधुरी मध्ये संयुक्त परिवारको बाहुल्यता देखियो । यसका साथै एकात्मक परिवारमाआफ्ना साना साना छोराछोरी र श्रीमतीलाई छाडेर वा बेरोजगारी समस्याका कारण जीवनयापन गर्न गाह्रो भएको कारण र धनकालागि आफन्तबाट टाढा रहेको अवस्था देखियो भने संयुक्त परिवारमापनि बढाबुढी आमाबाबा,श्रीमति, छोराछोरी, भाईबहिनीहरु लाई छोडेर जीविकोपार्जन गर्नकै लागिविदेश गएको देखियो । उहाँहरु आफ्नो आफन्तले स्वदेशमै रोजगारी पाएविदेश नपठाउने वा पैसाकालागिआफन्तलाई अर्को मुलुकमा पठाएको बताए । यसै गरी आफ्नो घरको पुरुषहरु महिलाको संख्यामा बढी सदस्य वैदेशिक रोजगारमा संलग्नभई सके पछि  परिवारको जिम्मेवारी (केटाकेटीको हेरबिचार, शिक्षा, दिक्षा, लालनपालन, स्वास्थ्यउपचार, पशुपंक्षीतथाबालिनालीको हेरचिार) महिलालाई पर्न गएको देखियो । जुन परिवार मात्रनभएर समाजिक रुपमा (भेला समारोह, मेलापात, कुलापानी, बाटोघाटो निर्माण, सामाजिकविबाहब्रतबन्ध) महिला नै सहभागी देखियो । पारिवारीक संरचनामापनिविशेषतएकात्मक परिवारमा घरमुलीश्रीमान वैदेशिक रोजगारमा संलग्न भएपछि एकातिर घर परिवारको सम्पुर्ण जिम्मेवारी महिलाले बहन गर्न परेकोले दोहोरो कार्यभार (घरभित्रर बाहिर) महिलामा पर्न गएको देखियो भने अर्को तर्फ पारिवारीक तथा सामाजिक रुपमामहिलाको सक्रिय सहभागिता सहने संस्कृतिको विकास भएको देखियो । जसलाई हामी समाजमा रहेको लैङ्गिक सम्बन्धमाआएको परिवर्तनका रुपमालिन सक्छौ ।

## ४.६जमीनको अबस्था

जमीनलाई विभिन्नतरिकाले बुझ्न सकिन्छ अर्थात यसको विभिन्न परिवेशमाविभिन्न अर्थ हुन सक्छ । तर सामान्य अर्थमाभन्नुपर्दा जमिनभनेको व्यक्तिवा परिवारको अचल सम्पतिहो । जहाँव्यक्ति रहन्छ आफ्नो पेशा सञ्चालन गर्ने गर्दछ वाआफ्नो जीविकोपार्जनको माध्यम बनाउछ । तर अहिले आएर जमीनलाई नगदवा खण्डीकरण गरी घर घडेरीमाविक्रिगरिरहेको अवस्था छ । जसलाई हिजोका दिनहरुमा खेतीपाति गर्ने वाअन्नउब्जाउनकालागिप्रयोग गरिन्थ्यो । यसै गरि व्यक्तिवा परिवारसँगभएको जमीनपनि वैदेशिक रोजगारसँग सम्बन्धित रहन्छ । किनकीआफ्नो जमिनकमर भएको जमिनमापनि खेतिपाति राम्रो नहुने अवस्थाभएमाआफु र आफ्नो परिवारको जिवीकाचलाउनव्यक्ति वैदेशिक रोजगारमा संलग्नहुनुपर्ने अवस्था रहन्छ । वैदेशिक रोजगारमा संलग्न परिवारको जमिनको अवस्थालाई निम्नलिखीततालिकामा प्रस्तुतगरिएको छ ।

**तालिका नं.४ : वैदेशिक रोजगारमा संलग्न घरपरिवारको जमिनको विवरण**

| जमिन | संख्या | प्रतिशत |
|---|---|---|
| १ देखि ५ कट्ठा सम्म | १ | ५ |
| ५ देखि १० कट्ठा सम्म | २ | १० |
| १० देखि १५ कट्ठा सम्म | ५ | २४ |
| १५ देखि २० कट्ठा सम्म | ७ | ३३ |
| २० कट्ठा देखि माथी | ६ | २८ |
| जम्मा | २१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७८।

तालिका नं.४अनुसार, वैदेशिक रोजागरमा संलग्न परिवारको जमिन के कतिमात्रामा छ भन्ने विवरणलाई विश्लेषण गरिएको छ । वैदेशिक रोजगारमा संलग्न २१ जनालाई लिइएको छ । जसमध्ये १५ देखि २० कट्ठासम्म हुने परिवार बढी अर्थात ७जना देखियो । जसमध्ये १ देखि ५ कट्ठा सम्महुने परिवार १ देखियो । ५ देखि १० कट्ठा सम्म हुने परिवार २ देखियो । १० देखि १५ कट्ठा सम्म हुने ५ देखियो । भने १५ २० कट्ठाभन्दामाथिजमीनहुने ६ जना देखियो ।

वैदेशिक रोजगारमा संलग्न परिवारको जमिनको मात्रालाई हेर्दा सबै भन्दा बढी १५ देखि २० कट्ठा सम्मको (३३.३%) जमीनहुने परिवार देखियो । तसर्थ जमिनकमहुने र बढी हुने अर्थात खानपुग्ने  र नपुग्ने सबै खालको परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न पाइन्छ । जमीनहुने परिवारको सहभागीको भनाई अनुसार आफ्नो भएको जमीनको उत्पादनले वर्षभरी खानपुगेतापनि छोराछोरी पढाउन र अन्यखर्च गर्न जमिनको उत्पादनले नपुगेकोले वैदेशिक रोजगारमा वैकल्पीक पेशाको रुपमाआफ्नो परिवारको सदस्य संलग्नभएको बताएभने जमीनकमहुने परिवारले आफ्नो जीवननिर्वाहकालागिवर्षै भरी मजदुरी र ज्यालादार गर्नुपर्ने बाध्यताभएकाले परिवार चलाउन मुस्कीलभएको कारण आम्दानी बढाउनको लागिआफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्नहुनु परेको बताए ।

**४.७सहभागीहरुको पेशाविवरण**

पेशाभन्नाले कुनै पनिव्यक्तिले गर्ने कामवा रोजगार हो । यो मुख्य रुपमाजीविकोपार्जन संचालन गर्न वाजीवनजीउनकालागिगरिने पेशाहो । यस पेशालाई पनिहामीआधुनिकवा परम्परागत गरी दुईभागमाविभाजन गर्न सकिन्छ । अर्थात पेशामापनि समय र ठाउँ अनुसार परिवर्तन गर्न सकिने अवस्था रहेको छ । यसै गरी पेशाले आर्थिक पक्षसगँजनिकको सम्बन्ध राखीजीविकोपार्जनलाई असर पारिहेको हुन्छ । यसले प्रत्यक्ष रुपमाव्यक्तिवा परिवारको आयआर्जनमा असर पार्ने गर्छ । किनकी पेशा नै अर्थोपाजनको माध्यमहो । यसाका साथै पारिवारिक पेशाले पनि वैदेशिक रोजगारमा सम्बन्ध राखेको हुन्छ । किनकीयहिपारिवारीक पेशाले उनीहरुको परिवारको जीवनवाजीविका राम्रो सँग चलिराखेको अवस्थामा वैदेशिक रोजगार वैकल्पीकमाध्यमबन्न सक्छ । तर अन्यथा यो बाध्यात्मकअवस्थाहुन जान्छ । यसै सन्दर्भमा परिवारका धरै सदस्यहरुको सहभागिता र समयको आधारमातालिका नं. ५मा वैदेशिक रोजगारमा संलग्न परिवारको मूख्य पेशालाई प्रस्तुतगरिएको छ ।

**तालिका नं. ५ : वैदेशिक रोजगारमा संलग्न परिवारको पेशागतपारिवारिक विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ११ | ५२.३८ |
| व्यापार | ४ | १९ |
| वैदेशिक रोजगार | ३ | १४.२८ |
| नोकरी | ३ | १४.२८ |
| जम्मा | २१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका नं. ५ अनुसार वैदेशिक रोजगारमा संलग्न घरधुरीको पेशागतविवरणलाई विश्लेषण गरिएको छ । अध्ययनक्षेत्रबाट वैदेशिक रोजगारीमा संलग्न यस समुदायबाट २१ घरधुरी मध्ये कृषि पेशामा ११जना ५२.३८% घरपरिवारका सदस्य, व्यापारमा ४ जना १९%, वैदेशिक रोजगारमा ३ जनार नोकरीमा ३ जना१४.२८% रहेको पाइयो । अध्ययनक्षेत्रको कूल घरधुरी मध्ये बहु संख्यक घर कृषी पेशामा रहेको पाइयो । र उक्तपेशाले पनिवर्ष भरी खाननपुग्ने तथाआफ्नाआवश्यकताहरु पुरा गर्नका लागि वैदेशिक रोजगारमागएको अवस्था देखियो । तालिकामा कृषीबाहेक देखिएकाअन्य परिवारको पेशाभएपनि कृषीलाई सबैले अँगालेको देखियो । अर्थात वैदेशिक रोजगारले व्यक्तिको पारिवारीक पेशामाक्रमशः परिवर्तन आएको कुरा देखियो । यस तथ्याङ्कबाट के प्रष्ट  देखीयो भने युवा पिढीको वौदेशिक रोजगारीमा सहभागीता देखिएपनि परम्परागत कृषी गरी जीविकोपार्जन गर्ने प्रणालीमा परिवर्तन आएको देखिदैन । केहीव्यक्तिहरुले भने वैदेशिक रोजगारम संलग्न भएपछि आम्दानीमा सुधार भएकाले परिवारले गरी आएको पेशामा परिवर्तन गरेका बताएभने केहि परिवारले कृषी पेशा छाडेर व्यापार व्यवसायमा संलग्नभएको बताए । जसको सम्बन्धचाहि वैदेशिक रोजगार रहेको देखियो ।

**४.८सहभागीहरुको शैक्षिकविवरण**

मानिस जन्मिए देखि मृत्युपर्यन्त प्राप्तगरिने सम्पुर्ण अनुभवलाई शिक्षा भनिन्छ । विद्यालयको चौघेरा भित्र रहेर दिईने औपचारिक शिक्षालाई हामीशिक्षा भन्दछौ । खास वैदेशिकरोजगारमा

संलग्नभएकाव्यक्तिहरु के कतिको शिक्षाप्राप्तगरि विदेश गएका रहेछन भनि यस तलको तालिकामा देखाउनखोजिएको छ ।

**तालिका नं. ६ : वैदेशिक रोजगारमा संलग्नभएकाव्यक्तिहरुको शैक्षिकविवरण**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| साक्षर | १९ | ९५ |
| निरक्षर | २ | ५ |
| जम्मा | २१ | १० |

स्रोत : स्थलगतअध्ययन २०७८

तालिका नं. ६ मा वैदेशिक रोजगारमा संलग्नभएको व्यक्तिहरुको शैक्षिक स्थीतिको बारेमा प्रस्तुतगरिएको छ । जसमा २१ जनामध्ये २जना ५% ले निरक्षर भनेका छन् । भने १९जना ९५% ले साक्षर बताएका छन् ।

यस तालिकाबाट यस ठाउँका मानिसहरु सबै जना साधरण पढलेख गर्न जानेकाहरु नै वैदेशिक रोजगारमागएकाबताएका छन् । यी निरक्षर २ जनापनि साधरण पढलेख गर्न सक्ने बताउनु हुन्छ । विद्यालय सम्मगई शैक्षिक प्रमाण पत्रभने नभएको बताउनु हुन्छ । यी २१ जनामध्ये धेरैले प्लस टु सम्मको अध्ययनगरि वैदेशिक रोजगारमा संलग्नभएको पाईयो भने १ जनाले स्नातकपास गरि कतार जाने पनिपाईयो ।

## ४.९वैदेशिक रोजगारमा संलग्नता

जुन सुकै समाजमापनिविभिन्नजातजातिको बसोबास रहेको हुन्छ । जातको आधारमाकामवापेशाको वर्गीकरण गरिएको हुन्छ । तर अहिले आएर वैदेशिक रोजगारमा सबै जातको संलग्नता रहनेहुँदा यस क्षेत्रबाट पनिविभिन्नजातकामानिसहरु वैदेशिक रोजगारमा संलग्नता देखिन्छ । यस क्षेत्रबाट जीविकोपार्जन गर्नका लागिपुरुषमहिलादुवै लिङ्गकामानिसहरु सहभागिभएका छन् भने पुरुषहरुको तुलनामामहिलाहरु अलिककममात्रामा वैदेशिक रोजगारमा संलग्नभएको देखिन्छन् ।

**तालिका नं ७ :मावैदेशिक रोजगारमा संलग्न लैङ्गिकविवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ४ | १९.०४ |
| पुरुष | १७ | ६६.६६ |
| जम्मा | २१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका नं.७अनुसार अध्ययन क्षेत्रको वैदेशिक रोजगारमा संलग्न घरपरिवारको लिङ्गको आधारमा हेर्दा महिला  र पुरुषदुवैको सहभागिता देखियो । जसमाजम्मा संख्या २१ जनामा घरपरिवारको अध्ययनगर्दा पुरुषको संख्या १७जना र महिलाको संख्या ४ जना देखियो । जुनप्रतिशतको आधारमा हेर्दा पनि  पुरुषहरुको तुलनामा (६६.६६) महिलाको संख्या ( १९.०४) मान्यून रहेको देखियो ।

## ४.१० वैदेशिक रोजगारमाजानु पर्ने कारण

नेपालमाभएको बेरोजगारी समस्याले गर्दा, आफ्नो जीवनशैली सरल र सहजपार्नका लागिविविधअवसरको खोजी ( धेरै अवसर, राम्रो जीवनयापन, अध्ययन, स्वतन्त्रता, धेरै कमाई) आदि कारण रोजगारको लागिविदेश जाने क्रम बढीरहेको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न घरपरिवारको धारणा अनुसार के कारणले गर्दा वैदेशिक रोजगारमा संलग्नहुनुपरेको धारणालाई तालिका नं. ८मा प्रस्तुतगरिएको छ ।

**तालिका नं.८ :वैदेशिक रोजगारमाजाने कारणहरुको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| घरपरिवारको सल्लाहले | ५ | २३ |
| गरिबीको कारणले | १० | ४८ |
| साथीभाई गएको देखेर | ३ | १४.२८ |
| धेरै कमाई गर्न | ३ | १४.२८ |
| जम्मा | २१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८

तलिका नं.८मा वैदेशिक रोजगारमाजानु पर्ने कारण के हो भन्ने सम्बन्धमाविश्लेषण गरिएको छ । जसमा वैदेशिक रोजगारमा संलग्न २१ जनालाई लिईएको छ र जस मध्ये सबै भन्दा बढी गरिबीको कारणले १० (४८%)जनावैदेशिक रोजगारमा संलग्नभएको देखियो । भने घरपरिवारको सल्लाहले ५ (२३%) जना, धेरै कमाई गर्न ३ (१४.२८) जना र साथीभाई गएको देखेर जाने ३ (१४.२८%)जना  वैदेशिक रोजगारमा संलग्न देखियो ।

यसरी वैदेशिक रोजगारमाजानु पर्ने कारणलाई तुलनागर्दा सबै भन्दा बढी गरिबीको कारणले देखियो भने सबै भन्दाकम साथीभाई गएको देखेर आफु पनिजाउन त भन्ने हिसाबले थोरै ३ जनागएको पाईयो । यसबाट के प्रष्ट हुन्छ भने गरिबीको कारण आफ्नो आवश्यकताहरु पुरा गर्न नसकीजीविकोपार्जन गर्नकै लागि यस ठाउँबाट धेरै युवाहरु वैदेशिक रोजगारको बाटो संलग्नभएको देखियो ।

## ४.११आम्दानी

कुनै पनिव्यक्तिवा परिवारले पेशाको आधारमा गरेको पारिश्रमीकनगदवाजिन्सिको संकलनलाई आम्दानी भनीन्छ । जुन पेशा संग प्रत्यक्ष सम्बन्धीतहुने गर्दछ । किनकीकुनै पनि घरपरिवारको आम्दानीको आधारमाउनीहरुको जीवन सञ्चालन सहजवा कठीन हुनेद्दगर्दछ । व्यक्तिले आफ्नो जीवननिर्वाह गर्ने क्रममाविभिन्न पेशातथाकामहरु गर्नेगर्दछ, जुन आम्दानीबाट आफ्नो परिवार सन्चालनमा समस्याआई लाग्नथाले पछि अन्यआम्दानीकाआम्दानीका स्रोतहरु पहिल्याउन थाल्दछ । यस्तो अवस्थावा समस्याले गर्दा हाम्रो जस्तो विकासन्मुख देशकानागरिकहरुलाई रोजीरोटीका लागि वैदेशिक रोजगार एउटा उपयुक्तमाध्यम बनेको छ । जसले गर्दा धेरै व्यक्तिहरुले आफ्नो आर्थिक अवस्था सुधार गरेको पनिविभिन्नअध्ययनहरुमा देख्द सकिन्छ । अध्ययनलाई वैधानीतथातार्किक बनाउनकालागि वैदेशिक रोजगारमा संलग्नभए पछि उनीहरुले आफ्नो  घरपरिवारलाई पठाउने आम्दानीको विवरणलाई निम्नलिखिततालिकामा प्रस्तुतगरिएको छ ।

**तालिका नं. ९: वैदेशिक रोजगारमा संलग्नभए पछि घरपरिवारलाई पठाउने मासिक रकम ( विप्रेषण) को विवरण**

| मासीकआम्दानी(विप्रेषण) | संख्या | प्रतिशत |
|---|---|---|
| १० देखि २० हजार सम्म | ४ | १९ |
| २० देखि ३० हजार सम्म | ७ | ३३.३३ |
| ३० देखि ४० हजार सम्म | ८ | ३८ |
| ४० हजार देखि माथि | २ | ९ |
| जम्मा | २१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका नं. ९माआफ्नो देशको परिधी नाघेर गई गरिएको परिश्रमको तलबवाविप्रेषण के कतिआफन्तलाई आफ्नो देशमा पठाउछन् भन्ने सम्बन्धमाविश्लेषण गरिएको छ । जसमा एक महिनामा१० देखि २० हजार सम्म विप्रेषण पठाउने ४ (१९%) जना, २० देखि ३० हजार सम्म ७ (३३.३३%) जना, ३० देखि ४० हजार सम्म ८ (३८%) जना र ४० हजार भन्दा बढी पठाउनेको सख्या २ (९%) जना देखियो ।

यसरी सबै भन्दा बढी विप्रेषण प्राप्तहुनेमा ३० हजार देखि ४० हजार सम्मको परिवार देखियो भने सबै भन्दाकम ४० हजार भन्दामाथीविप्रेषण प्राप्त गर्ने गरिवार २ जना देखियो । यसबाट पनि के थाहा हुन्छ भने यसरी युवाहरु वैदेशिक रोजगारमा संलग्नभए पछि उनीहरुले पाएको पारिश्रमीकज्यालाआफन्तलाई पठाई परिवारको जीविकोपार्जन गरिरहेको छ । यसरी भित्रिएको विप्रेषणले आफ्नो आवश्यकताहरु पुरा गर्नमाखर्च गरिरहेको देखिन्छ ।

# अध्यायपाँच

## विप्रेषणले जीविकोपार्जनमापारेको सामाजिकप्रभाव

यस अध्यायमाविप्रेषणले जीविकोपार्जन गर्ने तौरतरिकामाआएको परिवर्तनको सम्बन्धमाविश्लेषण गर्नको लागि वैदेशिक रोजगारमा संलग्नव्यक्ति र आफन्तहरुको व्यक्तिगतभोगाईका कुराहरु, अन्तरवार्ता, वैयक्तिकअध्ययनतथाअवलोकन विधिबाट प्रष्ट पार्ने कोशिसगरिएको छ ।

### ५.१विप्रेषणले जीविकोपार्जनमापारेको प्रभाव

यस अध्यायमा वैदेशिक रोजगारमा संलग्नभई कमाएको पैसा आफ्नो देशमा पठाईएको विप्रेषणले उनीहरुको जीवनमाल्याएको जीविकोपार्जनको परिवर्तन सम्बन्धमाविश्लेषण गरिएको छ । जसकालागि वैदेशिक रोजगारमा संलग्नव्यक्तिहरु तथाउसका घरपरिवारसंग प्रत्यक्षअन्तरवार्ता, वैयक्तिकअध्ययन, अवलोकनआदी विधीहरुबाट आएकाजानकारीहरुको आधारमाविप्रेषणले जीविकोपार्जनमापारेको प्रभावबारेमा प्रष्ट पार्दै वैदेशिक रोजगारको अवस्था र विप्रेषणबारेमा प्रष्ट पार्ने कोशिस गरिएको छ ।

सामाजमाव्यक्तितथा परिवारको आ-आफ्नै भूमीका रहेको हुन्छ, जसले समाजलाई निरन्तर अगाडी बढाउन महत्वपूर्ण भूमीका खेलेको हुन्छ । वैदेशिक रोजगारमा संलग्न घरपरिवार संग विप्रेषणले जीविकोपार्जनमाल्याएको सामाजिक परिवर्तन बारेमा छलफल तथा कुराकनीगरि उनीहरुको भनाइहरुलाई विश्लेषण गरिएको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारसंग संलग्नव्यक्तितथा परिवारसंग गरिएको कुराकानीको साराशंलाईपेशा, खाना, पोशाक, परम्परा, चाडपर्व(चालचलन), सीप आदिमाके कस्तो परिवर्तनहरु ल्याए त विप्रेषणले भन्ने विषयलाई यहाँतालिकामा प्रष्ट पार्ने कोशीश गरेकी छु

#### ५.१.१ पेशामाआएको परिवर्तन

मानिसले जीवनबचाउनकालागिकामगरिरहको हुन्छन् । जुनहामीले गर्ने कार्यहरुले जीवनकाआवश्यकताहरुलाई सुरक्षित गर्ने गर्दछ । र हामीले गर्नेकार्यको आम्दानीहरु बाट नै हाम्रो जीवनशैली कसरी गुँजारा गर्ने भन्ने निर्धारण हुने गर्दछ । यसै जीविकोपार्जन गर्ने सन्दर्भमाहामीविभिन्न पेशा अपनाउछौ । जसमा वैदेशिक रोजगार एक पद्धति भनेको छ र

यसबाट पेशामाविप्रेषणले के कस्तो परिवर्तनहरु आएका छन त भन्ने विषयलाई तालिकामा प्रस्तुत गर्न खोजीएको छ ।

**तालिका नं. ९ :विप्रेषणले पेशामापारेको परिवर्तन सम्बन्धीविवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| बचत गर्ने बानी बसेको | १० | ४८ |
| समय अनुसार जीवनव्यक्तित गर्न बानीभएको | ६ | २८ |
| सीपमुलकजीवनगुँजारा गरेको | ५ | २४ |
| जम्मा | २१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका नं. ९अनुसार वैदेशिक रोजगारीमा संलग्न घरपरिवारको भनाईहरुको आधारमा रोजगारमा संलग्नभए पछि उनीहरुको जीविकोपार्जनमाआएको परिवर्तनको अवस्थाकाबारेमाविश्लेषण गरिएको छ । वैदेशिक रोजगारीको सम्बन्धप्रत्यक्षआर्थिक कृयाकलाप संग देखिएतापनियसले समाजकाविविधपक्षहरुमा सहत्वपूर्ण प्रभावपारिरहेका हुन्छ । यस अध्ययनक्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न २१ जनामध्ये १०जना(४७%) उत्तरदाताहरुले विप्रेषणलाई बचत गर्ने बानी बसेको, ६ जना (२९%) ले विप्रेषणकै कारण समय अनुकुलजीवनबिताउन सहजभएको र ५ जना (२३%) ले  सिप सीकी नेपालमालागु गरि जीवनगुँजारा गरेको बताए ।

समाजमा वैदेशिक रोजगारमाजाने प्रचलन बढ्दै गयो । जसले गर्दा वैदेशिक रोजगारमा संलग्नभए पछि विप्रेषण भित्रीदै गयो ।उनीहरुले पैसा बचत गर्न थाले त्यहि पैसाले सिपमुलकतालिमहरु सीके र आफ्नो जीवन समयको मागअनुसार खान र लगाउनको कुनै समस्याभएन र उनीहरुको समाजिकअवस्थामाप्रत्यक्षप्रभावपारेको देखिन्छ ।

## ५.१.२ स्वास्थ्यमाआएको परिवर्तन

स्वास्थ्यभन्ने शब्दमानिस जन्मे देखि नमरे सम्म जीवनको हरेक पक्षसँग सम्बन्धित छ । स्वास्थ्यकाअसल खराब दुबै पक्ष हुन्छन् । असलपक्षभन्नाले व्यक्तिशारीरिकरुपले तन्दरुस्त,

मानसिकरुपले सचेत, कुनै पनिप्रकारको रोग नलागेको, स्वस्थ रहनकालागि वैज्ञानिक स्वास्थआचरण अपनाउनुलाई जनाउदछ । भने खराब पक्षभन्नाले यसै असलपक्षको विपरीत रहेको स्वास्थ्यभन्ने बुझीन्छ । हरेकमानिसको जीवनमा स्वास्थ्यले ठुलो महत्व राख्दछ । स्वास्थ्य असल भएमाजीवनको हरेक पक्षमामानिसले सफलताहासिल गर्न सक्दछ । त्यस कारण स्वास्थ्य नै धनहो भन्नेकुरामा कसैको पनिदुइमतहुदैन ।

स्वास्थ्यजनशक्ति सामाजिकविकासको एउटा महत्वपूर्ण अङ्गहो ।कतिपयमानिसहरु स्वस्थभई बाच्नचाहानाहुदाहुदै पनिआफ्नो आर्थिक स्थीतिको कारणले गर्दा खेरी निरोगीभई बाच्ने स्थीति देखिदैन ।यसै सन्दर्भमामानिसलाई स्वस्थभई रहनको लागिके कस्तो असर गरेको छ त विप्रेषणले भन्ने विषयलाई तलको तालिकामा देखाउनखोजिएको छ ।

**तालिका नं. १० : वैदेशिक रोजगारमाजानु भन्दापहिला स्वास्थ्यउपचार गर्ने चलनको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| धामीझाक्रीलगाउने | १५ | ७१ |
| औषधीउपचार गर्न डाक्टर जाने | ६ | २९ |
| जम्मा | २१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका नं. १० मा हेर्दा खेरी वैदेशिक रोजगारमाजानुभन्दापहिलाको स्वास्थ्यमा समस्याहरु आउदाअथवाविरामीपर्दा यस ठाउँका मानिसहरुले धामीझाक्रीलागाउनेको संख्या १५ जना (७१प्रतिशत) र अस्पताल सम्म गई उपचार गराउनेको संख्या ६ जना (२९ प्रतिशत) देखिएको छ ।

विप्रेषण प्राप्त गर्नु भन्दापहिला यस ठाउँका मानिसहरु पैसाको अभावका कारण विरामीहुदा अस्पतालमा भन्दा बढी धामीझाक्रीको विश्वास गर्ने गरेको देखियो ।

**तालिका नं. ११: वैदेशिक रोजगारबाट प्राप्तविप्रेषणको कारण स्वास्थ्यमाआएको परिवर्तनको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| धामीझाक्रीलगाउने | ५ | २४ |
| औषधीउपचार गर्न डाक्टर जाने | ११ | ५२ |
| जम्मा | २१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका नं.१०अनुसार वैदेशिक रोजगारबाट प्राप्तविप्रेषणले वैदेशिक रोजगारमा संलग्न घरपरिवारहरुको जीवनयापन गर्ने क्रममाउनीहरुले बिरामीहुदा गर्ने खर्चहरु र उपचार गर्ने तरिकामाके कस्तो परिवर्तन आएको छ वा छैन भनिविश्लेषण गर्न खोजिएको छ । यस विप्रेषणले स्वास्थ्य क्षेत्रमाप्रत्यक्ष असर पारिरहेको हुन्छ । यस अध्ययनक्षेत्रबाट विप्रेषण प्राप्त गर्ने २१ जनामध्ये ५ जना (२४%)ले विरामीहुदाँ डाक्टरको मात्रविश्वास नगर्ने र धामीझाक्रीको मा देखाउने देखियो भने धामीको विश्वार गर्नु हुदैन बेलैमा नै डाक्टरलाई देखाउनु पर्छ भन्ने मान्यताभएको ११ जना (५२%) देखियो ।

स्वास्थ्यमानिसहरुको आधारभुतआवश्यकताभित्र पर्दछ । जसलाई मानिसहरुले बिरामीहुदाउपचार गर्न पाई रहेको हुदैन । औषधोपचार गर्ने पैसा नभएकै कारण कयौ मानिसहरु अकालमा मरिरहेको हुन्छ । यस अध्ययनको क्षेत्रबाट विप्रेषण प्राप्त गर्ने घरपरिवारहरुले वैदेशिक रोजगारमा संलग्नभई सके पछि उनीहरुको स्वास्थ्यउपचार गर्ने तरिकामा परिवर्तन आई डाक्टरलाई देखाउने र औषधीखाने गरेको बताउने ५२ प्रतिशत देखिएको छ । पहिलाविरामीहुदाउपचार गर्ने पैसा नहुने र साहुमहाजनहरुलाई ऋण माग्नजादातिर्न सक्छ र भन्नेडरलेनपत्याएर नदिने दिई हाले पनिचर्को ब्याजदरमादिने कारणले रोग संग  लड्दै बाच्नु पर्थ्यो । तर अहिले बिरामीभई हाले राम्रो अस्पतालहरुमा उपचार गर्नको लागि पैसाको अभावनहुने गरेको बताए । बिरामीनहुदापनिआफ्नो स्वास्थ्य के कस्तो छ भनि अस्पताल गईरहने र स्वास्थ्यजाँचगरिरहने बताए । वैदेशिक रोजगारमा संलग्नभईसके पछि पैसाको अभावको कारण रोगले र भोकले मर्न नपरेको बताएकाथिए ।

### ५.१.३ खानामाआएको परिवर्तन

खानाभोजन हो, जसले पेटको भोक शान्त गर्छ । मानिसको बाच्नको लागिअति नै आवश्यक पर्ने बस्तु खानाहो । शरीरलाई चलमान राख्न, सक्रिय राख्न, तगडा राख्न, निरोगी राख्नखानाखानु पर्दछ ।संसारका हरेक मानिस स्वस्थ र तन्दरुस्त भएर जीवनजीउन चाहन्छन् । तर पनि केही न केही स्वास्थ्य समस्याले मानिसलाई ग्रसितबनाईरहेको हुन्छ । ताजा, पोषीलो, सन्तुलित र सुपाच्यखानेकुरा सेवन गर्ने गर्नु पने हुन्छ ।हामीले बाच्नको लागिखाने गरेको खानामापौष्टिक तत्वहरु मिलाएर खानामा के कस्तो परिवर्तन ल्याएको छ त आजको वैदेशिक रोजगारबाट भित्रीएको विप्रेषणले भनीतलतालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं. १२: वैदेशिक रोजगारमाजानु भन्दापहिलाको खानाखाने तरिकाकोविवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पोषणयुक्त खानाखानेको परिवार | ५ | २४ |
| पोषणयुक्त खानानखानेको परिवार | १६ | ७६ |
| जम्मा | २१ | १०० |

स्रोत : स्थलथत सर्वेक्षण, २०७८ ।

तालिका नं. १२ मा हेर्दा वैदेशिक रोजगारमाजानुभन्दापहिलाउनीहरुले खाने खानाको विवरणलाई देखाईएको छ । जसमापोषणयुक्त खानाखाने परिवार ५ जना (२४ प्रतिशत) देखिएको छ भने पोषणयुक्त खानानखाने जस्तो छ त्यस्तै बाच्नकालागिखानाखाने परिवार १६ जना (७६ प्रतिशत देखियो ।

**तालिका नं. १३: वैदेशिक रोजगारबाट प्राप्तविप्रेषणको कारण खानपानमाआएको परिवर्तनको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पोषणयुक्त खानाखानेको परिवार | १७ | ८१ |
| पोषणयुक्त खानानखानेको परिवार | ३ | १९ |
| जम्मा | २१ | १०० |

स्रोत : स्थलथत सर्वेक्षण, २०७८ ।

तालिका नं. १३अनुसार वैदेशिक रोजगारमा संलग्नभए पछिको विप्रेषण प्राप्त गर्ने घरपरिवारहरुको खानपानमा के कस्तो परिवर्तन आएको छ भनिगरिएको विश्लेषण प्रस्तुत गर्न खोजिएको छ । जसमाविप्रेषणको कारण यस अध्ययन क्षेत्रको खानपानमा परिवर्तनलाई हेर्नको लागिवैदेशिक रोजगारमा संलग्न२१ घरपरिवारलाई लिइएको छ । जसमध्ये विप्रेषण प्राप्त गर्न थाले पछि उनीहरुको खानपानमा परिवर्तन आई  शरीरिलाई चाहिने पौष्टिक तत्वहरुको ख्यालगर्दै खानाखाने परिवारहरु छ १७जना छन् भने खास पौष्टिक तत्वहरुको ख्याल नगरि दुई छाक टार्ने खानपानमाखासै परिवर्तन आएको छैन भन्नेहरु ३ जना रहेको छ ।

वैदेशिक रोजागरमा संलग्नभए पछि विप्रेषण प्राप्त गर्न थाले । जसको कारण मानिसमाआर्थिक वृद्धि भयो । आफ्नो जमीननहुनेहरु अरुको बटीया गर्दा पनिवर्ष भरी खान नै धौं-धौं पर्ने हरुको लागि वैदेशिक रोजगार एक अवसर बन्नपुग्यो । जसको कारण वर्ष भरीको छाक कसरी टार्ने भन्ने चिन्ता हटेको र खानपानमा परिवर्तन आएको ८१ प्रतिशतउत्तरदाताहरले बताउछन् । वैदेशिक रोजगारमा संलग्नहुनु भन्दापहिला यस ठाउँका मानिसहरुको लागि मीठोमसिनो (माछा,मासु) जस्ता परिकार खानदशै नै आउनु पर्ने वा त कुनै चाडवाड नै तर अहिले हरेक दिन जस्तो मीठोमसिनो नै खाने गरेको बताउछन् । एक छाक मासु खानको लागिमहिनौ पर्खिनु पर्ने खान परे पनि एक देखि दुई घण्टा सम्मको बाटो हिडेर जानु पर्थ्यो । तर अहिले घर घरमा मान्छेहरु वैदेशिक रोजगारमा संलग्नभए पछि व्यवसायीक रुपमाबोइलर फार्महरु खोल्न थाले जसको कारण नजिकभयो र खान मन लागे पाँच देखि दशमीनेटको बाटो गए पाउछ । पहिला-पहिला जस्तो मासुको ठेग (पैसा) तिर्न सक्दैन भनिमासु सम्म नदिने समस्या छैन । आजभोलीत्यस्तो पहिलाको जस्तो पैसाको समस्यानहुने गाउमा सरसापट पनिपाइने आजआफु संग छैन भने अर्को छिमेकी संग सरसापट पाईने गरेको बताए । विप्रेषणप्राप्त गर्न थाले पछि नै पैसाको अभावमहशुस कमहुदै गएको पाइयो । विप्रेषणको कारण नै बजारीकरण भित्रीदै गयो र पहिलाको जस्तो खानामा भात र तिउन(तरकारी), खाजामाबासी भात वा भुटेको मकै भटमासको चलन हराउदै गयो । अहिले त चटपटे, पानिपुरी,चाउचाउ, म.म, चाउमीन जस्ता खानथालेको जो घरमाबनाएर खाने घरमानभएहोटलमा किनेर खाने चलनभित्रिएको बताए ।

### ५.१.४ पोशाक

मानिसको आधारभूतआवश्यकताभित्रको एक कपास(पोशाक) पनिहो । मानिसले शरीर छोप्नको लागि शरीरमालुगालगाउने गर्दछन् । जुन समयानुसार, सँस्कृतिअनुसार, ठाँउ अनुसार, उमेर अनुसार फरक-फरक खालको लगाउने गर्दछन् । मानिस स्वस्थ रहन र सन्दर राम्रो देखिनको लागिविभिन्नखालको कपडा साथै सुनचाँदीका गरगहनालगाउने गरेको पाईन्छ । अब त मानिसहरुलाई गरहगनापनिअतिआवश्यकीय वस्तुको रुपमालिनथालिसकेका छन् ।

यसै गरि अहिलेको समयमा समय अनुसारको कपडा नभएमामानिसलाई बाच्नको लागिगाह्रो हुने गर्दछ । यसै क्रममाविप्रेषणले हामीले लगाई रहेको पोशाक, गरगहनामा परिवर्तन आएको देख्न सकिन्छ । जसलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं. १४ : वैदेशिक रोजगारबाट प्राप्तविप्रेषणको कारणले पोशाक( लुगा,गरगहना)माआएको परिवर्तनको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कुर्था सुरुवाललगाउने | ६ | २९ |
| जिन्स पाइन्ट सर्ट लगाउने | ७ | ३३ |
| साडी चोलीलगाउने | २ | १० |
| दौरासुरुवाललगाउने | १ | ५ |
| सुन चाँदीको गरगहनालगाउने | ५ | २३ |
| जम्मा | २१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका नं. १४ अनुसार वैदेशिक राजगारबाट प्राप्तविप्रेषण प्राप्तहुनथाले पछि उनीहरुको घरपरिवारको पोशाक (लत्ताकपडा) के कस्तो परिवर्तन आएको छ भनिविश्लेषण गरिएको छ । जसमा २१ जना  वैदेशिक रोजगारमा संलग्न परिवारलाई लिईएको छ । यीमध्येकुर्था सुरुवाललगाउने ६ जना, जिन्स पाईन्ट सर्ट लगाउने ७जना साडीचोलालगाउने २ जना, दौरासुरुवाललगाउने १ जना र गरगहना(सुनचाँदीलगाउने ५ जनाले बताए ।

वैदेशिक रोजगारमा संलग्नभई सकेपछि यस अध्ययन क्षेत्रको मानिसहरुले विप्रेषण प्राप्त गर्न थाले जसले गर्दा उनीहरुले लगाउने कपडाहरुमा परिवर्तन आएको देख्न सकिन्छपहिलापहिला चौबन्दीफरिया, दौरासुरुवाल, घाँगरहरु  लगाउने चलनथियो तर अहिले जिन्सपाईन्ट सर्ट, कुर्था सुरुवालहरु लगाउनेको संख्या बढी देखियो ।गरगहनामापनि बढी खर्च गर्ने गरेको देखियो ।विप्रेषणकै कारणले गर्दा आज यो ठाउँको मानिसहरु समयअनुसारको वा मैसम अनुसारको लुगा र गरगहनाहरु लगाउनथालेको बताउछन् । पहिला पैसाको अभावले वर्षमा एक पटक त्यो पनिदशैमानयाँ कपडा फेर्ने गर्दथे । दशैको बेलागाउँ देखि नजिकै रहेको बजारमागई अर्को दशैमातिर्ने गरि महंगोमाउद्यारो लुगाआफु अभिभावकलाई त काँपाउनु छोराछोरीहरुलाई किन्दीने गर्दथे तर अहिले नयाँलुगालगाउनदशै नै आउनु नपर्ने मैसम अनुसार जाडोमाबाक्लो-बाक्लो र गर्मीमापातलो-पातलो आफुलाई आवश्यक परे अनुसारको किन्ने गरेको बताए । वैदेशिक रोजगारमा संलग्नभए पछि नै विप्रेषणले आफन्त घरपरिवारलाई सुनचाँदीको गरगहनापनि टन्न लगाई दिन सकेको बताउछन् । लगाउने लुगाहरुमापनिपहिलाको र अहिलेकोमा परिवर्तन आएको बताउछन् । पहिला जस्तो साडी चोलालगाउन छाडेको अहिले त सबैले सजिलो मान्ने कुर्था सुरुवालवा सट पाइन्ट लगाउनथालेको बताए ।

### ५.१.५ परम्परामाआएको परिवर्तन

परम्परा भन्नाले धेरै समय अघि देखि चलिआएको विभिन्नकिसिमको रीतिथिती, प्रचलनप्रथाहरु हुन् । हाम्रो नेपालमा लेक, बेसी, पहाड, तराई आडिदकाल देखि बसोबास गर्दै आएका यस देशकाबासिन्दाहरुले आफ्नै भाषा र आफ्नै मुटुको स्पन्दनमाआफ्नाजीवनशैलीलाई सुन्दर, सरल र सुखमयबनाउनउनीहरु द्धारा सिर्जना गरिएको मनोवैज्ञानिक अभिव्यक्तिले कालान्तरमालोक संस्कृतिको रुप धारण गर्यो र यसैभित्रविविधलोक परम्पराहरु समावेश भएका पाइन्छ ।

आ-आफ्नै धर्म, संस्कृति, रीतिरिवाजअनुसारको बिवाह, ब्रतवन्धआदिकार्यहरु गर्ने गरेको पाईन्छ । जसमा समय र स्थीतिअनुसार परिवर्तनहरु आएको देखिन्छन् ।

**तालिका नं. १५ : वैदेशिक रोजागरबाट प्राप्तविप्रेषणको कारण सामाजिक परम्पराकार्य/चाडबाड मनाउने चलनमाआएको परिवर्तनको विवरण**

| विवरण | संख्या | | | | जम्माउत्तरदाता | जम्माप्रतिशत |
|---|---|---|---|---|---|---|
| | छ | प्रतिशत | छैन | प्रतिशत | | |
| बढी खर्च गरि खानाखुवाउने( भक्तियार) लगाउने चलनमा परिवर्तन आएको | १८ | ८५ | ३ | १५ | २१ | १०० |
| जन्मउत्सबमनाउने चलनमा परिवर्तन आएको | १५ | ७१ | ६ | २९ | २१ | १०० |
| लुगा(पोशाक) मा परिवर्तन आएको | १२ | ५७ | ९ | ४३ | २१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका नं. १५माविप्रेषणको कारणले यस अध्ययन क्षेत्रमा सामाजिककार्य(बिबाह,ब्रतबन्ध, गुनिउचोली, पास्नीआदी गर्ने सामाजिक परपम्परा गर्ने तरिकामाके कस्तो परिवर्तन आएको छ वा छैन भनिविश्लेषण गर्न खोजीएको छ । जसको लागि वैदेशिक रोजगारमा संलग्न २१ घरपरिवारलाई समाबेश गरिएको थियो । जसमाअहिलेको समयमा सामाजिककार्यहरु बिबाह, ब्रतबन्ध, गुनिउचोलीजन्मउत्सवहरु गर्दा गरिने खर्च र खुवाईने परिकारहरुमा परिवर्तन आएको छ भन्नेमा १८ जना(८५%), र परिवर्तन आएको छैन भन्नेहरुमा ३ जना(१५%) देखियो ।जन्मउत्सबमनाउदागरिने चलनमापरिवर्तन आएको छ भन्नेमा १५ जना (७१%) र परिवर्तन आएको छैन भन्नेमा ६ जना (२९%) देखियो भने यीकार्यहरु गर्दा लगाईने लुगा गरगहनावापहिरनमा परिवर्तन आएको छ भन्नेमा १२ जना (५७%) र छैन भन्नेमा ९ जना (४३) प्रतिशत देखियो ।

मानिसहरु आ-आफ्नो धर्म अनुसारको मासाजिककार्यहरु पनि फरक-फरक हुने गर्छ । मनाउने चलनपनि फरक नै हुने गर्छ । बिबाह, ब्रतबन्ध, गुनीउचोला, पास्नीआदिआजभोली समाजमाभव्यतरिकाले मनाउछन् । पहिलापहिलाबारीको पाटामा पराल आछ्याएर बसी टपरीमा चार पीस मासु र भात खाने चलनअहिले टेबल कुर्सीमाबसीपुलौ र थरी थरीकाखाने चलनआयो । कसको भन्दा कसको राम्रो कस्ले बढी गर्न सके भन्ने तिर पो लाग्नथालेका छन् । महिनामागाउँमादुई देखि तीनजनाको जन्मदिनमनाउनथाले । हरेक कार्य गर्दा लगाईने लुगावा गरगहनाउसले भन्दाफलानोको राम्रो धेरै भनिलगाउनथालियो ।यसरी हरेककार्यहरुमा पैसा खर्च गर्न थाले जसको कारण वैदेशिक रोजगारबाट प्राप्तविप्रेषण नै हो ।

### ५.१.६ चाडपर्वमाआएको परिवर्तन

चाडपर्व भन्नाले कुनै खास दिनतथातिथिमाविभिन्नजातजातिकातथा समुदायकामानिसहरुले विशेष पर्वको रुपमामान्ने र विभिन्न देवदेवीहरुको पूजाआजा गरी भोज भतेर खाई नाचगान गरी रमाईलो गर्ने दिनलाई भनिन्छ । सामाजिक महत्वड चाडपर्व पारिवारिक वा सामाजिक सम्बन्धलाई मजबुतपार्ने साथै जीवनरुपीउकालीओरालीबीचआउने चौतारी हुन् चाडपर्व । चाडपर्वको बेलामाआफ्नाआफन्तहरु एकै ठाउँमा भेलाहुने खानपान, मनोरञ्जन गर्दैदुःख सुखबाँड्ने गर्दछन् ।

अहिलेको समयमा चाडपर्व मनाउने चलनमापनि केहि परिवर्तनहरु आएको देखिन्छ । जसलाई तल तालिकामा देखाईएको छ ।

**तालिका नं. १६ : वैदेशिक रोजगारमा संलग्नभए पछि विप्रेषणको कारण चाडपर्वमाआएको परिवर्तनको विवरण**

| विवरण | संख्या | | | | जम्माउत्तरदाता | जम्माप्रतिशत |
|---|---|---|---|---|---|---|
| | छ | प्रतिशत | छैन | प्रतिशत | | |
| देखासिखीमा बढी खर्च गर्ने | १९ | ९० | २ | १० | २१ | १०० |
| मिठो-मिठो परिकारहरु र फेसन-फेसनको कपडा/गरगहनालगाउने | १५ | ७२ | ६ | २८ | २१ | १०० |
| आफ्नो सस्कार नहुदा छिमेकीको संस्कार पनिमनाउने | १७ | ८१ | ४ | १९ | २१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

माथिको तालिका नं.१६अनुसार वैदेशिक रोजगारबाट प्राप्तविप्रेषण प्राप्त गर्न थाले पछि आफुले मनाउदै र मान्दै आईरहेको चाडपर्वहरु दशै, तिहार, तिज छठ, क्रिशमस, साकेलाआदीपर्वहरुमा के कस्तो परिवर्तनहरु आएको छ भनि हेर्न वैदेशिक रोजगारमा संलग्न २१ घरपरिवारहरुलाई समावेश गरी हेर्दा देखासिखीमा बढी खर्च गर्ने चलनमा परिवर्त आएको छ भन्नेमा १९ जना (९०%), छैन भन्नेमा २ जना (१०%), चाडपर्वहरु मनाउदाखानेखाना, लगाउने कपडा र गरहगनामा परिवर्तन आएको छभन्नेमा १५ जना (७२%), छैन भन्नेमा ६ जना (२८%) र अन्यविविधपर्वहरुमाजुनआफ्नो सँस्कार अनुसार मनाउदैन तर पनि छिमेकीले मनाउछन् भने आफुले पनिमनाउने चलनमा परिवर्तन आएको छ भन्नेमा १७जना (८१%) र छैन परिवर्तन आएको भन्नोमा ४ जना (१९%) देखियो ।

जब मानिसहरु वैदेशिक रोजगारमाजानथाले र विप्रेषणहरु पठाउन थाले त्यस पछि यस गाउँमाआफ्नो चाडपर्व मनाउनको लागि सहजभएको बताउछन् । पहिलापहिला पैसाकै अभाबले गर्दा चाडपर्वहरुधुमधामकासाथले मनाउननसकेको बताए। दशैतिहार जस्तो महान चाडमा पनि पैसाको अभावमामनले चाहे अनुसारको खर्च गर्न नसक्ने गरेको आवश्यकताअनुसारको नयाँ कपडा मीठा परिकारहरु खानधौँ धौँ हुने आउनापाउनाआउदापनि अफ्ठेरो महशुस हुने गर्दथ्यो । तर अहिले चाहे अनुसारले हरेक पर्वहरु धुमधामका साथमनाउने गरेको बताउन् । दशै तिहार मात्र हैन अहिले आफ्नो जातिअनुसारको हरेक पर्वहरु मनाउने चलन गरेको बताउछन् । अहिले खुलेर खर्च गरि चाडपर्वहरु मनाउछन् । भुजेल जातिहरुले राईहरुको साकेलानाची रहेको हुन्छ । क्रिश्चीयनहरुको क्रिसमशहिन्दुहरुले मनाईरहेको हुन्छ ।

**तालिका नं. १७ :आर्जित (कमाएको) रकम(विप्रेषण) उपयोगको विवरण**

| विप्रेषणको उपयोग | संख्या | प्रतिशत |
|---|---|---|
| शिक्षामा | ५ | २४ |
| घर बनाउनमा | ४ | १९ |
| जग्गाजमिनकिन्नमा | ३ | १४ |
| ऋण तिर्नमा | ७ | ३३ |
| अन्य | २ | १० |

| | | |
|---|---|---|
| जम्मा | २१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका नं.१७मा वैदेशिक रोजागारमा संलग्नभए पछि प्राप्त गरेको विप्रेषण के माखर्च के कति गरे भनिविश्लेषण गरिएको छ । जसको लागि २१ घरपरिवारलाई लिइएको छ । यस विप्रेषण सबै भन्दा बढी खर्च आफुले विदेश जाने बेला र अरु घरखर्चको बेलाचलाएकाहरुले आफ्नो ऋण तिरेको ७जना (३३%) ले बताए । शिक्षामा बढी खर्च गर्ने ५ जना(२४%), घर बनाउनमा ४ जना(१९%), जग्गाजमीनकिन्नमा ३ जना(१४%)र अन्यखर्च गर्नेमा २ जना(१०%) देखियो ।

आफ्नो देशमाआफुले भने जस्तो जागीर नहुदाभएको जागीरमातलब सुविधाको राम्रो व्यवस्थानहुदाअहिले धेरै युवायुवतिहरुको लागि परिवारको जीविकोपार्जन गर्ने गराउने पाटो बनेको छ वैदेशिक रोजगारजहाँआफ्नो देशको परिधी नाघेर गई सके पछि उनीहरुले गरेको कडा मेहनत पछिको पारिश्रमीक पैसा घरपरिवारलाई पठाईदिन्छन् । जसलाई परिवारले जीवनगुजाराँगर्दै अर्थोपार्जनमा वृद्धि गरी गरिबीको रेखा देखि माथि उस्कीन माटोको घर भत्काएर सिमेन्टको घर बनाएको, शिक्षामाखर्च गरेको, आफुलाई खानपुग्ने जग्गापहिले नै हुनेहरु सरह तिर घडेरीहरु किनेको भने खाननपुग्नेहरु पहिलाखानको लागिजमीनकिनेको, आफुलाई भएको साहुमहाजनहरुको ऋणहरु तिरेको, छोराछेरीको बिहेब्रतबन्धधुमधामका साथ गर्ने गरेको, गरगहनाकिन्ने आदी गरेको बताए ।

## ५.२सीप

सामान्य अर्थमा सीप भन्नाले कुनै पनिव्यक्तिले गर्ने काम गर्न जानेकोलाई जनाउछ । नेपालीहरु वैदेशिक रोजगारमाजादाकुनै सीपमुलकतालिमहरु नलिइगईरहेको हुन्छ । जसले गर्दा विदेशमापुगेपछि धेरै दुःखपाएको सुन्ने र देख्ने गरेका छौ ।विदेश जानु पूर्व नै के काममाजानलागेको भन्ने थाहानहुने, जानेको कामअनुसारको कामनपाउने समस्या बढी भन्दा बढी समस्याको रुपमापाएको हुन्छ भने विदेश पुगीसके पछि केहि न केहीकामअनुसारको सीप सीकेका हुन्छन् ।

**तालिका नं.१८ : वैदेशिक रोजगारमागए पछि सीप सीकेर फर्कीनेहरुको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सीप सिक्ने | ६ | ६६.९९ |
| सीप नसिक्ने | ३ | ३३.३३ |
| जम्मा | ९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका नं. १८अनुसार वैदेशिक रोजगारमा संलग्न भएपछि कतिजनाले काम सीकेर आएभन्ने देखाईएको छ । वैदेशिक रोजगारमा संलग्नफर्की पून वैदेशिक रोजगारमानफर्कीएकाहरु ९ जनामध्ये ६ जना (६६.९९%) ले सिप सीकेर आएभने ३ जना (३३.३३%) ले खासै नसीकेको ले जनाए । खास विदेश गए पछि आफ्नो कामअनुसारको केहि न केहि सीप त सीकेर नै आएको तर आफ्नो देशमालागु भने गर्न नसकिएको बताउछन् ।

## ५.३विप्रेषणलाई समाजले हेर्ने दृष्ट्रिकोण

आफ्नो देशमा रोजगारको व्यवस्थानहुदा बेरोजगारी समस्याको कारणले गर्दा आफ्नो जीवनगुजारा गर्नकै लागियुवा पीढिहरुको आकर्षक वैदेशीक रोजगार तर्फ देखिन्छ , यस अध्ययन क्षेत्रमापनि ठुलो संख्यामायुवाहरु जीविकोपार्जन गर्ने शिलसीलामाविदेशिएको देखीन्छ । जुनआफ्नो देशको परिधी नाघेर रोजगारको शिलसिलामाअर्को देशमागई आफुले श्रम गरे बापतउसलाई पारिश्रमीकदिईएको रकमआफन्त परिवारलाई विप्रेषण जीवनयापन गर्न पठाईएको हुन्छ । यसै सन्दर्भमा यस गाउँमा स्थलगत भ्रमणको बेलामाआफ्नो जीवनकाल भरी एक पटक पनिविदेश नगएको घरधुरी ज्यादै न्युन रहेको तथ्याङ्क संकलनभयो । राहदानीबनाई नजाने पनिभारत सम्म भएपनिगई जीविकोपार्जन गरेको पाईन्छ । वैदेशिक रोजगारीको लागिविशेष खाडी मुलुक साउदी,कतार,दुबई र मेलेशिया जाडने गरेको देखिन्छ ।

यतिकायुवाहरु विदेशीनुको कारण जीविकोपार्जनकै लागिबाध्यात्मक परिस्थीतिले नै हो त भन्ने जिज्ञासालाई वैदेशिक रोजगारमा संलग्नभएको परिवारको परिवारमूली ११ जना र वैदेशिक रोजगाबाट फर्कीसकेकाहरु १० जना संगको व्यक्तिगतअन्तरवार्ताको क्रममा १०

जीविकोपार्जन गर्नकै लागि ३ साथीभाईको देखासीकी, परिवारको सल्लाहबाट ५ र धेरै पैसा कमाउनको लागि ३ विदेशिएको बताए ।

अध्ययनको क्षेत्रमा बसेर यस बारे अध्ययनगर्दा बर्तमान बेरोजगारी समस्याले गर्दा रोजगार पाउने राम्रो ठाउँहरु विदेश देखिन्छ । जहाँमानिसहरु आफ्नो मानवीयआवश्यकता पुरा गर्नको लागि सहज हुन्छ त्यहिध्यानकर्षण गर्दछन् र त्यस ठाउँमा पुग्दछन् । भने कतिपयअहिले नेपालको अव्यबस्थितशिक्षा, रोजगार नीतिले गर्दा बेरोजगार बस्नु पर्ने र चाडै पैसा कमाई आफ्नो आर्थिक अवस्थामजबुतबनाउने सोचले यस समुदायकाव्यक्तिहरु वैदेशीक रोजगार तर्फ आकर्षीत भएको देखिन्छ ।

यस अध्ययन क्षेत्रका वैदेशिक रोजगारमा संलग्न सहभागीहरुको धारणा अनुसार त्यहाँकामानिसहरुको वैदेशिक रोजगारमा संलग्नभए पछिको जीविकोपार्जनमा सकरात्मकभुमिका खेलेको बताउछन् । जसलगर्दा उनीहरुलाई समाजले हेर्ने दृष्ट्रिकोणमा सकरात्मक परिवर्तन भएको बताउछन् । जीवनधान्नधौंधौं पर्ने अवस्थाको परिवार आज एक छाक मीठै खान, राम्रै लगाउन, शिक्षादिक्षापनि राम्रै लिनथालिएको बताउछन्। वैदेशिक रोजगारको नाउँमाविदेशिनु आफैमा नराम्रो भएपनिअल्पकालीन समयको लागिभएपनियसले गरिबीको चपेटामा चेप्टीरहेकाहरुको लागिजीवनधान्ने सहज बाटो बनेको देखिन्छ । वैदेशिक रोजगारमा संलग्न परिवारहरुको विप्रेषणको आयातले आर्थिक पक्षमा सुधार संगसंगै सामाजिक हैसियतपनिमाथीउकासेको देखिन्छ । आर्थिक पक्षमा सुधार आए पछि जीविकोपार्जनमा सकरात्मक परिवर्तन ल्याएको भन्ने सहभगीहरुको धारणा रहेको पाइयो ।

उपरोक्तफाइदाहरु हुदाहुदै पनि वैदेशिक रोजगारीकानकारात्मकपक्षलाई नजरअन्दाज गर्न सकिदैन । विप्रेषणले खर्चयोग्यआम्दानीमा वृद्धि गर्दछ । यसले गर्दा विप्रेषण प्राप्त गर्ने परिवारका सदस्यहरुमापूर्ववत् मेहनत गर्ने बानीमाकमीआउनुका साथै काम गर्नुपर्ने बाध्यतापनिनहुदा देशको कुलश्रम आपूर्तिमाह्रास आउने सम्भावना रहन्छ । परिणाम स्वरुपज्यालामा वृद्धि हुने, मुलुकको उर्वराभूमीबाँझो भूमीमा परिणत हुने, आयात र उपभोगमा वृद्धि हुने, स्वदेशीउत्पादनमाह्रास आउने लगायतका समस्या देखा पर्दछन् । यो एक नीतिगतचुनौतिपनिहो । यीनकारात्मक प्रभावबाट बच्नदेशमालगानीको वातावरण र रोजगारीको अवसर सृजना गर्न जरुरी छ ।

## ५.४वैयक्तिकअध्ययन

### घटना अध्ययन

### एक

*वर्ष ४३ , जगदेव कमैत, सामान्य कृषक परिवारमाजन्मेका उनले विद्यालय सम्म गई अध्ययन गर्ने अवसर नै पाएनन् । उहाँको बुबाआमा तराईमागरिबीकै कारण पहाडमा बन फाडेर बस्नको लागि त्यस ठाउँमा २०१० सालमै आएको र वन फडानी गरी बसेको रहेछ । दुई छोरा दुई छोरी र आमाबुबा गरी छ जनाको परिवार यस गाउँमाआउदा सम्पतिको नाममा केहि नलिई आएकाउनीहरुले बन फाडी घर बनाएका र खेतबारी पनिनिकालीकिसानीभई बसेको बताउनुहुन्छ । बिस्तारै हुर्कीदै जादा सबै जना ठुला-ठुला भएबिबाहपनि गरे र अहिले आफ्नो पनितीन छोरी दुई छोरा रहेको बताउनु हुन्छ । छोराछोरीको पढाईको चिन्ता एक तिर वर्ष भरी खाननपुग्नेको चिन्ताअर्कोतिरअरुकोमाज्यालमजदुरी गर्दा पनिखानधौँ-धौँ पर्ने कारणले उहाँ यस गाउँको पहिलो पटक विदेश जानेमा पर्नु हुन्छ । किनकीउहाँको ससुराली तराईमाभएको कारण तराईबाट धेरै विदेश जाने प्रवृत्तिभित्री सकेको थियो । ससुरालीकै सहयोगमापहिलो पटक २०६२ सालमा वैदेशिक रोजगारको लागि साउदीजानु भयो । पहिलो पटक विदेश जादाउहाँको मासीकतलब ६ सय रियालमाजानुभएको बढीकाम गरेबापत ८ सय देखि ९ सय रियाल सम्म एक महिनामाकमाउनु हुन्थ्यो ।*

*यसरी वैदेशिक रोजगारमा संलग्नभई सकेपछि घरको आर्थिक खर्चमा सहजहुदै गयो । आउने जाने गरिरहनु भयो ।उहाँ छुट्टीमा आउने र पुनफर्केर जाने गर्नु भएको नै यो पटकमा पाँच पटकमा पर्नु हुन्छ । अहिले मासीकतलबपनि बढेर १८ सय रियल पुगेको बताउनु हुन्छ । खानकै लागि मरिहत्ते गर्नु पर्ने छोराछोरी सानै सानै भने जस्तो न खानपाईने न चाडबाड मनाउनपाउने, पैसा देख्नै नपाईने, पैसा पाउनयसो मासुमंस खानको लागि पैसा कमाउनलाई एक हप्ता हिडेर चिउराको भारी बोकेर छिमेकीजिल्लाओखलढुङ्गा पुग्नु पर्ने त्यो पनिआफ्नो धानहुदैन थियो । साहुको धानकिनेर चिउरा बनाएर बोकेर लग्यो । कत्तिपनिआफुलाई नाफा बस्दैन थियो । त्यहि पैसाले नुनभुटुन, मासुमंस, छोराछोरीलाई किताबकापी पुराउनु पर्ने बाध्यताथियो । तर अहिले आफ्नो परिवारलाई खानपुग्ने आफ्नै जग्गाकिनेको छु । श्रीमति छोराछोरी खेतिकिसान गर्छन् । गाउँमा सानो तिनो*

किरानापसलपनिखोलिदिएको छु । छोराछोरीलाई पढाए । हामीमधेसी जातमा छोरीहरुको बिबाह गर्नु गाह्रो हुन्छ । सम्पति धेरै दिनु पर्छ । दुई बहिनी छोरीको बिबाहपनि एक बाई पचास हजार पैसा दिई बिबाहगरि दिए । अब एक छोरी बाकी छ बिबाहगरि दिनअव यो विदा सकेर आए पछि जादिनहोला । अहिले त दशैतिहार आउदापनिभव्यसव्यतरिकाले मनाउछन् । छोराछोरीलाई समय अनुसारको लुगाहरु लगाई दिनमा समस्या छैन ।दशैतिहार छैंठ मनाउन मुस्कील पर्ने हिजोको समय आज चाडवाड त भव्यतरिकाबाट मनाउछौ नै सामाजिककार्यहरु पनिभव्यतरिकाले गर्छौं ।पहिला त विहे, छेवरहरु मात्रगर्थे तर अहिले त प्रख्यातजन्मदिनमनाउने चलन छ । म पनिआफ्नो छोराछोरीको जम्मदिनको उत्साहमनाउन सक्ने भएको छु ।

वर्ष भरी खाननपुग्ने अरुको अधिया गर्नु पर्थ्यो तर अहिले आफुलाई खानपुग्ने खेत किनेको छु । विदेशगए पछि आकाशपतालकै परिवर्तन भएको छ । बिरामीभएर अस्पताल जानपऱ्यो भने समेत पैसा नहुने सापट माग्नजादातिर्न सक्छ र भन्ने सोचेर नदिने गर्थे तर अहिले दुईचार हजार म आफै सापट दिने गर्छु । श्रमतिलाई पनिउसले रहर गरे अनुसारको गहनालगाई दिएको छु ।विदेशमाकाम त गाह्रो नै छ तर नेपालमाभन्दाकमाई छ परिवारलाई पाल्न सजीलो भएको छ । परिवारलाई दुई छाक खुवाउनकै लागिविदेश गए तर अहिले सबै सजिलो नै भयो तर के गर्नु छोराछोरी र परिवारबाट सधै टाढा हुनुको पीडा आफैमा पीडा दायीक छ । छोराछोरी बुबाको रेखदेख र मायाबाट टाढा भएको छ । अब धेरै बस्दीन उमेरले पनि डाँडाँ काटी सक्यो । एक पटक गएर फर्कीन्छु । अनिजादीन । जे होस समयको मागअनुसार जीवनचलाउनविदेशले सहजबनाएको छ ।

## दुई

वर्ष ५६, शेर बहादुर राई, सामान्य कृषक परिवारमा २०२२ सालमाजन्मलिनु भएको थियो । उहाँले विद्यालय सम्मगई २,४ कक्षा सम्म पढ्नु भएको बताउनु हुन्छ । उहाँ यस गाउमाबसाईसरी २०७० सालमाआउनु भएको बताउनु हुन्छ । यो भन्दा अगाडी उहाँको बसाई उदयपुर जिल्लाकै पहाडी भेग बाँसबोटे भन्ने ठाउँबाट यस ठाउँमा आउनु भएको बताउनु हुन्छ । उहाँको परिवारमाश्रीमति, चार भाई छोरा, दुई बुहारी, एक नातिगरि जम्मा नौ जनाको परिवार रहेको बताउनुहुन्छ ।

*उहाँपहिलो पटक वैदेशिक रोजगारमा २०६३ मामलेसियाजानु भएको र त्यहाँउहाले फलामकोकम्पनीमाकाम ५ वर्ष कामगरि नेपालफर्किए पछि पूनफर्किएर जानु भएन । त्यहा परिश्रम गरे बापतमलेशियन पैसा ८००पाउनु हुन्थ्यो । घरमा साना सानाबालबच्चाहरु थिए । पहाडको ठाउँ एकदमै दुःखखेतिपाती घण्टौ घण्टा लगाएर धाउनु पर्ने, चामलको भात वर्ष भरी खाननपुग्ने, मकै, कोदोको भात खानु पर्ने, बालबच्चालाई विद्यालय पठाउन घण्टौं उकालोको बाटोको समस्या, खानेपानिलिनपनि उस्तै समस्या, नुनतेल किन्न त झनै २,३ दिन हिडेर झर्नु पर्ने जस्ता हरेक समस्यै समस्यामाझेलिडदै बस्दै आईरहेका थियौ । पछि-पछि विदेशजाने चलनबिस्तारै आउदै गयो । विदेश जानु भन्दापहिलापनिभारत सम्म गई बर्षाको खर्चपात जुटाउने गर्दथे । विदेशमागई पैसा कमाउनथालि सकेपछि आर्थिक स्थीतिमा राम्रो परिवर्तन आएको बताउनु हुन्छ । घरमा त्यति धेरै खर्च नहुने श्रीमतिले भैँसी, गाई, खसीबाखापाल्ने जसबाट पनि राम्रै आम्दानीहुने छोराहरु सानै सानै थिए । सरकारी स्कुलमा पढाएको थिए । त्यति धेरै खर्च हुदैन थियो । मैले जतिकमाए त्यति जस्तो नै बचत हुन्थ्यो । त्यसैले मैले विदेश गई कमाएको पैसाले गाइघाट सदरमुकाममा घडेरी किने र पछि यस ठाउँमा पनि खेत २ बिघा र बारी ५ कट्ठाजतिकिन्न सके र यस ठाउमाबसाई झर्नु भएको बताउनु हुन्छ । विदेशमागएर त्यति दुःखनगर्दो हुँ त यति बेलात्यहि ठाँउमा दुःखगरिरहेको हुन्थे होला जेठो छोरालाई गाइघाटमा राखीप्लस टु सम्म पढाए पछि अरु छोराहरु पनियहिको सरकारी स्कुलबाट पढे र कान्छो छोरा अहिले पनिगाईघाट मै बसेर पढ्दै छ ।अहिलेको समयलाई हेर्ने हो भने आफुलाई चामलकै भात खानपुगेर पनिवर्षमा ५०,६० मुरी धान बेच्छु । वैदेशिक रोजगारमानगएको भएयतिजग्गाहरु किन्न सक्दिनथिए । यस कमाईको राम्रो सदुपयोगको हातविशेष गरि उहाँआफ्नो श्रीमतिलाई दिनु हुन्छ । दुई भाई छोराको विहे गरिदिइ सके एक भाई छोरा आर्मीमाभर्ति भए कान्छा छोरालाई पढाउदै छु । वैदेशिक रोजगारबाट फर्कीसके पछि विदेश नै चाहि गाछुइन तर बेला बेलामाभारत सम्म चाहिजाने गरेको छु ।*

*अहिले मेरो परिवारको आर्थिक स्थीतिजुन ठाउँमा छ त्यो वैदेशिक रोजगारमागए पछिको मेरो कडा मिहेनत र श्रीमतिले पैसालाई सहि सदुपयोग गरिदिएकीले हो । किनकीआजभोलिको घटनालाई हेर्ने हो भने भन्नु हुन्छ । विदेशगएर ढुक्क भएको बताउनु हुन्छ । जसले अहिले समय अनुसार चल्न, जीवनचलाउन सजिलो भएको छ भन्नु हुन्छ ।*

## तीन

*६० वर्षीय, जुक्तमाया राई, एक सामान्य कृषक परिवार हुनुहुन्छ । उहाँको कान्छो छोरा कृष्ण कुमार राई हालकतारमा हुनुहुन्छ ।  उहाँको उमेर अहिले २९ वर्ष भएको बताउनु हुन्छ ।उहाँको परिवार पनिबसाइसराई गरी यस ठाउँमा पाहाडको बलम्ताबाट यस ठाउँमा झर्नु भएको बताउनु हुन्छ । उहाँको परिवारमाआफु, दुई छोरी र विदेशमाभएको छोरा सहितजम्मा ४ जनाको परिवार रहेको बताउनु हुन्छ । छोरा विदेश जानुभन्दापहिलाआफुलाई कृषी पेशामा सहयोग गर्दै १२ कक्षा सम्म पढी सकेपछि विदेश कतार जानुभएको जहाँउहाँ स्काई फोल्डीङ्गमा काम गर्नु हुन्छ । यसरी छोरा विदेश जाने आउने गरेको ६,७वर्ष भई सक्यो । दुई पटकको छुट्टी आएर पनि फेरी गएको बताउनु हुन्छ ।*

*उहाँहरुको छोरो विदेश जानु भन्दापहिलाको आर्थिक अवस्था र जीविकोपार्जन गर्नको लागिउहाँको श्रीमान् धरानमा रिक्साचलाउनु हुन्थ्यो । छोराछोरी सानै सानै पढ्दै गरेको कमाउनजान सक्ने स्थीतिनभएकोले वर्ष भरी खानपुग्ने आफ्नो खेतिपातिथिएन । बटीया गरि खान पुऱ्याउनु पर्थो । दुई छोरा र तीन छोरीहरु थियो । एक छोरीको बिवाहगर्दी सकेकोले परिवारमादुई छोरी र दुई छोरा थियौ । अहिले जेठो छोराबुहारी छुट्टी सक्यो । श्रीमानबित्नु भयो । त्यसैले अहिले घरमा त तीनजना छौ । पहिलादुःखथियो । छोराछोरी सबै जना पढ्दै थिए । आम्दानीको बाटो थिएन ।श्रीमानपनि बुढेसकाललागेकोले रिक्साचलाउन सक्न छोड्यो । गाईबाख्रापाली बेचबिखानगर्थौ । र नुनभुटुन यसो उसोको खर्च टार्थ्यौ । पछि म आफै विरामीले थल्लीनथाले । मेरो पाठेघरमा समस्याथियो । छोराहरुलाई पढाउन सकिएन । जेठो छोरा खेतितिर लागे । कान्छा छोरा साहु महाजन संग ऋण लिएरविदेश तिर गयो । छोरीहरु पढ्दै थिए ।दुःखथियो । छोरो ऋणमा विदेशगयो तिर्न सक्ने नसक्ने थाहाथिएन । यताआफै विरामीले झनझनगाह्रो बनाउदै गयो ।आफ्नो परिवारलाई खानकै पीर थियो उपचार गर्न सक्ने स्थीतिथिएन । अरुको खेत बटीया नगरे दुई छाक टार्न नै मुस्कील पर्ने थियो । वर्ष भरी खेतीमादुःखगर्यो आदिधान,मकै जे लगाएनी साहुलाई दिई हाल्नु पर्थो । जीवनगुँजारा गर्न निकै कठिन थियो । सानो झपडी थाकलले छाएको बाँसले बेरेको वर्खायाममानिकै दुःखदिन्थ्यो । छोरीहरुको उमेर पुग्दै गयो भने जस्तो रहर गरे जस्तो खान, लगाउन, साथिभाईहरु संग रमाईलो गर्न दिननसक्ने थियौ।*

*छोरा विदेश गई सकेपछि एक वर्ष जस्तो सम्म ऋण तिर्न समय लाग्यो ब्याजमा ऋण गरि गएको थियो । तर चाडो नै ऋण तिरीसक्यो । ऋण तिरी नसके सम्म पीर लाग्थ्यो । त्यस पछि ढुक्क भए । छोराले विस्तारै विस्तारै पैसा पठाउदै गयो । दुई बहिनी छोरीहरु एस.एल.सी सम्म पढ्यो । त्यस पछि पढ्न नि मानेन । पढाइ छाडी अहिले खेतिपातीमै काम गर्छन् । छोराले पैसा पठाउन थालेपछि त जीवनचलाउनखर्चसर्च गर्न सजिलो भयो । चाडवाड आउदापनि सजिलो भयो । गाउँघरमाविहेभोजभत्तेर हुदापनि सजिलो भयो । दुःख त छोरालाई विदेशमादुःख छ होला नि तर समाजमाचल्न र बाच्न सजिलो बनाईदिएको छ । घर पनि राम्रो सिमेन्ट लगाएर बनाइदियो । सबै भन्दा ठुलो कुरा मेरो पाठेघरको अप्रेसन गरिदियो । सबै पुगीसरी भएको छ जस्तो लाग्छ अव त भन्नुहुन्छ । मान्छे सबै तिर बाट त कहाँखुसीहुन सक्छ र छोरोले परदेशमादुःखै गरेर भएपनि सबै चिज पुऱ्याई दिएकै थियो । दाईको विवाह गरी दियो ।६,७कट्ठा खेत नीकिन्यो । दाई भाउजुलाई नि साधारण घर बनाई दियो । सबै थोक पुगेकै थियो खुशि नै थियौ तर मेरो श्रीमान्को चाहिभर्खर भर्खर नै मृत्यु भयो जसमा छोरा आउनपाएन । दुःख लाग्छ परदेशको ठाउँ अर्काको शासनभर्खर छुट्टी आएर गएको १ महिनानहुदै बाउखोलामा परी मऱ्यो छोरा आउनपाएन । सम्पति त कमायो तर जीवन भरको पीडा भयो मेरो छोरालाई भन्नुहुन्छ । अब बहिनीहरुको विहे गर्ने पैसा कमाएर मात्र आउछु भन्छ । आफ्नो नि बिहे गरेको छैन त्यहिपीर लाग्ने आफु पनि डाँडापारिको घाम भइसके भन्नु हुन्छ ।*

*छोरा विदेश नगएको भए र आफ्नो उपचार गर्न सक्ने स्थीतिथिएन म नै पनि मरीसकेको हुन्थे होला । छोरा विदेश गएर बाच्न सजिलो भएको छ समाजमा ऐचोपैचो, सरसासपट पत्याउने सम्म ह्रभइएको छ । आफुलाई पनिकानमाबहिनीहरुलाई पनिकानमा सुन लगाईदिएको छ । समय समयमा लुगाफाटा लगाउने फाल्ट्यै पैसा पठाई दिन्छ । मेरो खुबमाया गर्छ के खान के लगाउन मन लागेको छ खानुलगाउनु भन्छ । घरमायी हेरन टि.भी राख्देको छ । भन्दै देखाउनु भयो । ३२ इन्चको स्यामसुङ्ग टिभी पनि देखि हाले । पहिलारेडियो त थिएन । सबै थोकमा खुसी नै छु तर अब बुढी भए मैले पनि छोरा भेट्दिनकीभन्ने पीर लाग्छ भन्दै भावुकहुनुभयो ।*

## चार

*वर्ष ३१ वर्षीए सपना सामान्य कृषक परिवारको गृहणी हुनुहुन्छ । उहाँको श्रीमान् हालकतारमाकामगरिरहनु भएको अहिले तीनवर्ष हुनलागेको छ । उहाँको श्रीमान् स्नातक सम्मअध्यायन गरी विवाह गर्नु भएको र जागीर नपाए पछि कतार जानु भएको बताउनु हुन्छ । कतार जानु भन्दापहिलापनिमलेशियामातीनवर्ष कामगरि फर्की फेरी कतार जानु भएको बताउनु हुन्छ । आफ्नो परिवारलाई प्रसस्ताखानपुग्ने खेतिपाति त भएको तर अरु आवश्यकहरु पुरा गर्न सक्ने स्थीतिनभएको ले र नेपालमा रोजगार नपाए पछि विदेश जानु भएको बताउनु हुन्छ । उहाँको परिवारमादुई छोरीहरु छन् ।जसलाई अहिले पढाईको सीलसिलामा सदरमुकाममा राखी पढाउनु हुन्छ । सासुससुरा गाउँमा बस्ने बताउनु हुन्छ । विदेशनजानु भएको ।*

*सामान्यखानलाई नै धौँ-धौँ पर्ने समस्याभने थिएन । खेतिपाती गरे खानपुग्ने जग्गा त थियो तर खानबाहेक अन्यआवश्यकताहरु पुरा गर्न समस्याभएको र छोराछोरीलाई राम्रो संग हुर्काइबढाइ गर्नको लाद्दिग पैसाको सहजताको लागि वैदेशिक रोजगारमाजानु परेको बताउनु हुन्छ । अहिले उहाँको श्रीमानले पीजाबनाउनेमाकाम गर्नु हुन्छ । जसको पारिश्रम ५० देखि ६० हजार नेपाली पैसा महिनाको कमाउनु हुन्छ । भने आफुले खानपानमाखर्च गरि महिनाको ४० देखि ४५ हजार बचत गर्न सक्नु भएको बताउनु हुन्छ । यसरी कमाएको पैसा खास गरि उहाँको दुई बहिनी छोरीलाई पढाउनमा खर्च भएको छ । एउटा छोरी तीनमा र अर्को छोरी एल.के.जी. मा पढ्दै गरेको बताउनु हुन्छ ।*

*यहि वैदेशिक रोजगारले गर्दा छोरीहरुलाई गैरसरकारी स्कुलमा पढाउन सकिएको छ । यसो रहर लागे अनुसारको खान र लगाउनमा समस्या छैन । गाईघाटमै घडेरी कीनेको, गरगहनाबनाउनु भएको, केहि पैसा बैंकमा बचत गर्नु भएको सुनाउनु हुन्छ । फेरी भनिहाल्नु हुन्छ । सबैकुरा ठीकै दिएको छ तर पनि नेपालमै जागीर पाउने भए वैदेशिक रोजगारमा पठाउने रहर नभएको भन्नु हुन्छ । पढेलेखेको हुनुहुन्छ । सानै देखि पढाईमा राम्रै स्थानलिनु भएको शिक्षाविषयमा स्नातक सम्म गर्नु भएपनिआफ्नै देशमाजागीरको व्यवस्थानहुदा रहरले भन्दापनिकहरले विदेश जानु परेको भन्नुहुन्छ । कान्छी छोरी ४ वर्षको पुग्नलाग्दापनि बाउछोरीको भेट भएको छैन । उहाँविदेश जानेबेलामा कान्छी छोरी पेटमा थिईन अहिले जन्मीएर यत्रो भयो बाबाछोरीको भेट भने भएको छैन । हरेक सुख भित्रदुःख लुकेको हुन्छ ।*

*पैसा कमाई ठिकै छ कहिलेकाहीबोनस पनि पाउछ तर परिवारको विछोडको पीर छ । खानलगाउन सबैकुरा पुगेकै छ । खास यो विदेश जाने प्रकृया नहुदो हो त आजको जीवनस्तरमाबाच्न सकिने थिएनभनीचित्तबझाउने गर्छु भन्नु हुन्छ ।*

## ५.५विश्लेषण

यहाँ चार जना संग गरिएको व्यक्तिगतभलाकुसारीबाट के विश्लेषण गर्न सकियो भने यस गाउँकामानिसहरु जीवननिवार्ह गर्नका लागिआफ्नो ठाउँमा रोजगार नहुदाविदेशिएको पाइयो भने वैदेशिक रोजगारीबाट प्राप्तआम्दानीले सन्तुष्टि नै मिलेको बुझियो किनभने उनीहरु सबैले राम्रै बचत, राम्रै आम्दानी र उन्नति र राम्रै जीविकोपार्जन गर्ने गरेको पाइयो ।

वैदेशिक रोजगारमाजानु अधि यस गाउँकामानिसहरुको जीवननिर्वाह निकै कष्ट पूर्ण रहेको विताएको बताएपनिविप्रेषण आउनथाले पछि विस्तारै  आफ्नो आधारभूतआवश्यकताहरु पुरा गर्दै गएको पाईयो । उनीहरुको आफु र आफन्तहरुले विदेश गई महिनामा ३० देखि ४० हजार सम्म बचत गर्ने गरेको पाईयो । विदेश जानकालागि सबै जनाप्राय ऋण गरेर नै गएको पाईयो । पछि कमाउदै ऋण चुक्ता गरी सबै जनालाई वर्ष भरी के खाने भन्ने पीर नै हुने गरेकोले खेतिबारी किनेको पाईयो । बिस्तारै सहर तिर घडेरीहरु पनिकिनेको पाईयो । राम्रो घर नहुनेहरुले आफुलाई बस्नको लागि सहजखालको घर बनाएको पनिपाईयो । छोराछोरीहरुलाई गैरसरकारी स्कुलहरुमा पढाउन सहर तिरै  बस्ने चलनपनि देखियो । एक पछि अर्कोजनागर्दै यस गाउँकायुवाहरु विदेश गएको पाईयो भने अरु नगएकाहरु पनिजानको लागिलालाहितदेखियो ।

अन्त्यमा, वैदेशिक रोजगार पछि भित्रिएको विप्रेषणले यस गाउँकामानिसहरुमामानवियभौतिक सुख त देखियो । तर एक प्रकारको पारिवारीक विछोडको वेदनाको असन्तुष्टि भने देखियो । संगै बसेर जीवननिर्वाह गर्न सकिए राम्रो हुने थियो । बाच्दा संगै मर्ने बेलामापनि सबै परिवारको साथपाएहुन्थ्यो भन्ने चाहानापनि देखियो । दुःख सुख जे परे पनि परदेशको ठाउँमा के हुने हो भन्ने चिन्ता घरकालाई भने परदेशिएकालाई पनि घर परिवारको चिन्ताले सताउने गरेको बुझियो ।

# अध्याय छ

# अध्ययनको सारांशतथानिष्कर्ष

## ६.१सारांश

विप्रेषण र यसले समाजको जीविकोपार्जनमाल्याएको परिवर्तन सम्बन्धीविश्लेषण गर्नको लागिउदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७ धर्मभकारीमाअध्ययनगरिएको थियो । यस अध्ययनमा लद्दागि विभिन्न समस्यालाई उठान गरिएको छ । वैदेशिक रोजगारमाजानु अघि र पछिको जीविकोपार्जन गर्ने तौरतरिकामा के कस्तो परिवर्तनहरु आयो भन्ने बारेमाविश्लेषण गरिएको छ ।

यस अध्यायको मूल उद्देश्य वैदेशिक रोजगारबाट आएको विप्रेषणले जीवनस्तरमाआएको परिवर्तन र यसले समाजमापारेको प्रभावबारे विश्लेषण गर्नु रहेको थियो । अध्ययनको उद्देश्यको आधारमातयार पारिएको प्रश्नमाआधारीत भएर वैदेशिक रोजगारमा संलग्नव्यक्तितथा परिवारसंग विविध अनुसन्धानविधिहरुको प्रयोग गरि विविधजानकारी तथातथ्याङ्क संकलनगरि विश्लेषण गरिएको छ ।

अध्ययनको क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्नव्यक्तितथा परिवारहरुमाजनजातिदलित र मधेसी समुदायबाट संकलनभएको पाइयो । लैङ्गिक रुपमा हेदा जना सहभागी वैदेशिक रोजगारमा संलग्नभएको देखियो । यसरी उमेरगतहिसाबले हेर्ने हो भने सबै सक्रिय उमेर समुहकायुवायुवतिहरु बढी मात्रामापाइयो भने शैक्षिक स्थितीमा सवैजना साक्षर व्यक्तिभएको पाइयो । वैदेशिक रोजगारमा संलग्नहरुको जमिनको मात्रालाई विश्लेषण गर्दा जग्गाजमीनहुने नहुने दुवैको संलग्नपाइयो । अध्ययनमा सहभागीहरुको भनाइमाजग्गा बढी हुनेहरुको उत्पादनले खानपुगेतापनि छोराछोरीहरुलाई राम्रो शिक्षादिक्षा, खानलगाउन, स्वास्थ्यउपचार गर्न, भैपरि आउने खर्चहरु गर्न गाह्रो हुने र जमीनकमहुनेहरुको त झनै खान कै समस्याहरुको बटिया(अधिया) गर्दा सम्म वर्ष दिनखानधौँ धौँ पर्ने सरकारी स्कुलमाभएपनिशिक्षालिनगाह्रो हुने, चाडबाड, विवाहव्रतबन्ध, स्वास्थ्यउपचार आदि जस्ता आवश्यकताहरुमाखर्च गर्न झनै गाह्रो हुने बताए ।

त्यसैले सामाजिकपक्षहरुमा वैदेशिक रोजगार पछिको विप्रेषण वाआम्दानीले सामाजिककार्यहरु (विवाह,ब्रतवन्ध र विभिन्न चाडवाड) आजभोलि धुमधामका साथले मनाउने गरेको बताए । उनीहरुले यस्ता कार्यहरुमा गर्ने खर्चमा समेत बढाएका छन् । साथै लगाउने पोशाक देखि गरगहनामा समेत खर्च गर्ने गरेको बताए ।यस ठाउँमा प्राय एक घरको एक सदस्य वैदेशिक रोजगारमा संलग्न रहेको पाईयो । जसले महिनामाकमविप्रेषण पठाउनेमा १० देखि २० हजार सम्म पाउने ४ जना देखियो भने बढीमा ४० हजार देखि कहिले काहि बढी पठाउनेको संख्या २ देखियो । सवै भन्दा बढी ३० हजार देखि ४० हजार सम्म पठाउनेको संख्या देखियो । यीविप्रेषण उनीहरुको जीविकोपार्जन गर्ने हरेक पाटोमाखर्च गरिएको देखियो ।

त्यसै गरि वैदेशिक रोजगारमाजानु पर्ने कारण सम्बन्धमाजीविकोपार्जन गर्नकै लागिअथवागरिबीको कारणले १० जना, साथीभाईको देखासिकोल ३ जना, धेरै पैसा कमाउन३जनाले, घरपरिवारको सल्लाहले ५जनागएको बताए । जसले गर्दा गाउँघरमा वृद्धवृद्धा र बालबच्चामात्रा बढीपाईयो । जसले गर्दा महिलाहरु मथि दोहोरो जिम्मेवारी थपिनगई घर भन्दाबाहिर सामुदायीककामकाजमामहिलाहरु को सहभागीभएको देखिन्छ । यसले गर्दा समाजमा लैङ्गिकविभेद कम गर्न सहयोग गरेको देखिन्छ । त्यसै गरि वैदेशिक रोजगारबाट प्राप्तआम्दानीविप्रेषणले सहभागि घरपरिवारको जीविकोपार्जनमा सुधार आई सामाजिक सम्बन्धमापनि सुधार आएको देखियो ।

वैदेशिक रोजगारमा संलग्नभई विप्रेषण प्राप्त गर्ने घरपरिवारको बालबालिकाको शैक्षिकअवस्थालाई हेर्दा रोजगारमा संलग्नहुनु भन्दा अगाडी सरकारी विद्यालयमाअध्ययन गराएको पाईयो भने वैदेशिक रोजगारमा संलग्न भएपछि आम्दानीमा सुधार आएकोले तुलनात्मक रुपमा सरकारी विद्यालयभन्दानिजीविद्यालयहरुमा पढाई राम्रो हुन्छ भन्ने उद्देश्यले धेरै जसो घरपरिवारका बालबालिकाहरुलाई निजीविद्यालयमा पढाएको पाइयो । जसले गर्दा गाउँमा नबसेर सहर बसीगाउँ देखि नजिकैका बजार, सदरमुकामवा काठमान्डौं जस्ता सहरहरुमागई पढाउने चलनअत्याधिकमात्रामा देखियो ।

त्यसै गरि विप्रेषणमा संलग्न घरपरिवारको पेशागतविवरणलाई हेर्दा वैदेशिक रोजगारमा संलग्नभए पछि आम्दानीमा वृद्धि संगै अपनाउदै आएको पनि परिवर्तन भएको देखिन्छ । त्यसै गरि विप्रेषण खर्च गर्ने हिसाबमा बढी उपभोग, शिक्षा, खाना, स्वास्थ्य, पोशाक,

घरनिर्माण, जग्गाजमिनखरिद, ऋण तिर्न र विवाहब्रतबन्धमाखर्च गरिएको पाईयो । भने वैदेशिक रोजगारमा संलग्नभए पछि विदेशी सामानहरु जस्तै : टिभी, मोबाईल, ल्यापटप, कपडा, घडी, गरगहनाआदि जस्ता सामानहरु पनि पठाउने गरेको पाईयो । समग्र रुपमा सहभागीहरुको भनाइको आधारमाअल्पकालीन रुपमाभएपनिविप्रेषणले उनीहरुको आर्थिक पक्षमा सुधार ल्याई जीविकोपार्जनमा सकरात्मक परिवर्तन ल्याएको र यसले गर्दा सामाजिक सम्बन्धमापनि सकरात्मकभूमिकानिभाएको पाईयो ।

आफ्नो देशमा रोजगारीको अवसर कम सृजनाभएको र भएको रोजगारीबाट पनि राम्रो तलबनभएको कारण आफ्नो परिवारको जीविनगुजारा गर्न धौं धौं भए पछि वैदेशिक रोजगारलाई वैकल्पीकमाध्यमको रुपमालिईएको हो । जसले वैदेशिक रोजगारमा संलग्न परिवारहरुको आर्थिक रुपमा सहयोग भई जीविकोपार्जन गर्नमा टेवामीलेको देखाईएको छ । जुन सहभागीहरुले दिएको सूचनाको आधारमा यस अध्ययनको निष्कर्षमाउल्लेखीतगरिएको छ ।

यस वडाको ८९ घरधुरी मध्ये अध्ययनको क्रममा २१घरधुरीलाई नमुना छनौटको रुपमालिईएको थियो । जस मध्ये१२ जनाविप्रेषण प्राप्त गर्ने परिवारमूली र ९ जना वैदेशिक रोजगारबाट फर्कीसकेका व्यक्तिहरुलाई समावेश गरिएको हो । वैदेशिक रोजगारमाजानु अघि र वैदेशिक रोजगारबाट फर्कीसके पछि उनीहरुको घरपरिवारका साथै व्यक्तिमाआएको जीविकोपार्जनमा परिवर्तन तथाप्रभाव हेर्नु रहेको थियो ।

समग्रमा यस अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमाजाने मानिसहरु संक्रिय उमेर समुहका साक्षर र वेरोजगार पेशाअपनाएकाहरु देखिए । यस रोजगारमा पुरुषको तुलनामामहिलाहरुको सहभागीतान्युन देखियो । जमीनको अवस्थालाई हेर्ने हो भने खद्दान पुग्ने र नपुग्ने दुई वर्गीय समुदायबाट वैदेशिक रोजगारमा संलग्नभएको देखिन्छ ।

विप्रेषणलाई सदुपयोग वाखर्च गने ठुलो हिस्सामाजीविकोपार्जन शिक्षा, स्वास्थ्य, जग्गाखरिद, घर निर्माण आदीमालगानीगरिएको देखियो । वैदेशिक रोजगारमा संलग्नभई सके पछि परिवारमाभोलीको भैपरी आउने समस्याको लागिपनि पैसा बचत गनै बानी बसेको छ । जसबाट जीविकोपार्जन वाजीवनचलाउनमा सहजभई जीविकोपार्जन गर्ने तौरतरिकामा सुधार भई परिवर्तन भएको देखिन्छ ।

### ६.२निष्कर्ष

अन्त्यमा यस उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. ७माविप्रेषणले जीविकोपार्जनमापारेको सामाजिकप्रभावको बारेमाअध्ययनगरिएको हो । यसै वडालाई यस विप्रेषणको विषयमाअध्ययन गर्नु पर्ने कारण किनथियो भने यस ठाउँमा जीवननिर्वाह गर्नकै लागि यस वैदेशिक रोजगार पेशालाई अंगाल्नेहरु धेरै देखियो । त्यसैले यस क्षेत्रमाविप्रेषण र जीविकोपार्जनलाई अध्ययनगरियो । वैदेशिक रोजगारमाजाने प्रचलनआउनु भन्दा अगाडी यस ठाउँको मानिसहरुको जीवनगुँजारा गर्ने र जीवनजीउने शैलीमानिकै कष्टकर देखियो । जुनवर्ष भरीको छाक टार्नको अनेक दुःख कष्टहरु अरुको खेतबारी बटीया गर्नु पर्ने, नयाँलुगालगाउनवर्ष दिनकुर्नुपर्ने, स्वास्थ्यउपचारको राम्रो सुविधानहुनाले अकालमाज्यानगुमाउनु पर्ने, टेलिफोनको सेवा सुविधाभएको ठाउँ सम्म जानलाई घण्टौं लगाएर हिडेर जानु पर्ने आदी हरेक किसीमको समस्याहरु देखियो । तर पछि वैदेशिक रोजगारको चलनआयो । र यस गाउँकायुवाहरु विस्तारै वैदेशिक रोजगारमा संग परिचीतभए । एक पछि अर्को गर्दै जानथाले जसको कारण अहिले ए घरपरिवाका एक सदस्यनभएदुई देखि तीनजना सम्म विदेश जानथाले जसको कारण विदेश जाने संख्या बढ्दै गएको देखियो ।

वैदेशिक रोजगारमा यसरी बढ्दो रुपमा सहभागीहुनथाले पछि उनीहरुले पठाउने पैसा वाविप्रेषणको वृद्धि हुदै गएको पाईयो । उनीहरुले गरेको परिश्रमको पारिश्रमीकतलबहरु ( विप्रेषण) आफ्नो आफन्तलाई पठाउन थाले । एक जनाले कम्तीमापनि २० देखि ३० हजार सम्म बचत गरी आफ्नो आफन्तलाई नेपालमा पठाउने गरेको पाईयो ।जसलाई घरपरिवारले जीविकोपार्जन गर्नमा सदुपयोग गरको देखियो । विप्रेषण प्राप्त गर्न थालीसके पछि यो १० देखि १५ वर्षको अन्तरालमा यस ठाउँको जीवनशैली र अहिलेको जीवनशैलीमा धेरै नै परिवर्तनहरु आएको देखियो ।

विप्रेषणउनीहरुको जीवनमा यसरी प्रभावमुखीबन्नपुग्यो कीजसलाई वर्ष भरी खाननपुगेर अरुको खेतबारी बटीया गर्नु पर्थ्यो । उनीहरुले खेतबारी किने, वर्षायाममा छुहीने खरको छानो र बासका भाटाका बेराहरु भत्काएर सिमेन्टका घरहरु बनाएको पाईयो । चाडपर्व, विहेकार्जे आउदानआएहुन्थ्यो झै लाग्नेहरु आजभोली सानो सानो चाडपर्वहरु पनिहर्सोउल्लासको साथमनाउनथालेको पाइयो । अझ सबै भन्दा बढी त एकजोर

नयाँलुगालगाउनलाई वर्षदिनपर्खिनु पर्ने अवस्था छैन । आफुले चाहेको र समयले मागेको अनुसार लुगाहरु लगाउने गरेको पाईयो ।उनीहरुले खाने खानाको परिकारमा परिवर्तन आएको देखियो । विहान र बेलुकाको दुई छाक टार्न धौं-धौं पर्ने परिवारहरु अहिले शरीरलाई चाहिने पौष्टिक तत्वहरु मीलाएर खाने गरेको पनिपाईयो । पहिलापहिला मीठो खान चाडपर्व नै पर्खीनु पर्ने बाध्यतापनिथियो तर अहिले त्यस्तो अबस्थानभएको पाईयो ।

वैदेशिक रोजगारबाट भित्रिएको विप्रेषणकै  कारण बजारीकरण बढ्दै गएको पनि देखियो । पहिला नुनभुटुनको जोहो गर्न सम्म एक दिनलगाएर बजार जानु पर्ने अवस्था बताउनछन् । अहिले विप्रेषणको लगानी गरी गाउमै किरानापसल, मासु पसल,कपडा पसलहरु जस्तामानिसको दैनिकउपभाग्य समानहरु पाईने दखियो । महंगा सामान जस्तो सुनचाँदीका गरगहनाहरुको पनिउत्तिकै लगाउने गरको देखियो । शिक्षाको क्षेत्रमा त झनै परिवर्तन आएको देखियो । विप्रेषण बढी भन्दा बढी शिक्षाकै लागिखर्च हुने गरेको पाइयो । पहिला घण्टौ घण्टालगाई पैदल हात भर किताबबोकीपुग्नु पर्ने चलनथियो । अहिले गैरसरकारी स्कुलहरुको स्थापनाले सहर नजिकनजिक पढाउने गरेको पाइयो ।

सेवा सुविधाहरुको खोजीमामानिसहरु सहरतिर जग्गाकिन्दै घर बनाउदै बसाई सर्ने चलनपनि धेरै पाईयो । घर नुहुनेहरु पनि कोठा भाडामा लिई सहर तिर नै बस्न रुचाउने गरेको पाईयो । वैदेशिक रोजगारमा संलग्नभए जस्तै आफ्नो बालबच्चाहरुलाई गैरसरकारी स्कुलमा पढाउने चलनले गर्दा एक घरपरिवारको एक सदस्य त नजिकैको सहर, सदरमुकामवा काठमाण्डौं सहर तिर बस्ने गरेको पाईयो । वैदेशिक रोजगारमा संलग्न भएपछि उनीहरुको रहनसहनचालचलनमापनि परिवर्तन आएको देखियो ।वैदेशिक रोजगारमा संलग्नभए पछि उनीहरुको जीविकोपार्जनमाप्रत्यक्षप्रभावपारेको देखिन्छ

विप्रेषणको उत्पादनमूलकप्रयोग सम्बन्धमानीतिगत बहस गर्दा केही महत्वपूर्ण विषयहरु विचारणीय हुन सक्दछन् । विप्रेषण व्यक्तिगतआयहो र उक्तआयआफुखुसीप्रयोग गर्न व्यक्ति स्वतन्त्र हुन्छ भन्ने दृष्टिकोण पनि राख्ने गरेको पाइन्छ । सरकारको व्यक्तिगतआम्दानीलाई यसरी खर्च गर वानगर भन्नउपयुक्तनहुने भएपनिविप्रेषणलाई अनौपचारिक माध्यमबाट मुलुकमाभित्र्याउने र यसको उत्पादनमुलकप्रयोगलाई प्रोत्साहन गर्ने विषयलाई व्यवस्थीत गर्न नीतिगतव्यवस्था गर्नु बान्छनीय देखिन्छ ।

वैदेशिक रोजगारीमाजाने नेपालीहरु प्रायःन्यूनवामध्यमआयवर्गका हुने भएकोले उनीहरुले भित्र्याउने विप्रेषण उत्पादनमूलक क्षेत्र भन्दापनि दैनिकउपभोगको लागि नै खर्च हुने गरेको छ । अधिकांशश्रमीकहरु अदक्षतथाअर्ध दक्षभएकोले उनीहरुले प्राप्त गर्ने न्युनपारिश्रमीकबाट ठुलो मात्रामा बचत गर्ने सम्भावना रहदैन । तथापीऔपचारिक माध्यमबाट विप्रेषण नेपालभित्र्याउने, यसको उत्पादनमुलकउपयोग प्रोत्साहित गर्ने र वैदेशिक रोजगारीबाट प्राप्तअनुभवतथा सीपलाई देश विकासको पक्षमाप्रयोग गर्ने गर्न सकीनेछ ।

अन्त्यमा, वैदेशिक रोजगारलाई समाजशास्त्रीयआँखाले मूल्याङ्कन गरिनु आवश्यक छ । किनकी यो पेशाव्यवसाय जे भएपनिआखिर समाजभित्रकै एक अन्तर्क्रिया हो। मानवजीवनलाई चलायमान राख्ने एक अन्तरक्रियाहो । यस रोजगारले व्यत्तिलाई फाइदाजनक परिणाम दिन्छ भने, यसको परिणम समाजलाई पर्छ । भने यदि यस व्यवसायले बेफाइदाजनक परिणाम दिन्छभने समाजलाई राम्रो परिणाम समाजलाई नै पार्छ ।

# सन्दर्भसूची


आचार्य, सीता२३ मंसिर (२०७३), *रेमिटेन्सको यथार्थता,* वीनेपाली,बेलायतबाट सञ्चालित नेपालीअनलाइनपत्रिका ।

कुमारी, खुशबु (२०७२), *वैदेशिक रोजगार र यसको सामाजिक-आर्थिक प्रभाव,* त्रिभुवनविश्वविद्यालय, मानविकीतथा सामाजिकशास्त्र संकाय,कीर्तिपुर, काठमाडौं ।

के.सी,सुरेन्द्र (२०५१),*नेपालको वैदेशिकनितीतथा वैदेशिक सम्बन्ध,* काठमाडौं : पैरवीप्रकाशनहाउस ।

गुरुङ्ग, सुनिता (२०७२),*ग्रामीण महिलाको जीविकोपार्जन सुधार लागि लघु-उद्यम स्थापना,*काठमाण्डौं : एक्सनएड नेपाल लाजिम्पाट ।

घिमिरे, प्रकाश (२०६१), वैदेशिक रोजगार र रेमीट्यान्स सिघ्र अध्ययनको आवश्यकता,*मिरमीरे मासीक,* ५(३), ६-९ ।

घिमिरे, टिकाराम (२०६५), *वैदेशिक रोजगारले आर्थिक तथा शैक्षिकअवस्थामापारेको प्रभाव,* अप्रकाशितशोधपत्र, त्रिभुवनविश्वविद्यालय, अर्थशास्त्रशिक्षा केन्द्रियविभाग, कीर्तिपुर ।

घिमिरे, प्रकाश(२०६६), *नेपालको वैदेशिक रोजगारीका केहीपक्षहरु,*काठमाडौंः नेपाल राष्ट्रबैंक ।

घिमिरे, प्रकाश(२०६३), नेपालको वैदेशिक रोजगारीका केहीपक्षहरु,*मिरमीरे मासिकपत्रिका २०६३,*७(१०), १०-१२ ।

बल्लभ, डा. डमरु,(२०७५),अर्थतन्त्रमा रेमिटेन्सको विकल्प,*अन्नपूर्ण,* ५(९), २-३ ।

दाहाल, महेश प्रसाद (२०७५),*औपचारिक माध्यमबाट विप्रेषण भित्र्याउने र उत्पादनमूलक क्षेत्रमाउपभोग गर्ने गराउने सम्बन्धी एक प्रतिवदेन,* काठमाडौं ःनेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रालयउच्चस्तरीय कार्यदल ।

नेपाल राष्ट्र बैंक, (२०६७), *नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७,* काठमाडौं ःकेन्द्रियकार्यलय विदेशीविनिमयव्यवस्थापनविभाग ।

पण्डित, सूर्यकुमार(२०५७), नेपालमा वैदेशिक रोजगार, काठमाडौंः वैदेशिकपत्रकारसंघ ।

पौडेल, चुडामणि (२०७५), *जीविकोपार्जनकाविकल्पहरु,* रुपान्तरण, सहजकर्ता तालिम पुस्तक खण्ड १२ ।

पोखरेल, दिवाकर (२०७६), रेमिटेन्सले अर्थतन्त्रधानेको छ,*नागरिक, ५(३), ११-१२।*

बस्नेत, ललितकुमार(२०७५), *वैदेशिक रोजगारीको प्रभाव र थपप्रभावकारी बनाउने उपाय,* प्रशासन डटकम ।

रेग्मी, धान्यप्रसाद (२०६५),*वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमापारेको प्रभाव,*त्रिभुवनविश्वविद्यालय, अर्थशास्त्रशिक्षा केन्द्रीयविभाग, कीर्तिपुर, काठमाण्डौं ।

लिम्बु, मनोज कुमार(२०७१), *वैदेशिक रोजगारले नेपाली समाजमापारेको प्रभाव,*त्रिभुवनविश्वविद्यालय, मानविकीतथा समाजिकशास्त्र सङकाय, कीर्तिपुर, काठमाण्डौं ।

लोकतन्त्रपोष्ट,(२ पुस २०७३),बैदेशिक रोजगारको अवस्था,*लोकतन्त्रपोष्ट,* ८(२), १-४ ।

शाह, डा. आर.के(२०६८), *जनसङ्ख्या अर्थशास्त्र,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

Gautam, Tika Ram. (2008). *Migration and the Problem of old age people in Nepal.Dhaulagiri Journal of Sociology and Anthropology* 2 (2), 145 146.

Haan,Arjan de.(2000*). Migrants, livelihood and Rights: The Relevence of Migration in Development Policies,*Social DevelopmentWorking Paper No.4. Social Development Department.

Hass, Hein De.(2005). International Migrtion, Remitances and Dvelopment: myths and Facts.*Third WoeldQuaeterly,* (26) 8, 1269-1284.

Nis,(2022). "*Observation*", https//ne.nsp-ie.org.

Richmond,Anthony.*(1993).*H.N.d.Reactive Migration: Sociological perspectives on Reugee Movements. *Center for Refugee Studies*, 5(6), 55-56.

Sedden,Devid; Gurung, Genesh; and Adhikari, Jaganath.(1998).*Foreign Labour Migration and the Remittance of Nepal,Himalaya, The Journal of the Associaion for Nepal and Himalayan Studies,* 18 (2), 55-59.

Verma, Dr. Madhuri.(2076). "Case Study Methods". Sociology Lecture Series#8.

Wallerstein L.(1974). *The Modern World System l, Capitalist Agriculture and Origins of the European World Economy in the sixteenth century.* New York Academic Press.

# प्रश्नावली

**बैदेशिक रोजगारमा समावेश भई विप्रेषण प्राप्त गर्ने घरमुलीकालागिप्रश्नावली** :

उत्तरदाताको नाम :

उमेर : स्थायी ठेगाना : लिङ्ग :

गा.पा/न.पा : वडा नं. : ,

धर्म : परिवार संख्याः पेशा :

**सामाजिक क्षेत्र :**

१.तपाईको कतिजना छोराछोरी वैदेशिक रोजगारमागएका छन् ?

| **छोराछोरी** | **संख्या** | **देश** |
|---|---|---|
| छोरा | | |
| छोरी | | |

२.वैदेशिक रोजगारमाजानु पूर्व तपाईका छोराछेरीहरु कस्तो विद्यालयमा पढाउनु हुन्थ्यो ?

क) सरकारी ख) निजी ग) सामुदायीक

३. वैदेशिक रोजगारमागए पछि तपाईको छोराछेरीहरु कस्तो विद्यालयमा पढाउन थाल्नु भयो ?

क) सरकारी ख) निजी ग) सामुदायीक

४. तपाईको परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएपछि छोराछोरीको शैक्षिकअवस्थामा परिवर्तन आएको छ?

क) छ ख) छैन

अ) यदि परिवर्तन आएको छ भने कस्तो परिवर्तन आएको छ ?

आ) यदिआएको छैनभने किनआएको छैन ?

५. तपाईको छोराछोरीहरुलाई कहाँ राखेर पढाउनु भएको छ ?

क) घर नजिकैको स्कुलमा ख) सदरमुकाममा

ग) काठमाण्डौमा घ) घर जजिकैको बजारमा

५. घर देखि बाहिर बस्नु हुन्छ भने परिवार नै बस्ने हो की पढने र पढाउने मात्रबस्नुहुन्छ ?

क) परिवारनै                                        ख) पढ्ने पढाउने मात्र

६. त्यसो हो भने के घरमा बस्नेहरुलाई समस्याभएको छ ?

क) छ                                        ख) छैन

अ) छ भने के समयाभएको हो उल्लेख गर्नुहोस् ।

७. वैदेशिक रोजगारमा गएपछि गरिने सामाजिककार्यहरु (विबाह,ब्रतबन्ध,पास्नी)आदिमा गर्ने खर्चमा परिवर्तन आएको छ ?

क) छ        ख) छैन

अ) यदिछ भने के कुरामा कस्तो परिवर्तन आएको छ ?

८. वैदेशिक रोजगारले तपाईको परिवारको सामाजिक सम्बन्धमा परिवर्तन ल्याएको छ ?

क) ल्याएको छ                                        ख) ल्याएको छैन

अ) यदिल्याएको छ भने कुन-कुन कुरामा परिवर्तन ल्याएको छ ?

आ) यदिल्याएको छैनभने किन परिवर्तन ल्याएको छैन ?

९. तपाई समाजमाहुने सामाजिकक्रियाकलापमा सहभागी हुनुहन्छ ?

क) हुन्छु                                        ख) हुदिन

अ) यदि हुनुहुन्छ भने केके मा संलग्न हुनुहुन्छ ?

१०. वैदेशिक रोजगारमाजानु अगाडी र अहिले लगाउने पोशाक(लुगा,गरगहना) मा परिवर्तन आएको हो ?

क) हो                                        ख) हैन

अ)यदिहो भने कस्तो परिवर्तन आएको छ ?

११ तपाईको विचारमा के मानिस वैदेशिक रोजगारले मानिसलाई विलाशी(कामनगर्ने बानि)जीवनविताउने उत्प्रेरीत गर्नमा सहयोग गरेको हो ?

क) हो                                        ख) हनै

अ)हो भने कसरी ?

१२. वैदेशिक रोजगार पछिको तपाईहरुमाखानपानमापनि के परिवर्तन आएको छ?

क) छ                                        ख) छैन

१३. अ)यदि छ भने कस्तो परिवर्तन आएको छ ?

१४. पहिले र अहिलेको समयमा स्वास्थ्यउपचार गर्ने तरिकामा परिवर्तन आएको छ ?

क) छ ख) छैन

अ) छ भने कस्तो परिवर्तन आएको छ ?

१५. वैदेशिक रोजगारमाजानु भन्दापहिला र पछाडीको कुनै चाडवाड⁄ दशैतिहार मनाउने तरिकामा परिवर्तन आएको छ ?

क) छ ख) छैन

१६. छ भने कस्तो परिवर्तन आएको छ ?

**आर्थिक क्षेत्र :**

१.तपाईको परिवारको मुख्य पेशा के हो ?

अ) कृषिआ) व्यापार इ) वैदेशिक रोजगार ई) नोकरी

२. तपाई जग्गाजमिन छ की छैन ?

क) छ छैन

अ) यदि छ भने तपाई संग कति छ ?

कं) १ देखि ५ कठ्ठा ख) ५देखि १० कठ्ठा ग) १० देखि २० कठ्ठा घ)२० देखि माथि

३.यति जग्गाजमिनको उब्जनीले खान पुग्छ त ?

क) पुग्छ ख) पुग्दैन

४.वैदेशिक रोजगारमागए पछि तपाईलाई मासिककति पैसा पठाईदिनु हुन्छ ?

क) १० देखि २० हजार ख) २० देखि ३० हजार ग) ३० देखि ४० हजार घ) ४० हजार माथि

५. वैदेशिक रोजगारमाजानु अघी तपाईको पारिवारिक, आर्थिक, सामाजिक र शैक्षिक पृष्ठभमी कस्तो थियो ?

क) राम्रो ख) ठिकठीकै

६. विदेशबाट पैसा पठाउनु हुदा कस्को नाममा पठाईदिनु हुन्छ ?

क) तपाईलाई ख) परिवारको सदस्यलाई

७. वैदेशिक रोजगरामागए पछि तपाईको पारिवारीक अवस्थामजबुदभएको हो ?हो भने के पक्षमामजबुदभयो ?

क) उपभोग खर्चमा ख) शिक्षामा

ग) जग्गाजमिनखरिद गर्नमा घ) व्यापार व्यवसाय सञ्चालन गर्नमा

७. विदेशबाट आएको पैसा सबैभन्दा बढी के माखर्च गर्नु हुन्छ ?

क) शिक्षा ख) स्वास्थ्य

ग) खाना ग) लगाउन(पोशाक)

८. विदेशबाट पैसा बाहेक अरु सामाननी पठाउनु भएको छ ? छ भने के सामान पठाउनु भएको छ ?

क) कपडा ख) इलेक्ट्रोनिक सामानहरु

ग) गरगहना घ) अन्य ..................

९.वैदेशिक रोजगार पछि खेति गर्ने काममा परिवर्तन आएको छ ? कस्तो परिवर्तन आएको छ ?

**बैदेशिक रोजगारबाट फर्कीएकाव्यक्तिकालागितयार पारिएको प्रश्नावली :**

उत्तरदाताको नाम :

उमेर : स्थायी ठेगाना : लिङ्ग :

गा.पा/न.पा : वडा नं. : धर्म :

परिवार संख्या : पेशा :

१.तपाईको वैदेशिक रोजगारमाजानु अगाडीको मुख्य पेशा के थियो ?

क) कृषि (ख) विद्यार्थी (ग) मजदुरी (घ) बेरोजगार

२. तपाईको यस पेशाले वार्षिक आम्दानीकतिथियो ?

३. तपाईको आम्दानीले खर्च गर्न पुग्थ्यो ?

४. तपाईको घरको घर कस्तो बनावटको हो ? (अवलोकनबाट)

क) कच्ची (ख) पक्की (ग) मिक्स दुवै

५.तपाई वैदेशिक रोजगारमाजानु पर्ने मुख्यकारण के थियो ?

क) घरपरिवारको सल्लाहले (ख) गरिबीको कारणले

ग) साथिभाई गएको देखेर (घ) धेरै कमाई गर्नको लागि

६. तपाईको वैदेशिक रोजगारमावार्षिक आम्दानीकतिथियो ?

(अ) त्यसो भएत्यो आम्दानी बढी के माखर्च गर्नु भयो ?

(क) पढाइमा (ख) जग्गाजमीनखरिदमा (ग) घर बनाउनमा (घ) ऋण तिर्नमा

ङ) अन्य

७. तपाई वैदेशिक रोजगारबाट किनफर्किनु भएको हो ?

क) छुट्टीमा आएको (ख) काम सकिएर (ग) कामगाह्रो भएर (घ) तलबथोर भएर

८. वैदेशिक रोजगारमागए पछि तपाईको परिवारको स्थितीमा परिवर्तन आएको छ ?बताउनुहोस् ।

९.वैदेशिक रोजगारले तपाईको परिवारको आर्थिक स्थितीमा परिवर्तन आएको छ ?

क) छ (ख) छैन (ग) झन खराब भएको छ

१०. वैदेशिक रोजगारमागए पछि तपाईलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ ? छ भने कस्तो परिवर्तन आएको छ ?

११. वैदेशिक रोजगारमाजानु अगाडी र पछाडीमा तपाईको परिवारलाई समाजले गर्ने व्यबहारमा परिवर्तन आएको छ ? छ भने कस्तो परिवर्तन आएको छ ?

१२. तपाई वैदेशिक रोजगारमाजानु अघि समाजिककार्यहरुमा कसरी सहभागीहुनुहन्थ्यो ?

क) ऋण लिएर (ख) आफ्नो पैसाले (ग) अन्य

१३. अहिले ति सामाजिककार्य गर्ने खर्च कसरी जुटाई रहनु भएको छ ?

क) आफ्नो कमाईले (ख) बचत पैसाले (ग) विदेशको कमाइले (घ) अन्य